CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"समानमस्तु वो मनो यथा वः सुसहासति ॥"

ॐ नमः शिवाय ॥

पोखरा चिसाखोला वेद विद्याश्रम

स्मारिका २०५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्मारिका

२०५६

वाल्मीकी-विद्यापीठ, काठमाडौं को पुस्तकालय लाई समर्पण
अध्यक्ष
पोखरा चिसाखोला वेद विद्याश्रम
सराङ्गकोट-६, कास्की

सम्पादक मण्डल

संयोजक : गंगाधर तिमिल्सिना

सदस्य : मोक्षनाथ तिमिल्सिना

सदस्य : तिलक पराजुली

प्रकाशक :
पोखरा चिसाखोला वेदविद्याश्रम,
सराङ्गकोट -६, चिसाखोला आश्रम, कास्की
पोष्ट बक्स नं. २५१
प्रकाशक :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पोखरा चिसाखोला वेदविद्याश्रम,
सराङ्गकोट -६, चिसाखोला आश्रम, कास्की
पोष्ट बक्स नं. २५१

प्रकाशित मिति : विजया दशमी २०५६
प्रकाशित प्रति : १००० प्रति

सहयोग स्वरुप रु. २५/=

कम्प्यूटर डिजाइन : सिमा कम्प्यूटर, सृजनाचोक,
पोखरा फोन नं. २८६०६

मुद्रक : मुनाल अफसेट प्रिन्टर्स
पालिखेचोक, पोखरा, फोन नं. २३५५५, ३१७००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हिन्दू सम्राट श्री ५ महाराजाधिराज सरकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

हालको भौतिक वादले घेरिएर अनेक तर्क गर्ने समयको सत् चिन्तनतिर भावानुभूतिलाई प्रवर्धन र चहकिलो होस् भन्ने धारणले पोखरा चिसाखोला वेद विद्याश्रमको संस्थागत उद्देश्यहरु, त्यसले गरेका क्रियाकलापहरु सनातन वेदिक धार्मिक ऐतिहासिक क्षेत्रमा भएका अनुभवलाई सम्पूर्ण सञ्जन समक्ष पुऱ्याउने माध्यामको रुपमा " स्मारिका" वार्पिक मुख पत्र प्रकाशन गर्ने उद्देश्य राखिएको हो । विद्याश्रमले आफ्नो उद्देश्य तथा लक्ष्य अनुरुप यस विद्याश्रमको पृप्टभूमि, प्रर्थना र धार्मिक लेख रचना समावेश गर्ने र त्यस अघि र हाल सम्म भएका कार्यक्रमको तस्वीर सहितको झलक प्रस्तुत गर्न यस पटक सकिएन । आदरणीय गुरुज्यूहरुले आ-आफ्नो व्यस्ततालाई पन्छाएर लेख र रचना पठाई सहयोग गरिदिनु भएकोमा अझ शाहस वढेको स्मरण गराउँदछौं ।

विद्याश्रमको मुख पत्र प्रकाशन द्वारा यथार्थताको र भविप्यको लागि पथ प्रदर्शन गर्न प्रकाश दिन्छ । हाम्रा पदाधिकारीज्यू हरुको हाम्रो पहिलो वर्पवाटै स्मारिका प्रकाशन गरी संस्थाको विगत र वर्तमानको सम्वन्ध वास्तविकताको वोध गराई हिन्दू धर्म संरक्षण एवं सम्वर्धन गर्ने अभिप्रायका लेख रचनाहरुको स्मारिका हुनु पर्दछ भन्ने सल्लाह भए वमोजिम विद्वान् गुरुवाट लेख रचनाहरु प्राप्त भएपछि पनि उहाँहरुको लेखहरु सवै समावेश गर्न सकेका छैनौं, त्यसको लागि हामी क्षमा प्रार्थी छौं । यो पहिलो मुख पत्र भएको कारण यसमा धेरै कमि कमजोरी हुन सक्छन् त्यस्ता कमि कमजोरीहरुलाई आगामी वर्पको मुखपत्रमा सुधार्दै लैजाने छौ । कमि कमजोरी सच्याउन र आवश्यक कुरा सुधार्ने समय दिन अनुरोध गर्दछौं ।

अन्त्यमा यस प्रकाशनको लागि लेख रचनाहरु पठाई सहयोग गर्ने हाम्रा विद्वान गुरुहरु मित्रहरुको साथै शुमकाना दिने आदरणीय गुरुज्यूहरुमा, विज्ञापन दिई सहयोग गर्ने शुभ चिन्तक विज्ञ संस्था एवं सज्जनहरुमा हार्दिक कृतज्ञता प्रकट गर्दै साधुवाद टक्र्याउदछौं ।

पोखरा चिसाखोला वेद विद्याश्रम
सराङ्गकोट -६ कास्की-
पोप्ट वक्स नं. २५१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संपादकीय

"आचार: परमो धर्मं श्रुत्युक्त : स्मांत एवच"
"आचारेण तु सेयुक्त : संपूर्ण फलभाग् भवेत"

यस प्रकार हाम्रो अख्तियार प्राप्त वेद एवं पुराण अनुसार वर्णाश्रमको ठूलो विशेपता छ । वर्णाश्रम मध्येमा सर्वप्रथम प्रारम्भहुने व्रह्मचर्याश्रम हो । मानव जीवनको सुरुमा जस्तो आचरण वन्यो जीवन पर्यन्त यस्तै आचरण रहन्छ, अत: शुद्ध आचरणको आस्वादन गर्नलाई वेदको नै अध्ययन गर्नु पर्दछ । त्यसैले आजको वहुतार्किक समयमा वेदाभ्यासद्वारा नै आत्मीय अन्तरको आचार आउन सक्ने र यस ठाउँको उद्देश्य समेत रहेकोहुंदा वेदविद्याश्रमको थालनी गरिएको स्मरण गराइन्छ ।

आर्कोतर्फ - समानी व आर्कुति : समाना हृदयानि व: ।
समानमस्तु वो मनो यथा व: सुसहासनि ॥ ऋग्वेद १० १९१ ४

'तपाईंहरुको कार्यक्षेत्र समानहोस् भावनाको केन्द्र भएको हृदय एकहोस् संकल्पको मूल मन र विवेक पनि समान होस् जसलेगर्दा तपाईंहरु संगठित एकात्मक भएर वस्न सक्नुहोस् । '

भन्ने जस्ता भावनाफैलाउन पनि विद्याश्रमको खाँचो पर्न आएकोहो । वेदाध्ययन गर्नु हिन्दू धर्मको प्रथम कार्य हो । यसैलाई आधार मानेर व्रतवन्धमा कुमारलाई वेदपढाउने परंपरा आएको हो । वेद भित्र आचरणको वर्णन हुन्छ । धार्मिक यज्ञ र कार्यहरु वेदका विधि र आचरण अनुसार गर्नु पर्दछ । यो नै शास्त्रीय विधि हो । यस विधि विपरित भएमा यज्ञादिहरु निन्दनीय हुन्छन् । तर द्रव्योपार्जन गर्नेहरुवाट आज वेद विधि विनाका यज्ञ एवं कर्महरु गरे गराएको पनि विवस भएर हेरिरहनु परेकोछ ।

यस्ता भावात्मक मार्मिक कुराहरुलाई पनि जानकारी लिनु र धर्मको खास उद्देश्य वुझ्न पनि वेदध्ययन हुनु पर्दछ , आदि कारणवाट यस आश्रमको थालनी भएको हो ।

अन्तत : यस स्मरिका लाई शुभकामना दिई म. सं. वि. वि का उपकुल पति माधवराज गौतमज्यू, सनातन धर्म सेवा समितिका केन्द्रीय अध्यक्ष मुकुन्द शरण उपाध्यायज्यू ले स्मारिकाको गौरव र मूल्यमान वनाईदिनु भएको छ । स्मारिकाको प्रकाशनमा अमुल्य रचनाका दिइ सहयोग गर्ने संम्पूर्ण विद्वानहरु समेतमा सादर कृतज्ञता टक्रयाउँदछौ । यस्तै विज्ञापन दिनु हुने संस्था वा व्यक्तिहरु, हामीहरुलाई लेख रचनाहरु कम्प्यूटर प्रिन्ट गर्नमा , कम्प्यूटर डिजाइन तथा शुद्धा शुद्धि गर्ने कार्यमा विशेप सहयोग गर्ने श्री पुप्प राज तिवारी एवं न्यू सिमा कम्प्यूटर सृजनाचोक पोखराले आफ्नो व्यस्ततालाई छोडेर हाम्रो काम गरिदिनु भएकोमा धन्यवाद दिन्छौं साथै स्मारिका मुद्रण गरिदिन सहयोग गर्ने मुनाल अफ्सेट प्रिन्टर्सलाई धन्यवाद दिन्छौं । स्मारिका प्रकाशनको क्रममा हामीलाई विभिन्न विद्वानहरुवाट अमुल्य रचनाहरु प्राप्त भएका छन् तापनि अर्थाभावको कारण सवै रचनाहरु राख्न सकेका छैनौं । समावेश भएका लेख रचानहरु उच्चस्तरका, मध्यम र नवोदित प्रतिभालाई समावेश गरिएको छ जसले पाठक वर्गमा धार्मिक चेतनाको वृद्धि हुने छ भन्ने विश्वास लिएका छौं । रचना उच्चस्थरका धेरै छन्, वेदान्त एवं दर्शनले ओतप्रोत र संस्कृत श्लोक भएकाले गम्भिरताका साथ अध्ययन गर्नु पर्ने छन् । अर्को प्रकारका लेखहरु नवोदित प्रतिभालाई प्रोहत्सानका लागि राखिएका छन् । यो मुख पत्रको सम्पादनमा भए गरेका भुल प्रति क्षमा याचना गर्दछौं । श्रद्धालु धर्मसुमन सज्जनहरुलाई धर्मको पवित्र सेवामा मद्दत मिलोस् भन्ने प्रार्थनाका साथ वि.सं. २०५६ को विजया दशमी एवं शुभ दीपावलीको उपलक्ष्यमा समस्त हिन्दूधर्मावलम्वी तथा पाठक वर्गमा हार्दिक शुभेच्छा प्रकट गर्दछौं ।

संपादक समूह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फोन न ८-२१५१०

उप-कुलपतिको कार्यालय
OFFICE OF THE VICE-CHANCELLOR

महेन्द्र संस्कृत विश्वविद्यालय
काठमाण्डौ कार्यालय, बसन्तपुर
पो.ब.न. ५००३

Mahendra Sanskrit University
Kathmandu Office
Basantapur, Kathmandu
P.O Box No. 5003
Date/दिनाङ्क ....

In reply please refer to
पत्र संख्या :-

चलानी नम्बर:-

विषय:- **शुभकामना**

आर्यसंस्कृति र मानव सभ्यताको जननी पुण्यभूमि नेपालको पश्चिमभागमा अवस्थित शुक्ला गण्डकीद्वारा अभिषिञ्चित नैसर्गिक-सुषमासम्पन्न पोखरा नगरीमा वेदविद्याश्रमको स्थापना गरी वैदिक सनातन धर्मको संरक्षण तथा संस्कृतवाङ्मयको समुत्थान गर्ने पवित्र उद्देश्य लिएर चीसाखोलास्थित ब्रह्मचर्याश्रमका सञ्चालक अग्निहोत्री पं. केदारनाथ उपाध्यायको संरक्षकत्वमा स्थापित वेदविद्याश्रमद्वारा वेद, व्याकरण, कर्मकाण्ड आदि विषयहरूको पठन-पाठनका साथै धार्मिक एवं सांस्कृतिक अवसरहरूमा यज्ञ-याग, प्रवचन, भजन, कीर्तन आदि कार्यहरूको सम्पादन गरिंदै आएको समेत अवगत हुँदा मलाई ज्यादै प्रसन्नताको अनुभूति भएको छ ।

आजको उपभोक्तावादबाट विसंगत बन्दै गएको समाजलाई सदाचार एवं सद्विचारको संगतिद्वारा आबद्ध गर्ने महनीय कार्यको शुभारम्भका साथै नेपाली जनजीवनमा आध्यात्मिक र सांस्कृतिक चेतनाको जागरण गराउन संस्थाबाट थालिएको यो प्रयास प्रशंसनीय छ । अझ त्यसमा संस्कृतवाङ्मयको अध्ययन र अनुशीलन गर्ने प्रक्रियाको थालनीबाट सुनमा सुगन्ध थप्ने कार्य भएको मैले महसूस गरेको छु ।

आफ्नो लक्ष्य अनुसार कार्यक्रम संचालन गर्ने सन्दर्भमा आगामी शुभविजया दशमीको पावन अवसर पारेर धार्मिक लेख-रचना समावेश गरी हुनलागेको स्मारिका प्रकाशनबाट यस संस्थाको छवि अझ चहकिलो हुने कुरामा म विश्वस्त छु ।-

अन्त्यमा मानव मात्रको चारित्रिक र वैचारिक उत्थानमा प्रत्यक्ष सहयोग पुऱ्याउन सक्ने यस्ता कार्यक्रमहरूको योजना र कार्यान्वयनद्वारा हाम्रा शाश्वत मूल्य र मान्यताको संरक्षण तथा संवर्धन गर्ने कार्यमा योगदान पुऱ्याउन निरन्तर क्रियाशील रहनु हुने संस्थाका अध्यक्ष एवं सदस्यहरू लगायत सबै सहयोगी सज्जनहरूप्रति धन्यवादज्ञापन गर्दै यस वेदविद्याश्रमको उत्तरोत्तर समुन्नतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

'तमसो मा ज्योतिर्गमय'

२०५६ भाद्र १७
श्रीकृष्णजन्माष्टमी

माधवराज गौतम
उपकुलपति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना

"धर्मो विश्वस्य जगतः प्रतिष्ठा"

श्री चिसाखोला ब्रह्मचर्याश्रम र अग्निहोत्रशालाको पृष्ठभूमिमा नेपालकै ऐतिहासिक वेदविद्याश्रम चिसाखोला तपोवनमा नयाँ वेदविद्याश्रमको स्थापना गर्ने प्रयत्न हुन लागेको थाहा पाउँदा अत्यन्त खुशी लाग्यो । यस अवसरमा सनातन धर्म सेवा समिति नेपालका तर्फबाट कार्यक्रमको सफलताका लागि हार्दिक शुभकामना अर्पित गर्दछु र सम्बन्धित सबैलाई भगवती विन्दुवासिनी माईले शक्ति प्रदान गर्नुहुनेछ भन्ने प्रार्थना गर्दछु ।

मुकुन्दशरण उपाध्याय

०५६।६।७

- मुकुन्दशरण उपाध्याय
केन्द्रीय अध्यक्ष
सनातन धर्म सेवा समिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय सूची

१. स्वास्तिवाचन : १
२. स्तुति २
३. एक श्लोकी गाथा ३
४. प्रकृतिको निर्माण परम कर्तव्य ४
५. विचार विज्ञान ९
६. नेपाली वैवाहिक संस्कृति एक अध्ययन १७
७. चेक पोप्ट २१
८. फूलवारी २१
९. पोखरा चिसा खोला आश्रम हिजो आज र भोली २२
१०. वेद सागरमा छचल्किदा २५
११. धर्म- सदाचार सदविचार वाह्य र आन्तरिक मर्म पहिलो कर्म दस्रो ज्ञान २७
१२. मांसाहार उचितकि अनुचित २८
१३. PEEPAL TREEE AT A GLANCE ३१
१४. वातावरणीय सन्तुलन र हाम्रा धर्म संस्कृतिको मर्म ३३
१५. शक्ति पूजाको आवश्यकता किन ? ३५
१६. शिखा रहस्य ३७
१७. कलि यूगको प्रभाव ३९
१८. उपेक्षित ऐतिहासिक स्थल चिसांखोला आश्रम ४०
१९. मानव र शक्ति भक्त र भगवान ४२
२०. वेद एवं हिन्दू संस्कृतको संरक्षण ४३
२१. चिसाखोला वेद विद्याश्रमको एक नयाँ झलक २०५६ ४४
२२. आर्थिक प्रतिवेदन २०५६ ४५
२३. कार्य समितिका सदस्यहरुको नामावली ४६
२४. धन्यवाद ज्ञापन ४७
२५. आजीवन सदस्य नामावली ४८
२६. साधारण सदस्य नामावली ५०
२७. विज्ञापनहरु ५१-५७

पोखरा चिसा खोला वेद विद्याश्रले स्मारिका २०५६ प्रकाशन गर्न लागेकोमा यस्को उत्तरोत्तर प्रगतिको कामना गर्दै हाम्रा समस्त ग्राहक, तथा विद्यार्थी वर्गमा विजया दशमी तथा शुभ दीपावली को हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

हाम्रा सेवाहरु :-
कम्प्यूटर शिक्षा, सेक्रेटिरियल सर्भिस, कम्प्यूटर सेल्स, मेन्टनेन्स सर्भिस का लागि हामीलाई सम्झनुहोस

सिमा कम्प्यूटर
सृजनाचोक पोखरा
फोन नं. २८६०६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पोखरा चिसा खोला वेद विद्याश्रमको उत्तरोत्तर प्रगतिका साथै सम्पूर्ण कास्की जिल्ला बासीहरुलाई २०५६ सालको विजया दशैं र दीपावलीले शुख शान्ति प्रदान गरुन भन्ने हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्रीनाथ वराल
उपसभापति

पुण्य प्रसाद पौडेल
सभापति

तथा
जि.वि.स परिवार
कास्की

पोखरा चिसा खोला वेद विद्याश्रमको उत्तरोत्तर प्रगतिका साथै शुभ विजया दशमी तथा दीपावली २०५६ को पावन अवसरमा समस्त अभिभावक, विद्यार्थी र शुभेच्छुकहरुमा शुख संबृद्धि, सु-स्वास्थ्य एवं दीर्घायूको कामना गर्दछौं ।

नवदीप वोर्डिङ्ग स्कूल,
परिवार
पोखरा-५ प्रर्स्याङ्ग
३०९३७



ठूला वडाको द्वेप(रिस) गर्नाले मृत्य हुन्छ । अर्काको विरोध गर्नाले धन नाश हुनछ, राजको द्वेप गर्नाले आपनो नाश हुन्छ , ब्राह्मणको रिस गर्नाले कुल नै क्षय हन्छ ।
-चाडक्य नीति आठऔ अध्यायको ११ औ श्लोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वस्ति वाचन

आनो भद्रा॰ क्रतवो यन्तु विश्वतोऽदब्धासोऽअपरीतासऽ उद्भिदः। देवानो यथा सदमिद्वृधेऽ असन्नप्रायुवो रक्षितारो दिवे दिवे ॥१॥ देवानां भद्रासुमतिर्ऋजुयतां न्देवानां रातिरभि नोनिवर्तताम् ॥ देवानां सख्यमुपसेदिमा व्वयंन्देवा न ऽ आयू॰ प्रतिरन्तुजीवसे ॥ २॥ तान्पूर्वया निविदा हूमहे वयं भगं म्मित्रमदितिंन्दक्षमस्त्रिर्धम् ॥ अर्यमणवरुण ॱ सोममश्विना सरस्वती न॰ सभगामयस्कत् ॥ ३ ॥ तन्नो वातो मयोभुवातु भेषजंन्तन्माता पृथ्वी तत्पिता द्यौ॰ तद्ग्रावाणःसोमसुतो मयोभुवस्तदश्विना श्रृणुतन्धिष्ण्यायुवम् ॥ ४॥ तमीशानञ्जगतस्तस्थुषस्पतिन्धियंञ्जिन्वभवसे हुमहेवयम् । पुषा नोयथा वेदसामसद्वृधे रक्षिता पायुरदब्ध॰स्वस्तये ॥ ५॥ स्वस्ति नऽइन्द्रो वृद्धश्रवा॰स्वस्ति नः पुषा विश्ववेदा॰ । स्वस्ति नस्ताक्ष्योअरिष्टनेमि॰ स्वस्तिनो बृहस्पतिर्दधातु ॥ ६ ॥ पृषदस्वा मरुत॰ पृश्निमातर॰ शुभंयावानो विदथेषु जग्मय॰ । अग्निजिव्हा मनव॰सूरचक्षसो विश्वैनो देवाऽअवसा गमन्निह ॥ ७ ॥ भद्रंकर्णेभि॰ श्रुणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्रा॰। स्थिरङ्गैस्तुष्टुवा सस्तनूभिर्व्यसेमहि देवाहितं यदायुः॥ ८ ॥ शतमिन्नु शरदोऽअन्ति देवा यत्रा नश्चक्रा जरसं तनूनाम् । पुत्रासो यत्र पितरो भवन्ति मा नो मध्या रीरिषतायुगन्तो॰ ॥९॥ अदितिर्द्यौर दितिरन्तरिक्षमदितिर्माता स पिता स पुत्र॰ । विश्वेदेवाऽअदिति॰ पंचजनाऽअदितिर्जातमदितिर्जनित्वम् ॥ १० ॥ द्यौः शान्तिरन्तरिक्ष ॱ शान्तिः पृथिवीशान्तिराप॰ शान्तिरोषधय॰ शान्ति :- । बनस्पतयः शान्तिर्विश्वेदेवा॰ शान्तिब्रह्मशान्ति॰ सर्व ॱ शान्ति शान्तिदेव शान्ति॰सामाशान्तिरेधि ॥ ११॥ यतो यत॰ समीहसे ततो नोऽअभयं कुरु । शंनः कुरु प्रजाभ्योऽभयन्न॰ पशुभ्यः॥१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. गणेशस्तुति :-

प्रातः स्मरामि गणनाथ-मनाथवन्धु सिंदूरपूरपरिशोभितगण्डयुग्मम् । उद्दण्डविघ्न परिखण्डनचण्डदण्डमाखण्डलादिसुरनायकवृन्दवन्द्यम् ॥ प्रातर्नमामि चतुराननवन्द्यमानमिच्छानुकूलमखिलं च वरं ददानम् । तं तुन्दिलं द्विरसानधिपयज्ञसूत्रं पुत्रं विलासचतुरं शिवयोः शिवाय ॥ प्रातर्भजाम्यभयदं खलु भक्तशोकदावानलं गणविभुं वरकुञ्जरास्यम् । अज्ञानकाननविनाशनहव्यवाहमुत्साहवर्धनमहं सुतमीश्वररस्य ॥ श्लोकत्रयमिदं पुण्यं सदा साम्राज्यदायकम् । प्रातरुत्थाय सततं य : पठेत्प्रयत : पुमान् ॥

२. सूर्यस्तुति :

प्रात : स्मरामि खलु तत्सवितुर्वरेण्यं रुपं हि मडण्लमृचोऽथ तनुर्यजूंषि । सामानि यस्य किरणाः प्रभादिहेतुं व्रह्मोहरात्मकमलक्ष्यमचिन्त्ययरुपम् ॥ प्रातर्नमामि तरणिं तनुवाङ्मनोभिर्वहमेन्द्र पूर्वविवुधैर्नुतमार्चितं च । वृष्टिप्रमोचनविनिग्रहहेतभूतं त्रैलोक्यपालनपरं त्रिगुणात्मकं च ॥ प्रातर्भजामि सवितारमनन्तशक्ति पापौघशत्रुभयरोग हरं परं च । तं सर्वलोककलनात्मककालमूर्ति गोकण्ठवन्धन विमोचनमादिदेवम् ॥ श्लोकत्रयभिदं मानोः प्रीत : प्रातः पठेत्तु यः । स सर्वव्याधिनिर्मुक्तः परं सुखमवाप्तुयान् ॥

३. देवस्तुति :-

प्रात : स्मरामि शदीन्दुकरोज्ज्वलाभां सद्रन्तवन्मकरत्कुण्डलहारभूपाम् । दिव्यायुधोर्जितसुनीलसहस्रहस्तम रक्तोंत्पलाभरचरणं भवतीं परेशाम् ॥ प्रातर्त्नमामि महिपासुरचण्डमुण्डशुम्भासुरप्रमुखदैत्यविनाशदक्षाम् । वह्मेंन्रुद्र मुनिमोहनशीललीलां चण्डी समस्त सुरमूर्तिमनेकरुपायम् ॥ प्रातर्भजामि भजतामभिलाषदात्रीं धात्रीं समस्तजगतां पुरितापहन्त्रीम् । संमारवन्धनविमोचनहेतुभूतां मायां परामधिगतस्य परस्य विष्णो : ॥ श्लोकत्रयमिदं देव्याश्रचण्डिकाया :मठेन्नर : । सर्वान्कामानवाप्नोति विष्णुलोके महीयते ॥

४. विष्णुस्तुति :-

प्रातः स्मरामि भवभीतिमहाआर्तिशान्त्यै नारायणं गरुडवाहनमब्जनाभम् । ग्राहाभिभूतवरवारणभुक्तिहेतुं चक्रायुधंतरुणवारिजपत्रनेत्रम् ॥ प्रातर्नमामि मनसा वचसा च मूर्ध्नापादारविन्दयुगलं परमस्य पुंसः । नाराणयस्य नरकार्णवतारणस्य पारायणप्रवणविप्रपरायणस्य ॥ प्रातभंजामि भजतामभयङ्करं नं प्राक् सर्वजन्मकृतपापभयापहत्यै । यो ग्राहवक्रपडिताङ्ध्रिगजेन्द्रघोरशोकप्रणशनकरो धृतशंखचक्रः ॥ श्लोकत्रयमिदं पुण्यं प्रात प्रीत : पठेन्नर :। लोकत्रयगुरुस्तस्यै दद्यादात्मपद हरिः ॥

५. शिवस्तुति :-

प्रात : स्मरामि भवभीतिहरं सुरेशं गङ्गाधरं वृपभवाहनमम्विकेशम् । खट्वाङ्गशूलवरदाभयहस्तमीशं संसाररोगहरमौपधमद्वितीयम् ॥ प्रातर्नमामि गिरिशं गिरिजार्वदेहं सगस्थितिप्रलयकारणमादिदेवम् । विश्वेश्रं विजितविश्वमनोभिरामं संसाररोगहरमौपधमद्वितीयम् ॥ प्रातर्भजामि शिवमेकमन्नतमाध्यम वेदान्तवेद्यमनवं पुरुपं महान्तम् । नामादिभेदरहितं च विकारशून्यं संसाररोगहरमौपधमद्वितीयम् ॥ प्रात : समुत्याय शिवं विचिन्त्य श्लोकत्रयं येऽनुदिनं पठन्ति । ते दुःखजात बहुजन्मसञ्चितं हित्वा पदं यान्ति तदेव शम्भो : ॥

६. सरस्वती स्तुति :-

शेतपद्मसना देवी श्वेतगन्धानुलेपना । अर्चिता मुनिभि : सर्वैर्ऋपिभि : स्तूयते सदा ॥ एवं ध्यात्वा सदा देवीं वाञ्छितं : लभते नर : ॥१॥ शुक्लां व्रह्मविचारसारपरमामाद्यां जगद्व्यापिनीं वीण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तकधारिणीमभयदां जाडचान्धकारापहाम् ॥ हस्ते स्फाटिकमालिकां विदधती पद्मासने संस्थितां वन्दे तां परमेश्वरीं भगवती वुद्धिप्रदां शारदाम् ॥२॥ या कुन्देन्दुतुपारहारधवला या । शुभ्रवस्त्रावृता या वीणावरदण्डमण्डितकरा या श्वेतपद्मासना ॥ या व्रह्मच्युतशङ्करप्रभृतिभिर्देवै : सदा वन्दिता सा मां पातु सरस्वती भगवती निःशेप जाडचापहा ॥३॥

७. गुरु वन्दना :-

ॐ गुरुर्व्रह्मा गरुर्विष्णुर्गुरुर्देवो महेश्वर : ।
गुरुः : साक्षात्पर व्रह्म तस्मै, श्री गुरवे नम : ॥१॥
अखण्ड मण्डलाकारं, व्याप्तं येन चराचरम् ।
तत्पदं दर्शितं येन, तस्मै श्री गुरवे नमः ॥२॥
अज्ञानतिमिरान्धस्य, ज्ञानाञ्जनशलाकया ।
चक्षुरुन्मिलितं येन, तस्मै श्री गुरवे नम : ॥३॥

एक श्लोकी गाथा

सुरेन्द्र प्रसाद पराजुली
पोखरा ५ पर्स्याङ्ग

रामायण

आदौ राम-तपोवनादिगमनम् हत्वा मृगं काञ्चनम्,
वैदेही -हरणं जटायू मरणं सुग्रिव-सम्भापणम् ।
वाली निर्दलनं समुन्द्र तरणं लंकापुरी दाहनम्,
पश्चात् रावण-कुम्भकर्ण हननं एतद्वि रामयणम् ॥

२. महाभरतम्

आदौ पाण्डव-धार्तराप्ट्र जननं लङ्कागृहे दाहनम्,
द्युते श्री हरणं वने विचरण् मत्स्यालये वर्तनम् ।
लीलागोगृहणम् रणे विरहणं सन्धिक्रियाजृम्भणम् ।
पश्चाद् भीप्म-सुयोधनादि हननं एतन्महाभारतम् ॥

३. भागवतम्

आदौ देवकिदेव गर्भजननम् गोपीगृहे वर्धनम्,
माया पुतन जीवतापहरणं गोवर्द्धनोद्धारणम् ।
कंसच्छेदन-कौरवादिहननम् कुन्तिसुतापालनम्,
एतद्भागवतं पुराण कथितम् श्रीकृष्ण लीलामृतम् ॥

कल्याण पत्रिकाबाट साभार

१. " कुनै पनि राप्ट्रमा धर्म संस्कार संस्कृति रहन सकेन भने त्यो देश को कुनै अस्तित्व रहँदैन "- शंकराचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकृतिको निर्माण परम कर्तव्य

प्रा.डा.राधाकृष्ण अधिकारी
वाल्मिकी विद्यापीठ, काठमाडौं

धार्मिक विज्ञानले विधान गरेका विधिहरुको अनुष्ठानले वरलोकमा पनि फल दिन्छ । परलोकमा पनि फल दिन्छ । वरलोकको फल पाएसम्म परलोकको फलको कल्पना हुन्न । "लभ्यमाने फले दृष्टे नादृष्ट परिकल्पना" भनेर आचार्यहरुले पनि त्यही कुरा भनेका छन् । त्यसैले यस लेखमा पनि धार्मिक विज्ञानको अनुष्ठानले प्राप्त हुने यस लोकका फाइदाहरुलाई नै प्रधानता दिई, त्यसमा पनि प्राय: लोकले देखे सुनेका विपयहरु तर अनुभव गरी व्यवहामा उर्तान नसकेका विपयहरुलाई अनुभूति गराई व्यवहारमा उर्तान प्रेरणा गरिन्छ । चिनी मिठो हुने रछ, भन्ने वोध भएपछि चिनी खान प्रवृत्त भए सरह धार्मिक विज्ञानले विधान गरेका विधिहरुको अनुष्ठान गरेपछि मात्र सम्पूर्ण फाइदाहरु वास्तवमा प्राप्तहुने रछन्, भन्ने वोध भएर धार्मिक विज्ञानले विधान गरेका विधिहरुको अनुष्ठान गर्न लोक प्रवृत्त हुनेछ र शाहवंशको छत्रछायामा सुरक्षित जनताले धार्मिक विज्ञानको अनुष्ठानवाट प्राप्त परिणामले सुख शान्ति र समृद्धि हासिल गर्नेछ भन्ने आशा गरिन्छ ।

संसार विचित्र छ । त्यस्मा मनुष्य यौटा यस्तो प्राणी छ जसले जे पनि गर्न सक्छ र जसले केही पनि गर्न सक्दैन अर्थात धर्मरुप साधन तयार पारेको छ भने त्यस धर्म अनुरुपको जे पनि साध्य सम्पन्न गर्न सक्छ त्यो त छैन भन्ने धर्मेण हीना पशु भि, सगाना:' भनेकै छ । जस्तो पशुले कुनै पनि अभीष्ट सम्पन्न गर्ने कृया गर्न सक्दैन । खाली आहारा र निद्रा भय आदि मात्र उसमा रहन्छन् धर्म नभएको मानिस पनि ततुल्य हुन्छ ।

कार्यकारण भावको वोध धार्मिक विज्ञानले गराउँछ । त्यसको वोध गँरि अभीप्ट सिद्व गर्न मनुष्यलाई विधाताले मन, वुद्वि, इन्द्रिय र प्राणहरु प्रदानगरेका छन् । यिनीहरु मनुष्यका अभीप्ट सिद्विका साधनहरु हुन् । यि साधनहरुलाई अभीप्ट सिद्व गर्न प्रयोग गर्नु पर्छ, खराव कुराको सृजना गर्न यि साधनहरुलाई प्रयोग गर्न हुन्न । जुन खरावीहरु समाजमा भएका छन् । तिनीहरु धार्मिक विज्ञानको वोध नहुनाले भएका छन् ।

जस्तो धर्म ,साधन र साध्यरुप दुवै कोटिको हुन्छ । त्यस्तै मन, वुद्वि, इन्द्रियहरु, प्राणहरु पनि साधन र साध्यरुप दुवै कोटिमा रहन्छन् मन, वुद्वि, इन्द्रयहरु प्राणहरुलाई स्वच्छ, सवल र प्रतिभावान पार्ने क्रियाहरुको अनुप्ठान धार्मिक विज्ञानले वताउँछ भने तिनीहरुवाट सम्पन्न गर्नुपर्ने र सम्पन्न हुने पुरुसार्थ सिद्विका स्वरुपहरुको पनि निष्पत्ति र प्रकारहरु वताउँछ ।

मनुष्य शरीर अनन्त वीजहरुको एउटा भण्डार हो । मनुष्यले जन्मनु जन्म आर्जन गरेका कर्महरुको संस्कारहरु उस्को शरीरमा वासनारुपले एकत्रित भएर रहेका हुन्छन् । पृथ्वी जस्तै मनुष्य शरीर हो । जुन वीजले अङ्कुराउने फस्टाउने अवसर पाउँछ । त्यही वीज अङ्कुरीत हुन्छ र फस्टाउँछ ।

आफ्ना शरीरमा रहेका अनन्त तत्वहरु मध्ये आफ्नो अभीप्ट सम्पन्न गर्ने तत्वलाई उदवुद्ध पार्नु मानवको कर्तव्य हो ।

धार्मिक विज्ञानले अभीप्टशिद्धिका साधनहरुको निर्देश गरेको छ । अर्थ अनर्थको निर्धारणका साथै अर्थको उत्पादकत्व र अनर्थको निवारक तत्वको पनि निर्धारण गरेको छ । अर्थका उत्पादकतत्वहरुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवलम्वन गर्न र अनर्थका उत्पादक तत्वहरुको परित्याग गर्न पनि अर्थानर्थका परिमाणहरुको भलीभाँति निर्देश गरेको छ ।

अर्थको परिहार गरी अर्थको सिर्जना गर्नु पुरुसार्थ हो । अनर्थको परिहार गरी अर्थको सिर्जना गर्ने उपायहरुको निर्देश धर्मशास्त्रले गर्दछ । धर्मशास्त्रले अर्थको सिर्जना गर्ने उपायहरुको निर्देशका साथै त्यसमा पुरुपलाई प्रवृत्त गराउन रोचक फल श्रुतिको अभिधान पनि गर्दछ ।

धर्मशास्त्र अनन्त रत्नहरुको भण्डार हो । त्यस भण्डारमा पाउन नसकिने कुनै पनि कुरो छैन । संसारमा जतिपनि पदार्थहरु विद्यमान छन् तिसारा पदार्थहरु धर्मशास्त्रले निर्देश गरेका उपायहरुको अवलम्वन गरेमा मात्र पाइन्छन् । धर्म शास्त्रले निर्देश गरेका अवलम्वन गरेर पदार्थहरुको उपलब्धि गरेमा मात्र त्यस उपलब्धिलाई न्यायिक उपलब्धि मान्निछ । न्यायिक उपलब्धिले यस लोकलाई त सुख शान्ति र समृद्धि पार्छ नै त्यसका साथै परलोकलाई पनि सुख शान्ति र समृद्धि तुल्याउँछ ।

यस द्वैधात्मक जगत्मा हरेक पदार्थहरुको द्वैधभावहरु छन् । यौटो भाव राम्रो छ भने त्यसको अर्को भाव नराम्रो छ । व्रह्माको सृप्टि नै द्वैधात्मक भएको ले अद्वैत तत्व फेला पार्न गाहारो छ । जुन तत्व फेला पार्नु नै पुरुपको अन्तिम प्रयोजन (पुरुसार्थ) हो । त्यस तत्वलाई व्रह्माजीको सृप्टि भित्र सिर्जना भएका पदार्थहरु या तत्वहरु भित्र फेला पार्न सकिन्न । व्रह्माको सृप्टि भित्रका तत्वहरुको नियमहरुको धार्मिक विज्ञानको सम्यक वोध र परिपालन भए पछि मात्र पुरुपले प्राप्त गर्नु पर्ने त्यस अनन्त आनन्द दायक तत्वको प्राप्ति हुन्छ । दूधवाट दही, दहीवाट प्राप्ति भएजस्तै अन्तिम पुरुपार्थ पनि हो । हुन त घिऊ त्यही दुधवाट दही, दहीवाट घिऊ हुने हो । तर विना क्रिया त्यस दुध र दहीमा घिऊको मुर्तरुप फेला पार्न सकिन्न । त्यस्तै व्रह्माकोसृप्टि अर्न्तगतका विधि विधानहरुको स्वरुपमा त्यस अमूर्त अनन्त आनन्दलाई फेला पार्न सकिन्न । तर तिनै विधि विधानहरुको सम्यक् वोध र संम्यक परिपालन एवं संम्यक अनुप्ठान भए पछि राम्रो आँप , कटहर आदिको वीज उपयुक्त भूमिमा रोपेर हिफाजतसँग सिहार सुसार गरेर उम्री वढी फली पाकी तयार भएपछि खाँदाखेरी प्राप्त हुने मधुर स्वाद र सन्तुप्टी जस्तै त्यो अनन्त आनन्द तत्व पनि प्राप्त हुन सक्दछ ।

छन त आँप कटहर आदिको वीजमा नै मधुर स्वाद दिने फल सम्मका सारा पदार्थहरु अन्तरनिहित छन् । तर विधिपूर्वको क्रिया विना तिनीहरु उपलब्ध हुन सक्दैनन् । जंगलमा फलेर पाकेका आँपको पनि कुनै एक क्रियाकारक छ र नै फलेर पाकेको छ ।

चाहे गृह उद्यानको होस् चाहे जङगलको त्यसलाई विनास गर्ने तत्वले क्षति पुऱ्याएमा त्यो उम्रेर वढेर फलेर पाकेर मधुर स्वाद दिन सक्ने वन्दैन । त्यसैले त्यस्ता विनासकारी तत्वलाई असुर दानव या राक्षस आदि संज्ञाले निर्देश गरिन्छ ।

द्वैधात्मक सृप्टि हुनाले देवता र दानव दुवै थरीको सृप्टि व्रह्मले नै गर्नु भएको हो । दुवै उनैका सन्तान हुन् । दुवै उनैका सन्तान हुनाले दानवहरुको पनि जव सम्म विधिका विधानको उल्लङ्घन गर्दैनन् विधिपूर्वकको तपस्या गर्दछन् तवसम्म त्यस तपस्या अनुरुपको फल प्रदान गरेकै हुन्छन् । जव उन्मत्त भएर प्रमत्त भएर प्राप्त तपस्याको वरको दुरुपयोग गर्दछन् अनि मात्र दानवहरुको संहार गर्दछन् । यसका लागि पुराणहरुमा वताईएका अनेक कथाहरु इतिहासहरु ज्वलन्त उदाहरणहरु छन् । यँहा भनिरहनु पर्दैन र वर्तमान जगतमा पनि सूक्ष्म दृप्टिले निहालेको अवस्थामा 'सत्यमेव जयते नानृतम्' धर्मो रक्षति रक्षत : भन्ने आम्नाय अनुरुपका परिणमहरु प्रत्यक्षगोचर हुन सक्दछन् ।

मानवको शरीरमा दैवीभाव र आसुरी भाव मात्र अन्तरनिहित छैनन् । व्रम्म्मले देवता र दानवको मात्र सृप्टि गरेका छैनन् अपितु अनन्त तत्वहरुको सिर्जना गरेका छन् । तत्वहरु अनन्त छन् । कपिल महामुनिले पच्चीस वर्पको परिगणन गर्नुभएको त मानव देह सम्पत्तिको रुपमा रहेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्वहरुको परिगणन गर्नु भएको हो । ती तत्वहरुमा अन्तरर्निहित भएका तत्वहरु त अनन्त छन् । यस्मा कालमाधवकार माधवाचार्यले कपिल महामुनिका पच्चीसतत्व भित्र परिगणित नभएको 'काल' नामक तत्वको स्थापना गर्दा ऋग्वेदले वताएका औपधिहर धनुर्वेदले वताएका ज्यातिप्टोमादि यागादिहरु' आयुर्वेदले वताएका गान्दर्भदेवले वताएका स्वरहरुको पनि संग्रह कपिलमहामुनि पच्चीस तत्व मा भएको छैन भन्दैमा तत्वहरु होइनन् भन्न त मिल्दैन भन्दै काल नामक तत्वको स्थापन गरेका छन । त्यसैले पच्चीस तत्व भित्र अनन्त तत्वहरु अर्न्तर्निहित छन् । यस कुरालाई प्रत्यक्ष अनुभव गर्न टाढा पुग्नु पर्दैन । लोक व्यवहार र त्यसको परिणाम हेरेको खण्डमा अहिलेनै यहीं नै प्रत्यक्ष हुन्छ ।

कारण विनाको कार्यको उत्पत्ति हुन सक्दैन । जुन सुकैकाम जो सुकैले गरेको होस् । चाहे आधुनिक वैज्ञानिकहरुले रकेट आदि तयार गरुन । चाहे साईवावा आदि जस्ताहरुले पदार्थोत्पत्ति प्रर्दशनहरुजस्ता कामहरु गरुन् । चाहे सिद्द योगिहरु कर्दम महामुनिहरु जस्ताले कामोपभोग प्राप्तिकारक दिव्य विमानको संरचना गरुन् । चाहे हाम्रो हलि भीमसेन (भिमुसिंने) जस्ताले वावियाको एउटा कुचो र एक चिम्टी खरानीको भरमा अहिलेको डाक्टरहरुले हजारौ रुपैयामा पनि निको पार्न नसक्ने जस्ता रोगहरु निको पारुन् । चाहे क ख नचिन्ने मान्छे गुरु कुलवासवाट श्रुतिस्मृति पुराण आदिको मर्मज्ञ धार्मिक विज्ञान वेत्ता वनेर निस्कोस् । त्यो त्यो तत्व त्यस त्यस व्याक्तिमा पहिले देखि जन्म जन्मान्तरदेखि अन्तरनिहित रहँदै आएको थियो । त्यस तत्वले प्रस्फुटित हुने अवसर पाएकोले त्यस त्यस व्याक्तिमा प्रस्फुटित हुन गएको हो । तिनी हरेक तत्वहरु हरेक व्यक्तिमा अन्तरनिहित छन् । नत्र सुगाले कसरी वोल्दछ । कुकुरले कसरी चोर पहिल्याउँछ आदि आदि तिनीहरुमा ति तत्वहरु अर्न्तर्निहित थिए र नै उपयुक्त अवसर पाए पछि प्रस्फुटित भएका हुन् । कारणरुपले रहेको तत्व नै कार्य रुपमा परिणत हुन्छ ।

मानवमात्रमा दैवी शक्ति जगाउने र आसुरी शक्ति जगाउने तत्वहरु पनि अन्तर्निहित छन् । दैवी भावलाई राम्रो मानिन्छ भने आसुरी भावलाई नराम्रो मानिन्छ । अर्थात् मानवलाई सुख र शान्ति दिने भावलाई दैवी भाव र त्यसको उल्टो दुःख र अशान्ति मच्चाउने भावलाई आसुरी भाव भनिन्छ । समग्र धार्मिक विज्ञान दैवी भावको सृजना गरी मानिसलाई अमन चैन कायम गर्न खडा भएको हो र धार्मिक विज्ञानको अनुसरणगरेमा नै मानवमा अमन चैन कायम हुन सक्छ । अन्यथा हुन सक्दैन ।

मानव शरीरमा अन्तर्निहित तत्वहरुमध्ये दैवी तत्वलाई प्रस्फुटित गराएर पुरुपार्थ सिद्ध गर्नु पुरुपको प्रयोजन हो । आसुरी तत्वलाई जगाउनु कुपुरुप (कुत्सित मनुप्य) को काम हो ।

अभयं, सत्वखंशुद्धिर्ज्ञान योग व्यवस्थिति : ।
दानं दमश्च यज्ञश्च स्वध्यायस्तप आर्जवम् ॥
अहिंसा सत्यमक्रोध स्त्यागः शान्तिर पैशुनम् ।
दया भूतेप्वलोलुप्त्वं मार्दवं हीरचापलम् ॥
तेज : क्षमा धृतिः शौचमद्रोहो नातिमानिता ।
भवन्ति सम्पदं दैवीमभिजातस्य भारत ॥ भनेर

भगवान श्री कृप्णले जन्मेको व्यक्तिमा यि दैवी सम्पन्न हुन्छन् भन्नु भएको कुरा व्यासले वताएका छन् । त्यस्तै :-

दम्मो दर्पोऽतिमानश्च क्रोध : पारुप्यमेव च ।
अज्ञानं चाभिजातस्य पार्थ सम्पदमासुरीम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेर जन्मेका व्यक्तिमा हुने आसुरी सम्पन्त्को पनि भगवान् श्रीकृष्णले वताउनु भएको उल्लेख व्यासले नै गर्नु भएको छ ।

हुनत दैवी सम्पत् र आसुरी सम्पत् पनि अनन्त छन । तर पनि पच्चीस तत्व भित्र 'काल' आदि अनेक तत्वहरुको अन्तर्भाव भए जस्तै अभय सत्वसंशुद्धि आदि दैवी सम्पत् र दम्भ्र दर्य आदि आसुरी सम्पत् भित्र सारा दैवीसम्पत्हरु र आसुरी सम्पत्हरुको अन्तर्भाव हुन्छ ।

आसुरी भावको विनाशगरी दैवी भावको सिर्जना गर्न धार्मिक विज्ञानले वर्ण र आश्रमको विभाजन गरी वर्ण धर्म आश्रम धर्मवर्णश्रमधर्म गुणधर्म निमित्तधर्म र साधारणधर्मको विधान गर्दछ ।

लोक धारकतत्व लोकोप्रकृतिजनकतत्व लोकसंरक्षकतत्व लोकसमृद्धिकारक तत्व •लोकसुखावहतत्व लोकशान्त्याधायकतत्व लोकोपभोगयोग्यभोग्यवस्तुजनकतत्व आदि आदि जति पनि मानवमात्रको अभीक्ष संपादक र अनभीप्टको निर्वतक तत्व हरु छन तिनी सारा तत्वहरु दैवी सम्पत्हरु हुन् । ति तत्वहरुको उपलब्धि समग्ररुपमा अनुपहत भावेन सम्प्राप्ति एक मात्र धार्मिक विज्ञानको अनुसरणवाट हुन सक्छ । त्यसैले धार्मिक विज्ञान विश्वमा अद्वितीय विज्ञान हो ।

श्रुति र स्मृति (धर्मशात्र)वाट धार्मिक विज्ञानको वोध हुन्छ । मनुको स्मृतिले भन्छ -

'आचार : परमो धर्म :' त्यसै गरी

अज्ञेभ्यो ग्रन्थिन: श्रेप्ठा ग्रन्थिभ्यो धारिणो वरा : ।

धारिभ्यो ज्ञानिन : श्रेप्ठा ज्ञानिभ्यो व्यवसायिन : ॥ इति ।

अज्ञान आसुरी सम्पन्त हो । त्यस भन्दा धार्मिक ग्रन्थ पढ्न मात्रको पनि उत्तम हुन्छ । यो भन्दा धारण गर्ने उत्तम । त्यो भन्दा वोध गर्ने उत्तम । त्यो भन्दा व्यवसायी (आचरण गर्ने) उत्तम भनेर शास्त्रहरुको अध्ययन गरेर विद्वता हासील गरेको व्यक्ति भन्दा पनि त्यस शास्त्रहरुको अध्ययनबाट उपलव्ध गरेको विद्वतालाइ व्यवहारमा उतार्ने प्रयोगमा ल्याउने आचरण गर्ने व्यक्तिलाई नै उत्तम मानेको छ ।

धार्मिक विज्ञानको वोध गरी त्यसको पालना गर्ने आचरण गर्नेलाई उत्तम मानेर अर्थात् वोध (ज्ञान) का निमित्त तपस्या त्यस तपस्यावाट प्राप्त विद्या (ज्ञान, वोध) र वोध गरेका आचारहरुको पुरुपार्थ सिद्धिका साधनहरुको परिपालन, अनुप्ठान गर्नु रुप वृत्तको परिशीलन गर्ने व्यक्तिलाई उत्तम मानेर त्यस्ता व्यक्तिलाइ दान दिनु मान दिनु, सम्मान दिनु, भोजन गराउनु, देव कार्य र पितृ कार्यहरुमा अग्रसर गराउनु पुण्य हुन्छ, धर्म मिल्छ । गरेका कर्महरुको फल पाइन्छ । देवता र पितृहरुले पनि त्यस कर्मका फलको उपभोग गर्दछन् । कर्मका फलको उपभोग गर्न पाएका देवता र पितृहरुले कर्मको अनुप्ठान गर्ने यजमानलाई कर्म अनुसारको फल दिन्छन । तर तपस्या विद्या र वृत्त नभएका व्यक्तिले कर्मको अनुप्ठान गरेपनि फल पाउन सक्तैनन् । जस्तै मनु भन्छन :-

आचाराद्विच्युतो विप्रो न वेदफलमश्नुतो।

आचारेणतु संयुक्त: सम्पूर्णफतभाग्भवेत ॥ इति ।

आचारशव्द अति व्यापक छ । यस शव्दले श्रुति स्मृति (धर्मशास्त्र) र पुराणहरुमा वताइएका यस नियमहरु अट्चालीस प्रकारका संस्कार व्यवहार र प्रायश्चित्तहरु वर्णधर्म आश्रम धर्म वर्णा श्रम धर्म निमित्त धर्म गुण धर्म र साधारण धर्महरुलाई समेत संग्रह गर्छ समेट्छ ।

यम दश ओटा छन् । व्रह्मचर्य,दया, शान्ति, ध्यान, सत्य, अकल्कता, अहिंसा, अस्तेय , माधुर्य र दम यिनीहरुलाई यम भनिन्छ ।

नियम पनि दश ओटा छन् । स्नान, मौन, उपवास, इज्या, स्वाध्याय, उपस्थनिग्रह, गुरुशुश्रूपा, शौच, अक्रोध, र अप्रमादता यिनीहरुलाई नियम भनिन्छ । यि वीस ओटा यम र नियमरुको सभ्यक्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिपालन नै परुपार्थ सिद्धि को सोपान हो अर्थात् तिनीहरुको परिपालन गर्ने व्यक्तिले नै पुरुपार्थ सिद्ध गर्न सक्तछ, उक्त वीस ओटा यम र नियम अन्तंगतका तत्वहरु मध्ये कुन कुन तत्वमा के के सामर्थ्य छ भन्ने कुराको व्याख्या गरिरहन् नपर्ला। किनकि ति सवै तत्वहरु को परिपालवाट प्राप्त हुने गुणवाट प्रायः सवै व्यक्तिहरु प्रभावित छन् परिचित पनि छन्। साथै ति यम नियमहरुको परिपालन भएमा के के दोपहरु उत्पन्न हुन्छन्। त्यसवाट पनि प्राय : सवै परिचित नै छन्। त्यति हुँदा हुँदै पनि यम नियमको परिपालन नगरी किन उल्लङ्घन गर्छत भन्ने अर्को प्रश्न हो।

लोक रागाक्रान्त छ। संसार सत्व रज र तम रुप त्रिगुण मय छ। सत्वगुणवाट पराङ्मुख भएर रजोगुण या तमो गुणले ग्रस्त भएको रागात्मक प्राणीले उत्कर्पकारक यम नियमको परिपालन नगरी उत्पथमा लागेर भ्रष्ट हुनु स्वाभाविक कुरो हो। किन कि रजोगुण रागात्मक छ। तमोगुण अज्ञानवाट पैदा हुने हो। मानव रागात्मक प्राणी भएकोले (रजोगुणमूलक भएकोले) त्यस आफ्नो प्रकृति अनुसार नै मनुष्यले चेष्ट (व्यापार, काम) गर्दछ। सारा प्राणीहरु आफ्नो प्रकृतिकै अनुसरण गर्दछन्। त्यस्मा यम नियम आदि निग्रहहरुले केही गर्न सक्तदैनन्। अरु त के ईश्वरको निग्रहले पनि केही गर्न सक्तैन। जस्तै भगवान् श्री कृष्ण भन्नु हुन्छ -

सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवालपि ॥
प्रकृतिं यान्ति भूतानि निग्रह : किं करिष्यति ॥ इति।

रागात्मक प्राणी मनुष्यले प्रकृतिको अनुसरण गर्ने हुनाले आफ्नो प्रकृतिको निर्माण गर्नु पर्दछ। प्रकृति भनेको आफूले पूर्व जन्ममा आर्जन गरेका कर्महरुको संस्कार हो। यस जन्ममा फल दिन प्रारब्ध भइसकेको त्यस संस्कारलाई निग्रहले केही गर्न सक्तैन। त्यसैले वुद्धिमान् व्यत्तिले राग र द्वेपको वशमा नपरी यम नियम आदिको परिपालन पूर्वक ज्ञानोत्पादक श्रुतिस्मृति र पुराणहरु हुन् भन्ने वुझेर तिनीहरुको अध्ययन गर्नु पर्छ अर्थात् पुरुपार्थ सिद्ध गर्न धार्मिक विज्ञानको अध्ययन गर्नु पर्छ।

धार्मिक विज्ञानले जन्म देखि लिएर मरण पर्यन्तका गर्नु पर्ने विधि विधानहरुको काम कर्तव्यहरुको अभिधान त गर्छ नै। त्यति मात्र होइन अपितु पूर्वजन्म वाट प्राप्त भएर आएका गुणहरुको उद्वोधन प्रप्फुटन (जगाउने काम) र पूर्वजन्मवाट प्राप्त भएर आएका दोपहरुको परिमार्जन (हटाउने काम) पनि गर्दछ। यसै गरी मरेर गए पछि पनि प्राप्त हुन जाने गुणहरुको संरक्षणका साथै सम्वर्धन र दोपहरुको निवारण पनि गर्दछ। प्रकृतिको निर्माण भनेको त्यही नै हो। त्यसरी निर्मित भएका धार्मिक विज्ञानको अनुसरण गरी तयार पारिएका तत्वहरु र गुणहरुलाई ईश्वरको निग्रहले पनि खल्वल्याउन सक्तैन। त्यसै गरी धार्मिक विज्ञानको उल्लङ्घन गरेर तयार पारिएका दोपहरुलाई ईश्वरको निग्रहले पनि केही गर्न सक्तैन।

त्यसरी धार्मिक विज्ञानको अनुसरणले तयार पारिएको प्रकृति (मनोवृति) नै वन्ध र मोक्षको धार्मिक विज्ञानको अनुकूल प्रवृति मोक्ष र प्रतिकूल प्रवृति वन्धको कारण वन्दछ। अत : प्रकृतिको निर्माण गर्नु मानवको परम कर्तव्य हो इत्यलम्।

मैला लुगा लगाउनेलाई, दाँतको मयल नफाल्नेलाई धेरै खानेलाई, दुष्ट वचन वोल्नेलाई, सूर्य उदाउने वेलामा र अस्ताउने वेलामा सुत्नेलाई विष्णु नै भए पनि लक्ष्मीले छाडदछिन्।

-चाडक्य नीति पच्चदशोध्यायको ४औं श्लोकको भावार्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचार विज्ञान

खप्तड स्वामी

विचार के हो ?

विचारमाथि विचार गर्नुभन्दा पहिले त यी प्रश्न नै उत्पन्न हुन्छन्- विचार के हो ? कहाँवाट उत्पन्न हुन्छ ? तथा विचारहरुको के प्रभाव पर्दछ ? विचारहरुमा कति शक्ति छ ? विचारको स्वरुप के हो ? के रंग हो ? विचारहरुलाई वदल्ने उपाय के हो ? र त्यसवाट के लाभ हुन्छ ? वस्तुतः विचारहरुको विपेश रुप हुन्छ र रङ्ग पनि । यसै प्रकारले तिनमा जीवन शक्ति पनि हुन्छ । विचार तत्व अदृश्य छ र चर्मचक्षुद्वारा त्यो देख्न सकिदैन तापनि विचारहरुको उत्पत्ति परमाणुमय हुन्छ र ती परमाणु यति सूक्ष्म हुन्छन् कि तिनीहरुभन्दा सूक्ष्म र वेगवान् अन्य वस्तु संसारमा नै छैन । जुन वस्तु जति सूक्ष्म हुन्छ, त्यसको वल पनि उत्ति नै वढी हुन्छ । सवभन्दा सुक्ष्म हुनाको कारणले विजुली आदि सारा वस्तुहरुको भन्दा पनि विचारको नै वल वढी मानिएको छ । जड वस्तुभन्दा चेतन र सूक्ष्म वस्तुमा सदैव नै अधिक वल हुन्छ । जस्तो ढुङ्गाभन्दा माटो सूक्ष्म छ र माटोमा ढुङ्गाभन्दा पनि अधिक वल छ । ढुङ्गाभन्दा माटोमा जडता कम छ, त्यसैले ढुङ्गाको अपेक्षा माटोमा जीवनशक्ति धेरै छ । माटोभन्दा पानी अधिक सूक्ष्म छ, पातलो छ त्यसैले त्यो भन्दा पानी ज्यादा उपयोगी र वलवान् छ । पानीभन्दा वाफ सूक्ष्म छ र वाफभन्दा वायु सूक्ष्म छ र वलवान् छ । वायुभन्दा आकाश अर्थात् शव्द सूक्ष्म छ र शव्दको गतिभन्दा प्रकाशको वल धेरै छ । तर विजुलीभन्दा पनि विचारहरुको वल अति सूक्ष्म छ । यद्यपि विचारभन्दा पनि सूक्ष्मतर वस्तुहरु जगत्मा छन् तर तिनको ज्ञान हामीहरुलाई भएको छैन । यसैले जगत्का सवै वस्तुहरुभन्दा विचार र वुद्धि अति सूक्ष्म र वलवान् भएको वर्णनं उपनिपद्हरुमा यसरी गरिएको छ -

इन्द्रियेभ्यःपरं मनो मनसः सत्वमुत्तमम् ।
सत्वादपि महानात्मा महतोऽव्यक्तमुत्तमम् ।
अव्यक्तस्तु परः पुरुपो व्यापकोऽलिङ्ग एव च ।

इन्द्रियहरुभन्दा पर मन छ, मनभन्दा पर वुद्धि छ, वुद्धिभन्दा पहत्तत्व पर छ र महत्तत्वभन्दा अव्यक्त नाम प्रकृति पर छ, प्रकृतिभन्दा पुरुप पर छ । यसरी नै एकभन्दा अर्को वढी सूक्ष्म र वलवान् छ । एक अमेरिकी विद्वान्ले के लेखेका छन् भने प्रकाशको गति एक सेकेण्डमा १,८६,००० माइल भए झैं विचारको गतिको प्रवाह ४०,००० मीलदेखि सत्तरी हजार मील माइल प्रतिसेकेण्डसम्म हुन्छ । विचारशक्तिका लहरहरुलाई दिनमा सूर्यका किरणहरुले खण्ड-खण्ड गरिदिन्छन् जसवाट तिनको गतिमा केही अवरोध (रोकावट) हुन जान्छ । रात्रिको समय वा अन्धकारमा विचार शक्तिको वेग तीव्र हुन जान्छ र यस वेगलाई केहि रोक्न पनि सक्दैन । पाश्चात्य देशहरुमा यस विद्याको दिनदिनैं उन्नति भइरहेछ र यसको सहायताले ठूला-ठूला डाक्टर अनेक कठिन रोगहरुको उपचार पनि गरिरहेकाछन् । ठूला हर्पको कुरा के छ भने हाम्रा ऋपि-मुनिहरुको विद्याको अनुसरण पश्चिमी मानिसहरुद्वारा वडो तीव्रताका साथ भइरहेको छ । अतः हामीहरुले पनि घोर निद्रावाट विउँझेर आफ्ना पूर्वजहरुद्वारा सम्पादित विद्यालाई पुनः विकसित गर्नु पर्दछ, जसवाट हाम्रो सर्वाङ्गीण उन्नति हुन सकोस् ।

२. " संपूर्ण तीर्थ आमा हुन् र संपूर्ण देवता पिता हुन् " -महाभारत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचारको वेग

विचार विजुलीभन्दा पनि अधिक वेगवान् छ । विजुली एक सेकेण्डमा सात पटक पृथ्वीको परिक्रमा गर्नसक्छ, तर विचारहरुको गति त्योभन्दा पनि तीव्र छ, किनभने विचारहरुका परमाणु विजुलीभन्दा पनि अति सूक्ष्म र वलवान् हुन्छन् । विजुलीभन्दा पनि अति सूक्ष्म र वलवान् हुन्छन् । विजुली आदि तत्वहरुभन्दा विचारको शक्ति अधिक चैतन्य तथा विशेष गति भएको हुन्छ । त्यसैले विचारहरुलाई आफ्नो नजीकै खिच्न तथा टाढा पठाउनमा ज्यादा श्रम पर्दैन । विचार के वस्तु हो भनी वुभ्नका लागि कम्पनको प्रक्रियालाई वुभ्नु पर्दछ । प्रत्येक वस्तुका चार अवस्थाहरु हुन्छन्- दृढ, तरल, वाष्पमय र तेजोमय । दृढ वस्तुमा कम्पनको गति मन्द तथा तरल र वाष्पमयमा तीव्र र तीव्रतर हुन्छ । यसैलाई सृष्टिक्रम भन्दछन् । चतुर्थ अवस्था प्रकाशमय (Radiant) छ । कम्पनको साधारण प्रभाववाट शब्द उत्पन्न हुन्छ । उनै कम्पनहरुको तीव्र प्रभावले विभिन्न रङ्गको रुप धारणा गर्दछ र कम्पनहरुका भेदवाट रङ्ग प्रकाशनमा परिवर्तन हुन्छ र यी चार अवस्थाहरु वाहेक अरु पनि स्थूल र सूक्ष्म अवस्थाहरु छन् जसलाई देख्ने शक्ति हाम्रा स्थूल इन्द्रियहरुमा छैन तर विज्ञानले तिनको पत्ता लगाउन आरम्भ गरेको छ । क्लार्क म्याक्सवेल (Clark Maxwell) ले आफ्नो विद्युत्-चुम्वक सिद्धान्त (Electromagnetic Theory) मा भनेका छन् कि ताप, प्रकाश, विद्युत् आदि जुन सवै शक्तिहरुको विकास हामी चारैतिर देख्दछौं, ती सवै विद्युत्-चुम्वक तरङ्गहरु (Electromagnetic waves) हुन् । तरङ्गाकारमा नै यी एक स्थानवाट दोस्रो स्थानमा जान्छन् ।यी तरङ्गहरु कसमा चल्छन् वा कसका तरङ्ग हुन् ? यस प्रश्नको उत्तर दिनका लागि वैज्ञानिकहरुले इथर (आशतत्व) नामक एक काल्पनिक पदार्थको अस्तित्व स्वीकार गरेर सवै पार्थिव शक्तिहरुलाई आकाशतत्वकै तरङ्ग मानेकाछन् । इश्वरका शक्तिहरुको तरङ्ग-लम्वाइ अनुसार नै विभिन्न शक्तिहरु वन्दछन् । जसको तरङ्ग-लम्वाइ अधिक छ ती ताप (heat) का तरङ्गहरु हुन्, त्यसभन्दा छोटा प्रकाश र त्यसभन्दा पनि छोटा अतिवैजनी रश्मिहरु (ultraviolet rays) हुन् र जुन यी अति-वैजमी रश्मिहरुभन्दा पनि छोटा छन् तिनै रञ्जनरश्मि (x-rays) हुन् । जुन अझ पनि साना छन् ती गाामारश्मिहरु (Gama rays) हुन् र जुन सवैभन्दा साना छन् तिनको नाम व्रह्माण्ड रश्मि (cosmic rays) हो यी व्रह्माण्ड रश्मिहरु विश्वमा सर्वत्र विद्यमान छन् । जहां सूर्यको पैकाश पुग्न सक्दैन त्यहाँ पनि यी रश्मिहरुको अस्तित्व छ ।

जड (matter) परमाणुको जस्तै शक्तिका पनि सूक्ष्म गुच्छा हुन्छन् । जर्मन वैज्ञानिक मार्क्स पाकले यी गुच्छाहरुको नताम क्वाण्टम वा युनिट दिएका छन् । यी परमाणु हुन यिनको आकृति शक्तिका तरङ्गहरुको लम्वाइमाथि निर्भर गर्दछ । लम्वाई वढी हुनाले इकाइहरुको आकार अथवा शक्तिको परिमाण कम हुन्छ र तरङ्गहरु जति साना हुन्छन् तिनका इकाइको शक्तिको परिमाण यत्ति नै वढी हुन्छ । जड (Matter) र शक्ति (Energy) दुवै नै परमाणु वा क्षुद्रतम अंश हुन्छन् र यी एक अर्कासंग मिल्न वा भिन्न रहन सक्छन् । शक्तिको स्वरुप तरङ्गभएर पनि जड (Matter) का साथ सम्वन्ध स्थापनाको समय त्यो गुच्छाकार (Bundles) वनेर हिंड्छ । यी गुच्छाहरुको नाम नै क्वाण्टम (Quantum) हो ।

> असन्तोष वाहुन नष्ट हुन्छ, सन्तोषी राजा पनि नष्ट हुन्छ, लज्जा भएकी वेष्याको काम छैन लाजै नभएकी कुलीन घरकी स्त्री पनि नष्ट हुन्छे ।
>
> -चाडक्य नीति अष्टम अध्यायको ११ औं श्लोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचारको परिणति हाम्रो जीवन

जव आम्रा विचार वाहिरतिर जान्छन्, तव गी खालि हावामा उड्दैनन् । ती हाम्रा दशाालाइं स्थिर वा परिवर्तित गर्नमा एवं धनवान् वा दरिद्र वनाउनमा, हाम्रा कार्यहरुलाइं सिद्ध वा नाश गर्नमा मुख्य कारण हुन्छन् । यदि हामीले आफ्ना विचारहरुलाइं उचित मार्गमा चलाउन जान्यौं र चलाउन सक्यौं भने समस्त दु :खहरुवाट छुटकारा पाई हामी परमान्दमय जीवन व्यतीत गर्न सक्दछौं । हाम्रो मनमा आउने प्रत्येक विचार वाण सरह हुन्छ । आफूमा भएको शक्ति र तीव्रता अनुसार अरुको हृदयमा गएर त्यसले असर पार्छ र फर्केर हामीमाथि आफ्नो राम्रो नराम्रो प्रभाव पर्दछ । त्यसैले आफ्नो मनमा उत्तम विचाहरुलाई स्थान देऊ किनभने ती विचार शीघ्र नै तिम्रा वाह्य जीवनको उत्तम अवस्थाका रुपमा प्रकट हुनेछन् ।

आफ्नो आत्मिक-शक्तिलाइं आफ्नो वशमा राख । यसो गर्नाले तिमी आफ्नो वाह्य जीवनलाइं जस्तो चाहयो उस्तै वनाउन सक्नेछौं । जिज्ञासु र विपर्यीमा के अन्तर छ भने एउटा आफ्ना इन्द्रियहरुलाइं वशमा राख्दछ र अर्को इन्द्रियहरुका वशमा हुन्छ । जो आफ्ना मनलाइं उपयोगी, वलवान् र प्रसन्नचि राख्न चाहन्छ त्यसले कनिप्टकारक, घृणित र अपवित्र विचाहरुलाइ कहिल्यै मनमा आउन नदेओस् । यदि तिमी क्रोध, मोह, लोभ, इर्प्या वा अन्य यस्तै नै वासनाहरुका अधीन रहेर उत्तम अवस्थाको इच्छा गर्दछौं भने यो असम्भव छ । तिमीले नीच विचार गरेर पनि आफ्नो स्वास्थ्य ठीक रहोस् भन्ने ठान्दछौं भने त्यो कदापि हुन सक्दैन ।

योगीहरुको सिद्धान्त के छ भने विचार पनि एउटा परमवलवती शक्ति हो र विचारहरुद्वारा जे चाह्यो त्यही हुनसक्छ । विचार र भाव नै सव अङ्गहरुलाई पुप्ट वनाएर राख्न सक्छन् । यदि एउटा पाखुराको व्यायाम विना विचारले र अर्को पाखुराको व्यायाम गर्दा मेरो पाखुराको वल खूवै वढिरहेछ भन्ने विचारका साथ गरियो भने पन्ध्र दिन पछि दुवै पाखुराको वललाई शक्तिमापक यन्त्रले नाप्दा विचार पूर्वक व्यायाम गरिएको पाखुराको वल अधिक हुनेछ । यसैले शक्तिको विचार गर्नाले शक्ति वढ्दछ, यो निश्चित रुपले सिद्ध छ ।

विचार बल

परमात्माले मानिसलाई विचार-वल नामक एउटा अद्भुत वस्तु दिएको छ । सैयकडौं मानिसहरुले यस वलद्वारा कठिनभन्दा कठिन कार्य गरिसकेका छन् । विचारको दृढता नै मनुप्यलाई ईश्वर वनाउन समर्थ हुन सक्छ । तर त्यो विचार साँचो र दृढ हुनुपर्छ । विचारहरुको प्रभाव र महत्व यति विधि छ भने तिनलाई वलवान् र दृढ वनाउने चेप्टा अवश्य गर्नुपर्छ ।

विचार एकपछि दोस्रो, दोस्रो पछि तेस्रो यस प्रकारले उठने गर्दछन् । तिनमध्ये कुनै त लय हुन जान्छन् तर जो दृढ हुन्छन ती सफलता प्राप्त नगरुन्जेल लय हुँदैनन् । यसै प्रकार केही दृढ विचार नराम्रा पनि हुन्छन् । चोर जव चोरी गर्दछ तव तो निन्दित कार्य पनि उसका विचारको नै फल हो । व्यभिचारी र घातकहरुका विचारहरुमा पनि दृढता हुन्छ तर त्यसलाई विचारको संज्ञा दिइंदैन ।

स्वार्थहीन विचारलाई सत्यमय वा उत्तम विचार भन्नु अनुचित नहोला । दृढ विचार ती हुन् जो मन, वाणी र कर्मका साथै सात्विकता, निःस्वार्थपन तथा सत्यताले पनि युक्त हुन्छन् । यस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचारलाई नै शास्त्रहरुमा विचारको सज्ञा दिइएको छ । अन्य स्वार्थी तथा तामसी विचारहरुको संज्ञा निन्द्य विचारका रुपमा गरिएको छ । यसैले उत्तम सात्विक विचार नै कल्याणकारी छन् । नराम्रा विचारहरुको कारण मानसिक दुर्वलता हो । त्यसैले दृढ र शुद्ध विचारका लागि मन शुद्ध र दृढ हुनु अत्यान्त आवश्यक छ ।

विचार कुनै अदश्य वस्तु होइन, वरु एक वास्तविक तत्व हो । जव हामी आफ्ना विचारहरुलाइं कार्यरुपमा परिणत गर्दछौं । तव एउटा शक्तिलाइं कार्यमा लगाउंछौं । विचारको वललाइं कसैले निरोध गर्न सक्दैन । विचार सव शास्त्रहरुभन्दा ठूलो छ । जसलाइं परमात्माले मानिसका हातमा दिइराखेको छ । नै पनि हामी सदा नराम्रा विचारहरुका फन्दामा अल्भिइं पराधीनताको गीत गाउंछौं । यसैले सदा राम्रा विचारहरुलाइं मनमा ल्याउने अभ्यास गर्नुपर्दछ, यसवाट नराम्रा विचार आफ से आफ नष्ट हुन्छन्, किनभने राम्रा विचार अविनाशी हुन्छन् ।

नराम्रा विचार अन्धकारका समान हुन् । हामीले प्रकाशलाइं उपस्थित गऱ्यौं भने अन्धकार स्वयं भाग्नेछ । तिमीले आफ्ना शरीरमाथि आफ्ना विचारहरुको प्रभाववारे कहिल्यै विचार गरेनौ । आफ्ना राम्रा नराम्रा विचारहरुलाइं आफ्नो मनमा अवाध (वेरोकटोक) घुस्न दिएका छौ यसैले ती आफ्ना इच्छानुसार तिम्रो शरीरमा प्रवेश गरी फेरी वाहिर निस्कने गर्दछन् र तिम्रा मस्तिष्कमा राम्रा वा नराम्रा चिन्ह छोडि जान्छन् तर यस कुरामाथि तिमीले कहिल्यै, किञ्चित् ध्यानसम्म पनि दिएका छैनौ ।

अव के कुरा राम्रो संग निश्चय गरिहाल भने तिम्रा विचार पदार्थ रुपमा परिणत हुन जान्छन् र तिम्रो वाह्य रुप तिम्रा विचारहरुको तुल्य नै हुन्छ । एउटा योगीको भनाइ छ जस्तो माथि उस्तै तल जस्तो भित्र उस्तै वाहिर । तिम्रा आन्तरिक रुप तिम्रा विचार नै हुन् र वाहिरी रुप उनैका प्रतिविम्व हुन् राम्रा विचारवाट नै राम्रो अनुभव शक्ति वढ्छ । राम्रो अनुभव-शक्तिवाट हामी आफ्ना समग्र दुर्वलताहरुलाइं हटाउन सक्छौं र दुर्वलकारी वाह्य प्रभावहरुको शक्तिवाट वाहिर हुन सक्छौं, अप्रभावित हुनसक्छौं । विचारहरु फ्यांक्नाले जति आघात पुग्दछ, ढुङ्गा आदि फ्यांकदा उति आघात पुग्दैन । त्यसैले कसैलाइं विचारद्वारा आघात पुऱ्याउनु निच कर्म हो । अत: जव कसैसंग विचार विनिमय गर्छौ तव दया, आरोग्य र आनन्दको नै विचार देऊ, किन भने मनुष्य जस्तो विचार गर्दछ त्यो तत्काल त्यस्तै वन्दछ । जस्तो वन्दछ, जस्तो यदि कसैलाइं मार्ने विचार गऱ्यौ भने मार्ने क्रिया पहिले आफूभित्र उत्पन्न हुन्छ र यदि सुधार्ने विचार गरयौ भने सुधार्ने क्रिया पहिले आफ्नो मनमा हुन्छ र तत्क्षण हामी उस्तै वनी पनि हाल्छौं । यस विषयमा पछि सविस्तार वर्णन गरिने छ ।

यदि तिमी आनन्द, आरोग्य, ऐश्वर्य प्राप्त गर्न चाहन्छौंभने विचारहरुलाई शुद्ध वनाउने अभ्यास गर । तिम्रा विचार जव उत्तम र उचित मार्गमा चल्न थाल्नेछन् । तव तिम्रो तेज, वल, आरोग्य ऐश्वर्य आफ से आफ वढ्न थाल्नेछ । त्यसवाट तिमीलाइ अत्यन्त आनन्द र असीम शान्ति प्राप्त हुन थाल्नेछ र तिम्रो जन्म सफल हुन जानेछ । विचार भिन्न-भिन्न प्रकृतिका हुन्छन् । हामी तिनलाइं राम्रा र नराम्रा दुइं श्रेणीमा विभक्त गर्न सक्छौं । प्रथम कोटिमा विश्वास, प्रेम, धैर्य, आनन्द, आशा, दया, स्नेह, पवित्रता र साहसको गणना हुन्छ । यदि हामीमा यी गुण छन् र हामी तिनलाई काममा ल्याउंछौं भने यिनले हाम्रो शरीरलाइं स्वस्थ र वलिष्ठ वनाउनमा सहायता गर्ने छन् । दोस्रो कोटिमा घृणा, दु:ख, विकलता, अधीरता, क्रोध, निष्ठुरता, अपवित्रता, कायरता र निराशा आदि पर्दछन् । पनुष्यमा यी मध्ये एक वा दुइं दुर्गुण मात्र पनि शारीरिक स्वास्थ्य नाश गर्न तथा असमयमा वृढयाइं ल्याउन समर्थ हुन्छन् । क्रोधको प्रत्येक उत्थान आयुलाइं घटाउने र रोग वढाउने यसै प्रकारले धैर्य, प्रेमादिको प्रत्येक कार्यले आयु वढाउछ र शरीरलाइ स्वास्थ र वलिष्ठ वनाउंछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इच्छाशक्ति : नीरोगी रहने उपाय

आफ्ना रोगीलाई प्रसन्न वनाउने भावना प्रत्येक चिकित्सकमा हुन्छ । किनभने रोगीले एकपटक स्वस्थ हुने आशा छोड्यो कि फेरि नीको हुन कठिन कुन जान्छ । तसर्थ औषधीहरुमा स्वास्थ्य-लाभको आशा नै वलवान् औषधी हो । प्रेम केवल मानसिक शान्तिको मात्र होइन, शारीरिक रोगको पनि असल वैद्य हो । विश्वास, धैर्य र आनन्दको पनि विपयमा यही भन्न सकिन्छ ।

सबै वैद्यक ग्रन्थहरुमा स्वास्थ्यलाभका लागि एक साधारण स्वीकृतिको ठूलो महत्व छ । अन्जानमा स्वीकार गरेको कुराले पनि प्रभाव नपारी रहँदैन तर एक ज्ञानवान् पुरुषद्वारा जानेर गरेको कुरा प्रतिज्ञाको नामले अटल हुन जान्छ । विचारका तरङ्ग अवाध र असीम हुन्छन् । जवसम्म कुनै मुख्य विचार दृढ रुपमा टिकाई त्यसका कम्पनले अरु कम्पनहरुलाई दवाइन्न, त्यस वेलासम्म मानिस विना वहनाको ड्ङ्गा जस्तै यताउता वगिरहन्छ र कुनै पनि कार्य गर्न योग्य हुँदैन । त्यसैले एउटा कार्यलाई समाप्त गरेर नै अर्को आरम्भ गर्नुपर्दछ । यसवाट कार्यसिद्धिको साथसाथै काम पनि धेरै हुन्छ । यदि वीचमा कुनै अन्य विचार उठ्यो भने त्यसलाई दृढतापूर्वक मनवाट निकालिदिनु पर्दछ । सवभन्दा राम्रो रीति के हो भने त्यस विचारलाई विर्सेर त्यसको स्थानमा कुनै अन्य विचार गरियोस् यसवाट नराम्रा विचार स्वयं नष्ट हुन जानेछन् । त्यसैले सधैं के प्रयत्न गर्नुपर्छ भने तिमी विचारको वशमा नपर तर विचार तिम्रा वशमा होऊन् ।

प्रिय मित्रहरु ! अव तिमीहरुले आफ्नो मनवाट असन्तोष र निराशाका भावनाहरुलाई निकालिदेऊ र मुख-मण्डलमा मृदु-हास्यका भावहरुलाई धारण गर, सदा प्रसन्नचित रहने गर । प्रेम र सहानुभूतिका भाव मनमा धारण गर । सदैव सोझो हिंड्ने र सोझो वस्ने अभ्यास गर जसद्वारा तिम्रो छाती वाहिरतिर निक्लिरहोस् र फोक्सोले पूर्णतया वायु लिन सकोस् । अनि त तिमीलाई होच्याउन सक्ने संसारमा कोही हुने छैन । यस कुरालाई दृढतासाथ धारण गर ।

संसारमा जति महापुरुष भएका छन् सवले यस नियमलाई पालन गरेका हुन् । प्रत्येक व्यक्तिमा हुनुपर्ने सवभन्दा ठूलो कुरा चरित्र वल हो । सच्चरित्र भएको व्यक्तिका लागि कुनै पनि कार्य दुर्लभ छैन । हाम्रा देशमा जो ठूला-ठूला ऋषि-मुनि भएका थिए ती सवैले चरित्र-वलवाट नै उच्चपद प्राप्त गरेका थिए । भविष्यमा उन्नत हुन चाहने प्रत्येक व्यक्तिले कुनै एक निर्णीत कार्यमा सव विचारहरुलाई कसरी लगाउने भनी सिक्नु आवश्यक छ । यो कुरा केवल विचाद्वारा नै सिद्ध हुनसक्छ र विचारहरुवाट नै सव अङ्ग-प्रत्यङ्गहरुलाई एक सूत्रमा वाँध्न सकिन्छ । तर कुनै पनि कुरा सोचेर मात्र पुरा हुनसक्दैन, सोचेको अनुसार कार्य पनि गर्नु पर्दछ , जस्तो कोही वीणाको नजीक वसेर म यसलाई वजाउनमा कुशलता प्राप्त गरुँ भन्ने विचार गर्छ भने त्यसवाट नै उसलाई कुशलता प्राप्त हुन सक्दैन । विचारको साथसाथै उसले वीणा वजाउने अभ्यास पनि गर्नुपर्छ, जसवाट उसका विचारहरु कार्यरुपमा परिणत हुन सकून् । यसैले पहिलो कुरा विचार उत्पन्न हुनु हो र दोस्रो कुरा विचारलाई कार्यरुपमा परिणत गर्नु हो ।

उत्तम विचारले भाग्य निर्माण

विचारमा एकाग्रता हुनु जरुरी छ । यसैले एकाग्रतापूर्वक जुन कुराको विचार गर्छौ त्यमा तिमीलाई सफलता अवश्य होला । तिम्रा मनमा जस्ता विचार उत्पन्न हुन्छन् , उस्तै नै कार्यमा तिमी प्रवृत्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छौ । तिम्रा सब कार्य विचारहरुमाथि निर्भर छन् । विचारहरुको परिणामबाट तिमी कहिल्यै बच्न सक्दैनौ ।

संसारमा एकाग्रता र शान्तिले गर्दा सफलतापूर्वक हुन नसक्ने कुनै कामै छैन । आत्मिक-शक्तिलाई सावधानी र बुद्धिमानीले उपयोगमा ल्याउँदा प्राप्त हुन नसक्ने कुनै पदार्थ नै छैन । यसैले सदैव आफ्नो मनमा उत्तम विचार गर्‍यो भने ती विचार शीघ्र नै तिम्रो वाह्य जीवनमा उत्तम अवस्थाका रुपमा प्रकट हुनेछन् ।

सदैव शुद्ध विचार गर्नाले नै आत्म-शक्ति र सर्वज्ञता प्रकट हुन्छ भन्ने कुरा निश्चय गर । तिमीले अल्पज्ञ हुनाले प्रायः मलिन र अशुद्ध विचार नै गर्‍यौ । यसैले अब शुद्ध, उत्तम विचार गर्ने नै अभ्यास गर ।

कुनै व्यक्ति भाग्य, भाग्य भनी चिच्याउँछ र ऊ ठान्दछ त्यो उसको सामर्थ्यभन्दा बाहिर छ । तर यथार्थमा मनुष्य आफ्नो भाग्यको स्वयं निर्माता हो किनभने जस्तो उसको विचार हुन्छ उस्तै नै उसका सब कार्य पनि ती विचारहरुको अनुकूल नै हुनेछन् । यदि मानिसले सही ढङ्गले विचार गर्न सिक्यो भने भाग्य उसका हातको कठपुतली बन्ने छ ।

विचारद्वारा सुखी बन्न सकिन्छ

सुखबाहेक अन्य विचारहरुलाई मनमा आउन नै नदेऊ, किनभने मनमा सदैव जस्तो सोचिरहन्छौ उस्तै दशा प्राप्त हुन्छ । जुन वस्तुको सदा ध्यान रहन्छ उही वस्तु आफूतिर आकर्षित हुन्छ । यदि कोही धेरै नै दीनदशामा पुगेको छ भने उसको हीनताको कारण उसका विचार नै हुन्छन् । मनमा उठ्न लागेका विचार नै भविष्यका बीज हुन्छन् । दु :ख र दरिद्रताका विचार दु :ख र दरिद्रतालाई बढाउँछन् । सुखका विचार मनमा दृढ नगरी कोही सुखी हुन सक्दैन । मन खेत समान हो । त्यसमा केही न केही विचार उत्पन्न हुँदै रहन्छ । कुनै पनि विचार सुख वा दुःख दिने हुन्छ । यस कुरामा ध्यान राख्यौ भने तिम्रो जीवन सुध्रिने छ ।

यदि तिमी दु :खी छौ, दरिद्र छौ भने त्यसमा कसैको दोष छैन । दोष तिमीभित्र नै छ । त्यसलाई खोजी निकाल्नु तिम्रो नै काम हो । त्यसैले सदा आफ्नो मनलाई हेरिराख । तिम्रा मनमा दु :खदायक र अपवित्र विचार पस्न नपाऊन्, यसबाट तिम्रो उन्नति होला । आफ्नो अवस्थालाई देखेर आफू नै आश्चर्य मान्न थाल्नेछौ ।

मानिस भन्दछन् -ईश्वर आफ्ना भक्तहरुलाई दरिद्र बनाउँछ । त्यो कुरा ठीक होइन किनभने ईश्वरले कसैलाई दरिद्र बनाउँदैन, न मूर्ख नै बनाउँछ, न धनवान् न बलवान्, न विद्वान, नै बनाउँछ । ईश्वर त परम दयालु छ, सबको इच्छा पूर्ण गर्नेवाला छ, जो जस्तो इच्छा गर्दछ । र जस्का मनमा जस्तो विचार उत्पन्न हुन्छन् तदअनुसार ईश्वरलाई फल दिनछ । जो जस्तो विचार गर्दछ त्यो उस्तै बन्दछ ।

गीतामा उल्लेख गरिएको छ- 'श्रद्धामयोवकयं पुरुषः यो यच्छ्रद्र : स एव स' - यसैले जस्तो हुने इच्छा छ आफूलाई उस्तै नै मान । दुई र दुई मिलेर चार हुनु जति सत्य छ उत्ति नै यो सिद्धान्त पनि सत्य छ, अनुभूत छ । हेर र अनुभव गर ।

अलिकति विचार गर्दैमा तिमीलाई थाह हुनेछ पूर्ण परमात्माले अपूर्ण संसारको सृष्टि किन गर्‍यो । सम्पूर्ण विश्व र जीव दिव्य नियमका वशीभूत छन् । नियम विरुद्ध कार्य गर्नाले मानिसलाई परिणाम कष्ट हुन्छ । प्रत्येक भूलले गर्दा जीवलाई कष्ट सहन गर्नुपर्ने हुन्छ । उसलाई नियमको उलङ्घन गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दण्ड मिल्दछ । तर उ आफ्नो दुःखको आफू नै कारण छ । तात्पर्य के हो भने मानिस पूर्ण हुनाको लागि नै वनाइएको हो तर स्वयं आफ्नो भूलले कष्ट भोगिरहेछ ।

शरीर मरे पनि विचार मर्दैन

शरीरको नाश हुँदैमा विचारको नाश हुँदैन । त्यसैले मरेपछि जव फेरि दोस्रो जन्म हुन्छ, पूर्वजन्ममा गरिएका राम्रा नराम्रा विचारले नै उसलाई सुख दुःख दिन्छन् । जो विचार वारम्वार पुप्टताले गरिन्छ, त्यसैलाई यदि कार्य पूर्तिको लागि तत्काल समय मिलेन भने पनि पछि जव समय मिल्दछ तव विचार पुनः मनमा उत्पन्न भई आफ्नो इच्छानुसार काम गराउँछ । जुन काम नगरौं भन्ने इच्छा छ, त्यसलाई लाचार भएर गर्नु पर्दछ । जस्तो कसैले धेरै दिनसम्म चोरीको विचार गरेको छ तर उसलाई चोरी गर्ने अवसर मिलेको छैन र पछिवाट कुनै सत्सङ्गमा गएर उसले आफ्नो चाल-चलन सुधार्न धेरै खोज्यो भने र पहिले गरिएका चोरीका विचारहरुको स्मरणद्वारा पश्चाताप गरेर उसले अव म कहिल्यै चोरी गर्ने छैन भनी निश्चय गऱ्यो भने पनि समय पाएर पूर्वमा गरिएका चोरीका विचारहरुले उसको मन लोभ्याउँछन् र इच्छा नभएर एवं चारी नगर्ने पूर्ण निश्चय गरेर पनि उसवाट चोरी भै नै हाल्छ । किनभने उसका ती विचार मरेका छैनन् । यसैले जव तिनका सहायक विचार मिल्दछन् तव तिनले उसद्वारा वलात् चोरी गराइदिन्छन् । यसै प्रकार पूर्वमा गरि एका विचारहरुवाट अन्य जन्ममा पनि मानिस लाचार भएर उही काम गर्दछ । विचारहरुमा यति ठूलो वल छ । शरीर नप्ट हुँदैमा विचार नप्ट हुदैन । विचारहरुलाई विकसित गर्ने उपाय के हो भने जसरी एउटै मार्गमा गाडीहरु लगातार दौडिरहने गरे भने मार्गमा गाडीका पाङ्गाहरुको चिन्ह वन्दछ र इनारमा डोरीको घोटाइले ढुङ्गामा चिन्ह वन्दछ, त्यसैगरी एउटै विचार वारम्वार पुप्टताले गरिएको छ भने मप्तिकमा त्यस प्रकारका परमाणु पुप्ट हुन जान्छन् र ज्ञानतन्तुहरुलाई त्यस अनुकुल चल्ने स्वभाव पर्न जान्छ । यसैले शरीर र मनको परिश्रमविना सवै कार्य आफ से आफ हुने गर्दछन् । जव एक पटक एक प्रकारका विचारमाथि एकाग्रता गरिन्छ, तव त्यो विचार प्रप्ट हुनजान्छ त्यस वाट फेरि अन्य विचार गर्नु सहज हुनजान्छ । जसरी नित्य व्यायाम गर्नाले शरीर पुप्ट हुन्छ , उसरी नै नित्य विचार गर्नाले विचार शक्ति पुप्ट हुन्छ । विचार शक्तिलाई पुप्ट पार्नु छ भने एउटै प्रकारका विचार वारम्वार गर्नु पर्दछ यस्तै प्रकारले नराम्रा विचारहरुलाई नाश गर्न जान्यौं भने हामीले धेरै नै सरलता र शीघ्रतासाथ उन्नति गर्न सक्छौं । किन भने नराम्रा विचारले नै हामीलाई साना-साना कुरामा अल्भाइ राख्दछन् । यसैले हामी अगाडी वढ्न पाउँदैनौं जसरी दुर्गन्धित स्थानलाई शुद्ध गर्नका लागि सुगन्धित वस्तु छर्कनु पर्दछ र शील निवृत्तिको लागि उप्ण औपधी सेवन गर्नु पर्दछ उसरी नै खराव विचारहरुलाई नप्ट गर्नका लागि राम्रा विचार पुप्टतासाथ गर्नु पर्दछ । क्रोधका विचारहरुको नाशको लागि शान्ति विचार एकाग्रताले गर्नु पर्दछ र लोभका विचारहरुको निवृत्यर्थ सन्तोप र उदारताको विचार अधिकभन्दा अधिक गर्नु पर्दछ । द्वेप विचारको नाशका लागि प्रेमको विचार र अभिमानी विचारको नाशको लागि नम्रताका विचार तथा भयको विचारको नाशको लागि निर्भयताको विचार गर्नु पर्दछ । यस्तै नै नराम्रा विचारका विरोधी तत्तत् शुभ विचारहरुलाई वढाउन पर्दछ । यसैलाई योग्य शास्त्रमा प्रतिपक्ष भावना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'तात्प्रतिपेधायं प्रतिपक्ष भावनम्' (counter-thought) भनेको छ । जव किसान आफ्नो खेतमा रोपेको खेतीलाइं सुकाउन चाहन्छ तव सिंचाइं गर्न वन्द गरिदिन्छ । यसवाट त्यस वालीको वृद्धि आफ से आफ रोकिन्छ र खेती सुक्न जान्छ । त्यस्तै नै आफ्नो मनमा जमेका नराम्रा विचारहरुलाइं नष्ट गर्नु छ भने तिनलाइं सिंच्न वन्द गरिदिनु पर्छ अर्थात् त्यस प्रकारका विचारहरुलाइं मनमा आउनै दिनु हुँदैन, यदि आइहाले भने तिनलाइं तत्काल निकालिदिनु पर्दछ । जस्तो पानी विना वृक्ष थोरै कालमा सुकेर जान्छ उस्तै नै नराम्रा विचारहरुलाइं सहायता नमिल्नाले थोरै समयमा ती स्वयं नष्ट हुन्छन् । यसैले खराव विचारलाइं उठ्नै नदिनाले र त्यसका विरुद्ध मनमा राम्रा विचारहरुलाइं स्थान दिनाले नराम्रा विचार अति शीघ्र नष्ट हुन जानेछन् । मानिस नराम्रा विचार धेरै गर्छ र राम्रा विचार ज्यादै कम । यसवाट भय, सन्ताप, रोग, निराशादि अनेक व्याधिहरु देखा पर्दछन् किनभने सवै प्रकारका दुःख नराम्रा विचारवाट उत्पन्न हुन्छन् । राम्रो विचार गर्नमा जति श्रम पर्दछ उत्ति नै श्रम नराम्रो विचार गर्नमा पनि पर्दछ ।

साभार : विचार विज्ञानवाट

पोखरा चिसाखोला वेद विद्याश्रमको उत्तरोत्तर प्रगतिको
शुभकामना एवं समस्त प्रध्यापक, अभिभावक,
विद्यार्थीहरुमा २०५६ सालको शुभ विजया
दशमी तथा दीपावलीको पावन
अवसरमा शुख शान्ति
संवृद्धिको मंगलमय
शुभकामन व्यक्त
गर्दछु ।



क्याम्पस प्रमुख
जनप्रिय वहुमुख क्याम्पस
जनप्रिय मार्ग, पोखरा

३. " मोह त्याग गन - मन, वचन कर्मको एकता हुनु पर्दछ " - खप्तड स्वामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली वैवाहिक संस्कृति : एक अध्ययन

डा. मोतीलाल पराजुली

'वह ' धातुमा 'घञ्' प्रत्यय लगाएर 'वि ' उपसर्ग थपेपछि 'विवाह ' शब्द निर्मित हुन्छ । यसको अर्थ हो - नारी र पुरुपको सांस्कृतिक मान्यता प्राप्त प्रणय सम्वन्ध विवाह सामान्यत: महिला र पुरुपका बीचमा हुने सांस्कृतिक एवं सामाजिक मर्यादा यूक्त वन्धन हो । यो एउटा परिवार संचालन गर्नका निमित्त गरिने जीवन संभौता हो गृहस्थी जीवनका सुख, दु:खलाई वांडेर निश्चित सांस्कृतिक पृष्ठभूमिमा उच्च जीवनको व्यवस्था गर्ने, भौतिक आवश्यकतालाई पूर्ति गर्ने र जैविक आवश्यकताको पूर्ति एवं परिपालन गर्ने धार्मिक, सांस्कृतिक, सामाजिक एवं पारिवारिक आस्था र निप्ठालाई व्यवहारमा ल्याउने जीवनको महत्वपूर्ण प्रणय वन्धन नै विवाह हो अत : मानव जीवनमा विवाहको मर्यादित एवं विशिप्ट स्थान रहेको छ ।

प्राचीन समयदेखि नै हाम्रो संस्कृतिमा विवाहको महत्वपूर्ण स्थान रहि आएको छ । यो मानव जीवनका सोह्र संस्कार मध्यको एउटा महत्वपूर्ण संस्कार हो र यसका निम्ति निश्चित नियमहरु वनाइएका छन् । ती नियमहरु सांस्कृतिक एवं सामाजिक संरचना र पृष्ठभूमि सुहाउंदा छन् । हरेक जातिमा आ-आफ्नै संस्कृति, कुल परम्परा र सामाजिक प्रचलन अनुसार विवाह गर्ने प्रथा चलिआएका छन् । यि नै परम्पराहरुको उपयूक्त परिपालनवाट सामाजिक संस्कृतिको निर्माण भएको छ । विवाह प्रथाले समाजमा रहेका यौनजन्य कुकृत्यहरुलाई हटाई स्वच्छ र अनुशासित नियमको व्यस्थापन गरेको छ । त्यसैले विवाह दुई प्राणी वीचको संभौता मात्र नभइ सामाजिक संस्कृति र मर्यादाको परिपालन गर्ने नैतिक वन्धन पनि हो ।

प्राचीन समयदेखि हाम्रा ऋपिमुनिहरुले विवाहका वारेमा धेरै नियमहरु वनाएका छन् । वर-वधुको छनौट देखि विवाह गर्ने समय सम्मका विभिन्न अवसरमा गरिने कार्यहरु देखि लिएर जीवन पर्यन्त दाम्पत्य जीवनमा अपनाउन पर्ने विधिहरुको पनि व्यवस्था गरिएको छ । सामान्यत : प्राचीन महर्पिहरुले सजातिय विवाहको समर्थन र अर्न्तजातिय विवाहको निपेध गरेको देखिन्छ । भिन्न संस्कृति भएका दुई व्यक्तिहरुका वीचको वैवाहिक सम्वन्धले पारिवारिक संस्कृतिमा असर गर्ने हुंदा त्यस्तो विवाहको निपेध गरिएको हुन सक्तछ । तापनि विवाहका विभिन्न प्रकारहरु र विभिन्न वर्णहरुले पालन गर्नुपर्ने वैवाहिक क्रियाकलापका वारेमा पनि निश्चित व्यवस्था गरिएको छ । मनुस्मृति र याज्ञवाल्क्य स्मृतिमा त आठ किसिमका विवाह, तिनको विधि, असर र पालना गर्नुपर्ने कुराहरु समेत वताइएको छ । यस प्रसंगमा प्राचीन समयमा प्रचलनमा रहेका आठ प्रकारका विवाहरुको परिचय सान्दर्भिक हुने छ -

व्राम्हो देवस्तथैवार्प : प्राजापत्यस्तथासुर : ।
गन्धर्वो राक्षसश्चैव पैशाचाश्चाप्टमोऽधम : मनुस्मृति -३ २१

व्राह्मी, देवी, आर्प, प्रजापत्य, असुर, गन्धर्व, राक्षस र पैशाची यी आठ प्रकारका विवाह हुन् । यी सुरु देखि क्रमश : अधम हुन्छन् ।

यी आठ प्रकारका विवाह मध्ये व्राहमी , दैवी , आर्प, प्रजापत्य असुर र गन्धर्व विवाह व्राह्मणहरुका लागि वैध विवाह हुन् । यिनमा पनि प्रथम चार विवाह व्राह्मणका निम्ति श्रेप्ठ मानिएका छन् । क्षत्रीयहरुका निम्ति असुर, गन्धर्व, राक्षस र पैशाची यी ४ विवाह वैध र राक्षस विवाह श्रेप्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिएको छ । वैश्य र शुद्रका निम्ति असुर, गन्धर्व र पिशाच विवाह वैध मानिएको छ । यी सबै विवाहहरु सजातीय विगोत्री वर -वधूका निम्तिमात्र योग्य हुन्छन् ।

ब्राह्मी विवाह :- आच्छाद्य चार्चयित्वा च श्रुतिशीलवते स्वयम् ।
आहूय दानं कन्याया ब्रह्मो धर्मं प्रकीर्तित : ॥ मनुस्मृति ३/२७

शास्त्रीय गुण र शील भएको शजातीय वरलाई बोलाएर विभिन्न वस्त्रालङ्कार पहिराई पूजा गरेर कन्यादान दिई गरिने विवाह ब्राह्मी विवाह हो यो विवाह सवैभन्दा श्रेष्ठ मानिएको छ । यस्तो विवाह भएपछि उत्पन्न हुने सदाचारी पुत्रले अगाडि र पछाडिका १०, १० पुस्ताको उद्धार गर्दछ ।

दैवी विवाह :- यज्ञेतु वितते सम्यगृत्विजे कर्म कुर्वते ।
अलङ्कृत सुतादानं दैवं धर्म प्रचक्षते ॥ मनुस्मृति -३/२८

यज्ञमा पुरोहित ब्राह्मणभई काम गरिरहेका ऋत्विजलाई विभिन्न वस्त्रालङ्कार पहिराई पूजा गरी कन्यादना दिई गरिने विवाह दैवी विवाह हो । यस्तो विवाहवाट जन्मेको सदाचारी पुत्रले ७ पुस्ता अघि पछिका वंशजहरुको उद्धार गर्दछ ।

आर्ष विवाह :- एकं गोमिथुनं द्वेवा वरादादाय धर्मत : ।
कन्याप्रदानं विधिवदार्षो धर्म : स उच्यते ॥ मनुस्मृति -३/२९

वर पक्षवाट एक दुई जोडी गाई-गोरु (धन सम्पत्ति) लिएर धर्म अनुसार विधिवत् कन्यादान गरी हुने विवाह आर्ष विवाह हो । यस्तो विवाहपछि जन्मेको सदाचारी पुत्रले ३ पुस्ता अघि र ३ पुस्तापछिका वंशजहरुको उद्धार गर्दछ ।

प्राजापत्य विवाह :- सहोभौ चरतां धर्ममिति वाचानुभाष्य च ।
कन्याप्रदानमभ्यर्च्य प्राजापत्यो विधि : स्मृत : ॥ मनुस्मृति ३/३०

वर-वधु मिलेर गृहस्थी धर्म गर भनी वरलाई वचनवद्ध गराई पूजा-आर्चना सहित कन्या दिनु प्राजापत्य विवाह हो । यस्तो विवाह पछि जन्मेका सदाचारी पुत्रले ६ पुस्ता अघि र ६ पुस्ता पछिका वंशजहरुलाई उद्धार गर्दछन् ।

गन्धर्व विवाह :- इच्छायान्योन्यसंयोग : कन्यायाश्च वरस्य च ।
गान्धर्व : स तु विज्ञेयो मैथुन्य कामसंभव : ॥ मनुस्मृति ३/३१

वर-वधुको स्वैच्छाले योनी सम्पर्क भइ वासना पूर्तिको सुखद कामनाले गरिने विवाह गन्धर्व विवाह हो, यो यस्तो विवाह रति सुख र आनन्दका निम्ति गरिन्छ । यस्तो विवाहवाट जन्मेको सन्तति धार्मिक समृद्धिका निम्ति योग्य मानिदैन ।

असुर विवाह : ज्ञातिभ्यो द्रविणं दत्वा कन्यायै चैव शक्तित : ।
कन्याप्रदानं स्वाच्छन्द्यादासुरो धर्म उच्यते ॥ मनुस्मृति ३/३२

कन्याका माता पिता वा कन्यालाई धन दिएर स्वच्छन्द रुपले कन्या लिनुलाई असुर विवाह भनिन्छ । यो आसुरी धर्म अनुसार हुने विवाह हो । यस्तो विवाह वाट जन्मिएको सन्तती धर्मद्वेषी र कुलनाशक हुन्छ ।

राक्षसी विवाह : हत्वा छित्वा च भित्वा च भित्वा चा क्रोशन्तिं रुदतिं गृहात् ।
प्रसह्य कन्या हरणं राक्षसो विधि उच्यते ॥ मनुस्मृति ३/३३

४. " पुनर्जन्म हिन्दू धर्मको सबै भन्दा सर्वोत्तम विशेपता हो "- वेदव्यास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संरक्षकहरुलाइ मारेर, पिटेर वा गेट-ढोका फोडेर रुदै कराउदै गरेकी कन्यालाई वलात् अपहरण गरी गरिने विवाह राक्षसी विवाह हो । यस्तो विवाहवाट जन्मिएको पुत्र निर्दयी, भुटोवोल्ने र धर्म निन्दक हुन्छ ।

पैशाची विवाह : सुप्तां मत्तां प्रमात्तां वा रंहो यत्रोपगच्छति ।

स पापिष्ठो विवाहानां पैशाचश्चाष्टमोऽ धम : मनुस्मृति ३ ३४

सुतेर निदाएकी, मदले लठठ् भएकी वा वेहोश कन्यालाई मैथुन गरी निकृष्ठ र पापी व्यवहारवाट गरिने विवाह पैशाची विवाह हो । यो विवाह सवै भन्दा अधम हुन्छ । यस्तो विवाहवाट जन्मिएको सन्तान निर्दयी, भुटो वोल्ने वेद निन्दक र धर्म द्वेपी हुने मानिएको छ ।

- माथि प्रस्तुत गरिएका आठ प्रकारका विवाहहरु सजातीय भिन्न गोत्रीय व्यक्तिहरुका वीचमा भएमामात्र मान्य मानिएका छन । यदि असवर्ण वा विजातीय व्यक्तिहरुका वीचमा विवाह भयो भने त्यस्तो विवह अनुलोम र प्रतिलोम हुन सक्तछ । उच्च कुलीन पुरुपले निम्न कुलीन नारी संग विवाह गरेमा अनुमोल र उच्चकुलीन नारीले निम्न कुलीन पुरुपसंग विवाह गरेमा प्रतिलोम हुन्छ । लगातार सात पुस्ता सम्म अनुलोम भएमा पूर्ण तल्लो जाति र सात पुस्तासम्म प्रतिलोम भएमा शुद्ध उपल्लो जाति हुनसक्ने व्यवस्था पनि स्मृतिग्रन्थहरुमा गरिएको छ । यस व्यवस्थाले विभिन्न मिश्रित जातिको सांस्कारिक सुधारको अपेक्षा गरेको प्रतीत हुन्छ । यस कुरालाई तल्लो तालिकाले स्पप्ट पार्ने छ -

वधू → / वर ▼	ब्राह्मणी	क्षत्रीया	वैश्या	शूद्रा
ब्राह्मण	उत्तम	मध्यम(अनुमोल)	निम्न(अनुलोम)	अधम(अनुलोम)
क्षत्रीय →	मध्यम(प्रतिलोम)	उत्तम	निम्न (अनुलोम)	अधम(अनुलोम)
वैश्य	निम्न(प्रतिलोम)	निम्न(प्रतिलोम)	उत्तम	अधम(अनुलोम)
शूद्र	अधम(प्रतिलोम)	अधम(प्रतिलोम)	अधम(प्रतिलोम)	उत्तम

माथिको तालिका अनुसार एउटी वैश्य स्त्रीले व्राह्मणसंग विवाह गरी र उसका सातपुस्ता सम्मका छोरी हरुले व्राह्मणसंग नै विवाह गरेमा आठौं पुस्ता पूर्ण व्राह्मण हुन सक्तछ तर एक क्षत्रीय पुरुपले शुद्र कन्यासंग नै विवाह गर्‍यो र सातपुस्तासम्म यो क्रम रह्यो भने सवै कन्याहरु शुद्र नै हुन्छन् । यस तथ्यले जातिगत संस्कारगत र रक्त शुद्धिगत कुरामा वढि जोड दिएको पाइन्छ । माथि प्रस्तुत तथ्यहरुले विवाहको प्रकृति, संस्कार र कार्यलाई समन्वयात्मक रुपमा लैजानु पर्ने तथा धेरै कुरामा विचार पुर्‍याई वैवाहिक कार्य गर्नु पर्ने कुरामा जोड दिएका छन् ।

हाल नेपाली समाजमा प्रचलित विवाह र वैवाहिक पद्धतिलाई हेर्दा मिश्रित विधिको प्रयोग भएको पाइन्छ । नेपालमा सर्वाधिक प्रचलित विवाह मागी विवाह हो । वर वा वधू पक्षका व्यक्तिहरुले अर्को पक्षसंग कुराकानी मिलाइ वाग्दान, कन्यादान आदि रीतसंग गरिने विवाह व्राह्मी र प्रजापत्य विवाह हुन् तर यस्ता विवाहमा पनि स्वयम्वर विधि (गन्धर्व विवाह र कानूनी विवाह) गर्ने प्रचलन रहेको छ । केटाकेटीको प्रेमका आधारमा गरिने विवाह गन्धर्व विवाह हो तर त्यस्तो प्रेम विवाहलाई पनि अभिभावकले मान्यता दिइ कन्यादान कै विधिपूर्वक विवाह गरेको पाइन्छ । क्षत्रीहरुले मागी विवाह गर्दा खांडो जगाइ ढाल र तलवार अगाडि राखेर विवाह यात्रा गर्दछन् । यस्तो विवाहमा व्राह्मी र राक्षसी विवाहको मिश्रण पाइन्छ । गीत गाउदै गाउदै हारजीतका आधारमा गरिने विवाह गन्धर्व विवाह हो,भने यसरी जीतहार भएपछि कन्यादान कै विधिवाट विवाह भएको पनि पाइन्छ । केटाकेटीका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इच्छाले मन्दिरमा गइ विवाह गर्नु गन्धर्व विवाह हो, तर पुजाहारीले त्याहां ब्राह्मी विवाहको विधि पनि पालन गराउंदछन् । मगर जाति तथा थारुजातिमा वर पक्षले वधू पक्षलाइं निश्चित रकम वा माइतेरो दिएपछि विवाह पक्का हुन्छ । यो विवाह आर्ष विवाह कै विधिअनुसार भएको मान्नु पर्दछ । गाउं घरमा केटो गरीव भएमा, कुनै खोट भएमा, गरीव माइतीले निश्चित रकम (थैली) लिएर विधिपूर्वक विवाह गरिदिने प्रचलन रहेको छ । यस्तो विवाह पनि आसुरि विवाह नै हो । कतिपय विवाहमा साटासाट गर्ने (साटो हाल्ने) चलन पनि पाइन्छ । यो विवाह विधि शास्त्रमा उल्लेख छैन । कुनै यज्ञमा रहेका ऋत्विजलाई आफ्नी कन्या दान गरी दिने दैवी विवाह पनि नेपाली समाजमा छिटपुट पाइन्छ । यसरी विभिन्न विधिहरुको मिश्रित रुप र पद्धति नेपाली समाजको वैवाहिक संस्कृतिको आधार भएको छ ।

२०१७ मा सालको कानूनको निर्माण भएपछि नेपालमा कानूनी विवाहको पनि प्रचलन रहेको पाइन्छ । सामान्यत: १८ वर्ष पूरा गरेका वालिगहरुले स्वेच्छाले वर-वधू मिलेर अदालतमा गइ कानूनी विवाह गर्न सक्तछन् । कानूनी रुपमा मान्यता पाए पनि यस्तो विवाह नेपाली समाजमा विकसित हुन सकेको छैन । परम्परागत वर्गीकृत विवाहका सन्दर्भमा हेर्दा यस्तो विवाह गन्धर्व विवाह जस्तो प्रतित हुन्छ । नेपाली वैवाहिक संस्कृतमा रहेको पञ्जापत्रको विश्लेषण गर्दा नेपाली संस्कृतिमा सामाजिक कानूनी विवाहको प्रचलन रहेको थियो । तर आज यो मिश्रित विवाह पद्धति भइसकेको छ । विवाहका दिन वर -वधू स्वयम्वर गर्दा सेतो कपडामा दुवै हातको छाप पर्ने गरि अविर रङ्गमा जन्ति र माइतीका रोहवरमा कपडामा छाप लागाउंछन् र त्यो कपडा माइतीलाइं दिन्छन् । यो पञ्जाछाप भएको कपडा नै माइतीका लागि अभेद निशानी मानिन्छ । जङ्ग वहादुरले महारानी लक्ष्मी देवीवाट पञ्जापत्र पाएपछि परिवर्तनीय प्रधान मन्त्रि वनेको कुराले यस संस्कृतिलाई संझाउंदछ । सामान्यत: पञ्जाछाप वा पञ्जापत्र कसैले हरण र वदर गर्न नसकिने सांस्कृतिक र कानूनी प्रमाण हो । यस कुरावाट हाम्रो परम्परागत विवाह पद्धतिमा सामाजिक कानूनी अंशहरु लुकेर रहेका छन् र यी विधिहरु अन्य विवाहका अङ्गका रुपमा रहेका मिश्रित विधि हुन् भन्न सकिन्छ । यसरी समष्टिमा हेर्ने हो भने प्राचीन समयमा प्रचलनमा रहेका ८ किसिमका विवाहहरु आज पनि हाम्रो समाजमा परिपालन हुंदै आएका छन् । तर धेरै विधिहरु मिश्रित रुपमा हरेक विवाहमा पाइने हुनाले प्राचीन विधिलाई सामाजिकीकरण गरी व्यवहारमा ल्याएको पाइन्छ । अहिले हाम्रो देशमा स्वतन्त्रता र मानव अधिकारको नाउंमा वैवाहिक संस्कृतिमा पनि विकृतिहरु पसिरहेका छन् । एकातिर धनाढ्य वर्ग आफ्नो आर्थिक वडप्पनलाइं वैवाहिक संस्कारसंग गांसेर वोझिलो र रवाफ युक्त वैवाहिक सम्वन्ध देखाउंदै गइरहेको छ भने मध्यवर्ग निम्न वर्ग वैवाहिक संस्कृतिका मूल पक्षलाइं विर्सेर औपचारिक एवं संस्कृति विरुद्धको वैवाहिक गतिविधिमा लागिरहेका छन् । आर्कोतिर व्यक्तिगत स्वतन्त्रता र मानव अधिकारका नांउमा हाम्रो वैवाहिक संस्कृतिमा विचलन आउनुका साथै दाम्पत्य सम्वन्धमा पनि विच्छेदन भई रहेको छ । अन्य जातिको वैवाहिक सम्वन्धका तुलानामा नेपालीमा प्रचलित वैवाहिक सम्वन्ध सभ्य एवं दिगो रहने प्रकृतिको छ । यस संस्कृतिलाइं विच्छेदन गर्ने हो भने हाम्रो पारिवारिक एवं सांस्कृतिक भविष्य दुर्घटनाको शिकार हुने । त्यसैले उच्च धनाढ्य वर्गले वैवाहिक प्रथालाई अभिजात्य संस्कृतिवाट सरलतातिर ल्याउनु आवश्यक देखिन्छ । भने मध्यम र निम्न वर्गका व्यक्तिहरुवाट पनि संस्कृतिक विचलनतिर अग्रसर नभइ सामाजिक संस्कृतिको संरक्षणमा ध्यान दिनु पर्ने देखिन्छ । विवाह संस्कार वर-वधूकको जीवन उच्च, सफल दीर्घजीवी हुने आधार वनोस, यो आडम्वर देखाउने र संस्कृतिमा विचलन ल्याउने माध्यम नवनोस् भन्ने हामी सवैले कामना गर्नु परको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चेक् - पोष्ट

जन्म्यौं नाङ्गै
सँग न लिइ क्यै
मम्मिको कोखवाट
साँच्यौं आफ्ना
नसिव जति हो
त्यत्ति सम्पत्ति मात्र
जान्छौं, नाङ्गै
सव कुछ यहीं
छोडी एक्लै परत्र
तेरो मेरो
गरि गरि गयो
जिन्दगी व्यर्थ खेर

मान्छेको यो जुनि
जुनिहरु मध्यको
सर्व श्रेष्ठ
कैयौं चोला
वदलि-वदली
मात्र नै यो छ प्राप्य
सच्चिद्व्रह्माऽऽ
त्मक अनुभव-
प्राप्तिको स्रोत हो यो
आवाजाहीपन
भुवनको रोक्न
" चेक्-पोष्ट " हो यो

" किञ्जल्क"

कविता

-विकल्प राज तिमिल्सिना
पोखरा - ७

फूलवारी र फूल

सुनौला पात, नौ रङ्गी फूल, वसन्त ढाकेर ।
पुतली खेल्छन्, भ्रमरा नाच्छन्, खुव खुशी भएर ॥
कवि र वीर सपुतहरु हुर्कन्छन् यसैमा ।
संलग्न हुन्छन्, नेपाली दिलको वढाउन गरिमा ॥
यस्को सुवासले गर्दा लोभ्याउँछ दर्शकलाई ॥
दिदी र वहिनी उन्दछन् माला भाइ र दाजुलाई ॥
भ्रमराहरु अलौकिक फूल्को रसमा भुल्दछन् ।
मानिसहरु फोटोको लागि यहि ठाउँ रोज्दछन् ॥
सुगन्ध दिंदैं, सुवास छर्दै फैलिन्छ वासना ॥
रङ्क र राजा, धनी गरिव भेट्दछन् स्वासमा ॥
संरक्षण गरौं, सद्भाव राखौ सद्गुणी फूलमा ।
सु-स्वागत गरौ सद्गुणी फूललाई नेपाली भापामा ।
सु-स्वागत गरौ सद्गुणी फूललाई नेपाली भापामा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पोखरा चिसाखोला आश्रम हिजो आज र भोलि

मोक्षनाथ निर्मोल्मिना

नेपालको प्राकृतिक सौन्दर्यतापूर्ण माछापुच्छ्रे हिम श्रृङ्खलाको काखमा गण्डकी अन्चल पोखराको नजिक रहेको एकान्त स्वच्छ प्राकृतिक सम्पदाले भरिएको मनोरम पोखरा वेसी फाँट हालको नयाँवसपार्क देखि १ कि.मी. माथि सराङ्गकोट वडा नं. ६ चिसाखोलाको प्राचीन रुप निगाल्दा यस ठाँउमा पुरानो मानो शिवजीको भत्केको मन्दिर र माताको मूर्ति रहेको थियो । यहाँ माताले संरक्षण गरी वसेको हुनाले यस ठाउलाइं मणि भन्ने चलन थियो । चिसाखोला आश्रम मणिनामले परिचित भएको कुरा थाहा छ ।

राणा शासन कालमा कुनै शिक्षण संस्था नभएकोले केही ठाँउमा गुरुहरुले नै शिक्षा दिने परम्परा थियो । हालको नदीपुर नारयाणस्थानमा वुढागुरुवालकृष्ण, मौनीमहाराज, प्रेमचैतन्य, आत्मराम सहितका गुरुहरुले संस्कृत भाषाको अध्यापन गराउनु हुन्थ्यो । वि. सं. १९९९ मा नारायणस्थानमा सवै गुरुहरु र विद्यार्थीहरुमा अमेल भएका कारण गुरु प्रेम चैतन्य ज्युको नेतृत्वमा ऋषिराम, मु.लक्ष्मी प्रसादको सहयोगमा मौनी महाराज, केदारनाथ, विष्णु प्रसाद, रुद्रमणी, लक्ष्मीशरण, टीकाराम अधिखोले विद्यार्थी नाम थाहा नभएका विद्यार्थी सहित मणि भन्ने हालको चिसाखोलामा गइ भकारीले घर वनाइ वस्नेठाउ र शिवजीको मन्दिरलाई जिर्णोद्धार गरी रुद्री पूजाको आरम्भ भयो । गुरु प्रेम चैतन्यज्यू, धेरै भाषाका ज्ञाता हुनाले विद्यार्थी हरुलाई राम्रो सग अध्यापन गराउनु हुन्थ्यो । त्यहाँ पढ्ने विद्यार्थीहरुले प्रत्येकदिन रुद्री गराएवापत् भक्तजनहरुले भोजनको व्यवस्था गरिदिने परम्परा कायम भयो । यो अवस्था तीन वर्ष जति रह्यो । भक्तजनहरु वाट भोजन गराउने व्यवस्थाले गाह्रारो भएकोले गाउ गाउमा गएर मागमा धान उठाउन थालियो । श्री ३ महाराजवाट मासिक रु. ५०।-सहयोग भएको रकमले पं. टंकनाथ गुरु लाइं तलवमा नियुक्त गरी व्याकरण अध्यापन गराउन लगाइयो । यसरी कार्य संचालन हुँदै आएपनि नेपालमा राणा शासन को दमनले यस आश्रमलाई पनि प्रभाव पारेको देखिन्छ । गुरु प्रेम चैतन्य एक दार्शनिक प्रभावशाली भविष्यका ज्ञाता हुनुहुन्थ्यो । उहाँले प्रजातन्त्र ल्याउनमा धेरै देन दिनुभएको कुरा उल्लेखनीय छ । २००७ सालको क्रान्तिको अगाडि गुरुज्यूले अव नेपाल मा प्रजातन्त्र आउछ । राणाहरुको राज्य गर्नेदिन अव धेरै छैन त्यसैले यस आश्रमलाई पनि त्यसको प्रभाव पर्दछ । अव प्रजाका छोरा छोरीहरुले पढ्न पाउनेछन् । विद्यालयहरु खुल्नेछन् , वेदाध्ययनको लागि सरकारले चासो देखाउने छैन । यो आश्रमको पूजा यज्ञशालको संचालनको लागि गुठी जग्गाको व्यवस्था गर्नु पर्दछ भनि उहाले केदारनाथ समेतको संयुक्त प्रयासवाट स्याङ्गजा, वटौली, रिडी, गुल्मी, वाग्लुङ्ग, घान्द्रुक, सल्यान, पोखारी समेतका ठाउँमा पंजावी गरुको सहायताम भिक्षादान गठाउन र सहयोग लिन हिंडिएको र पोखरावाट कृष्ण प्रसाद थकाली, ऋषिराम, जयलालले नगद सहयोग गर्नु भएको थियो । त्यसरी उठेको रकम समेतवाट विभिन्न ठाँउमा धान खेत राजीनामा पारित गरि लिएको अन्दाजी २७ रोपनी जग्गाको अधियाँवाट आउने १८ २० मुरी धान आउने धान खेत र पाखो जग्गामा घैयावारी भन्ने जग्गा पोखराका दाताहरु वि. वलवहादुर, विष्णु वहादुर, काशिराम, भैरव , भोलानाथ कैराला र मोहनमा, गजेन्द्रमान, लक्ष्मी प्रसाद पालिखे समेत ९ जनाले २००६ सालमा आश्रमको यज्ञचले सम्म दानपत्रको कागज गरी उदारताकासाथ दान गर्नुभएको थियो । यसरी अग्निहोत्र यज्ञको लागि गुठि जग्गाको व्यवस्था भएपछि सपत्नी सहित अग्नीहोत्र यज्ञ गर्नुपर्ने भएकोहुनाले गुरु प्रेम चैतन्यज्युले विवाह गर्न अह्राएपछि आफ्नो विवाह गरी आश्रममा विधिवत रुपमा सपत्नी सहित अग्नीहोत्र यज्ञ गर्न केदारनाथ लाइं जिम्मा लगाइयो । उक्त यज्ञशालामा स्मार्ताधान विधिवाट अखण्ड अग्नीहोत्र धुनीको व्यवस्था गरी पारस्कार गृहसूत्र वमोजिम पञ्चासना , प्रयेक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिपदाको दिनमा विशेष हवन पक्षादी। शिव पाञ्चायन पूजा, रुद्री नित्य र नैमित्य पूजा संचालन हुन थाल्यो। २००७ सालको प्रजातन्त्र वहालीमा यो आश्रमले चासो राखेको र पश्चिम नेपालको प्रमुख कार्यकर्ता भेलाहुने ठाउको रुपमा रहेको र गोप्य वैठक वसि प्रशिक्षण दिने स्थलको रुपमा रह्यो। यहाँ भारतवाट नेताहरु आउने र गुरुज्यूसगं सरसल्लाह गर्ने गर्दथे। भारतीय नेता सहित सुन्दरप्रसाद, ऋषिकेश, श्रीभद्रशर्मा, दयाशंकर, सर्वज्ञमान, कृष्ण कुमारी, मीनवहादुर, मुक्तिनाथ, अमृत प्रसाद, विश्ववन्धु, करुणानिधि, हरिप्रसाद जस्ता नेताहरुले वैठक गर्ने शैक्षिक प्रशिक्षण गर्ने ठाउको रुपमा रहेको थियो।

२०१३ सालमा चिसाखोला आश्रममा केही मन मुटाव आएको भान भएपनि आश्रमको स्वामित्वको लागि केदारनाथलाइ आश्रमको पूजा यज्ञशालको जिम्मा लगाइ गुरुज्यू पोखराको टुंडिखेलमा केही समय रहनु भएको थियो। २०१५ सालको प्रथम लोक तान्त्रिक व्यवस्थाको प्रारम्भको निर्वाचनमा गुरुज्यू लाइ उपल्लो सभामा पश्चिम ३ नं. वाट नेपाली कांग्रेसले मनोनित गर्‍यो। यता विद्यार्थीहरुलाइ भोजनको सहयोग भिक्षा दान आउन छोड्यो। २०१७ सालमा श्री ५ महेन्द्र सरकारले निर्दलिय पंचायती व्यवस्थाको सूत्रपात गरिवक्स्यो। त्यस पछि वहुदलवादी नेतालाइ सर्वस्व हरण गर्ने जेलचलान गर्न शुरु भएपछि गुरु प्रेम चैतन्यज्यूले आश्रमको संचालन रेखदेख भोग चलन गर्न शिष्य कायम गरी केदारनाथलाइ अधार प्रत्यायोजन गरी जानु भएको थियो। गुरुज्यूको अनुपस्थितिमा गुरुज्यूका अन्य शिष्यहरु नजिक नभएको, अन्य हकदार पनि नभएको हुँदा उक्त आश्रमको पूजा, यज्ञ, संचालन गर्न र सम्पूर्ण गुठि जग्गाको तिरो तिर्न केदारनाथ उपाध्यायलाइ शिष्य परम्परा कायमगरी आउँदो नापी सर्भेमा जग्गा धनिमा पोखरा चिसाखोला व्रह्मचर्याश्रम हस्ते केदारनाथ रहने गरी कास्की मालपोत कार्यलयले पर्चा खडा गरी व्यवस्था गरेको छ। तद् अनुरुप गुरुज्यूको स्वेच्छाले आश्रमको अग्नीहोत्र यज्ञमा दैनिक पूजा रुद्री हवन र पक्षादी हवन पर्व पर्वमा विशेष उत्सव पूजा भएर वित्न थाल्यो। उपयुक्त सवै कर्महरु संचालन गर्दा गुठि आयस्ताले चालउन मुस्किल पर्दथ्यो।

२०२५ सालवाट आश्रमको सम्पत्तिमा आँखा लगाउनेहरुले विभिन्न स्थानमा गाभ्ने लैजाने विभिन्न उपनाम, उपसमिति गठन गर्ने प्रक्रिया रहेपनि जुन कामको लागि आश्रमको स्थापना भइ जुन ठाउंमा संचालन भएको हो, त्यसैको लागि स्थायित्व कायम रहेको छ। २०४२ सालमा नै आश्रमको सवै जग्गाहरु आश्रमकै नाममा दर्ता हुने र आश्रमको काम संचालन गर्न प्रेमचैतन्यको चेला केदारनाले गर्न पाउने अन्तिम निर्णय फैसला भएको छ। २०४४ साल वाट हालसम्म आश्रमको गुठि जग्गा र यस्ता केही व्यक्तिहरुले हस्तक्षेप गरेपनि अग्नीहोत्र पं. केदारनाथ उपाध्यायले आफ्नै तर्फवाट खर्चको व्यवस्था गरी पूर्ण सफलता पूर्वक दैनिक पूजा अग्नीहोत्र यज्ञ र विभिन्न पर्वपर्वमा उत्सव, सामुहिक व्रतवन्ध र वार्षिक कार्यक्रमहरु विधिवत् रुपमा संचालन गरी गरिव र सर्वसाधारण समेतलाइ फाइदा पुगेको छ। केदार भन्नुहुन्छ " यो आश्रमका नाममा भएका जग्गाहरु कसैले मास्न नास्न हुँदैन आश्रमको कीर्ति चलाइ शिष्य परम्परवाट चल्नु पर्दछ। "

आश्रमको चौतर्फि विकासको लागि आश्रम संचालकज्यूकै इच्छा वमोजिम कास्की जिल्ला भित्र सारस्वर सहित वेद रुद्री पाठ गर्ने पण्डितहरुको अभाव रहेको कुरालाइ मध्यनजर गरी अग्नीहोत्र पं. केदारनाथज्यूको संकल्प अनुसार वहांकै संरक्षकत्वमा आश्रमको शाखाको रुपमा सगै संचालन गर्न ०५५।१।१६।४ गते अक्षय तृतियाकोदिन उपस्थित भक्तजन वुद्धिजिवीहरुको उपस्थितिमा ९ सदस्यीय पोखरा चिसाखोला वेदविद्याश्रमको कार्य समितिको गठन गरी नयाँ कार्यक्रम हरुको थालनी भयो।

वेदविद्याश्रमलाइ नयाँ कार्यक्रमहरुको तर्जुमा गरी वैधानिकताको आवश्यकता, विद्यार्थीहरुलाइ अध्यापन, अर्थ संकलन र विविध विषयमा समितिको सक्रियतामा थोरै समयमा पनि धेरै कामहरु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सफलता पूर्वक कार्यहरु गरिसकेको छ । हाल वेद विद्याश्रममा सारस्वर सहित रुद्री वेद अध्यापन तथा कर्म काण्डको पठन पाठनका साथै धार्मिक एवं सांस्कृतिक अवसरहरुमा यज्ञ, यज्ञादि, प्रवचन, भजन कीर्तन आदि कार्यहरुको संचालन भएको छ । आजको भौतिकवाद र विसंगत, विकृति वन्दै गएको समाजलाई धार्मिक वौद्धिक कर्महरु सुचारुरुपले संचालन संस्कृतिको संरक्षण गर्ने र वेद कौमुदी कर्म काण्ड, व्याकरण, नेपाली, गणित जस्ता विपय वस्तुलाई पठन पाठन गराई समाजको प्रस्तुत चेतना र आध्यात्मिक जागरण जगाउने उद्देश्यले पोखरा चिसाखोला वेद विद्याश्रम स्थापना भएको हो । यसका मूलभूत उद्देश्यहरु यस प्रकारका छन् ।

(१) सनातन वैदिक हिन्दूधर्मालम्वीहरु वीच लिङ्गभेद नगरी भातृत्वको सम्वन्ध कायम राख्ने ।

(२) अशिक्षा कुसंस्कार अन्धविश्वास, विसंगतिहरुलाई अन्त्यगरी समाजलाई एक स्वस्थ्य तथा मर्यादित वौद्धिक वातावरण सृजना गर्ने ।

(३) विद्याश्रमलाई संस्थागत रुप दिई संरक्षण सर्म्वधन र सदुपयोग गर्ने ।

(४) समाजको हित र विकासमा सामूहिक अगाडि वढने ।

(५) वौद्धिक कर्मकाण्डको सिप वृद्धि गर्ने ।

(६) चलिआएको परम्परा, संस्कार, कर्मकाण्ड, धर्म, संस्कृति रीतिरिवाजलाई संरक्षण, संचालन एवं संवर्धन गर्ने र राष्ट्र जनता र प्रजातन्त्र प्रति आस्थावान् सामाजिक वातावरण, भापिक व्यवहारमा सक्षम समाज प्रति सकारात्मक प्रवृति भएका स्वस्थ्य स्वावलम्वी उवं चरित्रवान् शैलीका नागरिक तयार गर्ने ।

(७) समान लक्ष्य, समान उद्देश्य भएका क्लव, संगठन, तथा संस्थाहरु संग सहयोगको भावना कायम गर्ने ।

(८) धार्मिक सभा, गोप्ठी, प्रवचन लगायत सामूहिक कार्य गर्ने गराउने मुख्य उद्देश्य रहेका छन् ।

वेद विद्याश्रमले भोलिको दिनमा उपर्युक्त उद्देश्यहरुलाई सफल पार्न भौतिक, आर्थिक स्तर वृद्धि गरि शिक्षा मन्त्रालय तथा शिक्षा नियमा वली अनुसार वेद विद्याश्रम (संस्कृत मा. वि) को पाठ्यक्रम लागु गरि कक्षगत अध्यापन गराईने लक्ष्य छ कुनै दलगत राजनीति र व्यक्तिगत स्वार्थ छोडेर कार्यक्रम संचालन गर्नेछ । यस वेद विद्याश्रमलाई धार्मिक शैक्षिक, पर्यटकीय ऐतिहासिक क्षेत्रको रुपमा विकास गराउन दीर्घ कालीन र अल्पकालीन गुरु योजना तयार गरी कक्षा कोठा, छात्रावास। सतल, धर्मशाला, पाठशाला, सभाकक्ष, पुस्तकालय, सरोवर, पूलवारी,ध्यान केन्द्र, मन्दिर, प्रवचन, सामाजिक पर्वहरुका कार्यक्रम संचालन गर्ने स्थल हरुको निर्माण गर्न निकट भविप्यमा नै गुरुयोजना प्रकाशित गर्ने योजना रहेको छ ।

हिन्दू सम्राट राज्य नेपाललाई विश्व समक्ष परिचय दिन अतिसान्दर्भिक हुने भएकोले हाम्रा संरक्षक अग्नीहोतृ पं केदारनाथ उपाध्यायको संकल्प र परिकल्पना अनुसार यस वेद विद्याश्रमलाई नेपालकै गौरव वढाउन सक्ने धार्मिक पर्यटकीय शैक्षिक, ऐतिहासिक,स्थलको रुपमा विकास गराउन आफ्नो क्षमता अनुसार तन मन धनले यथाशक्य सहयोग गर्न पर्ने भएको छ ।

हिन्दूहरुको प्रतीकात्मक शान्तिको अग्रदूतका रुपमा रहेको वैदिक परम्परालाई कायम गराउन र अग्नीहोत्र यज्ञ तथा वौदिक संस्कृत शिक्षालाई प्रभावकारी वनाउन अति आवश्यक छ । हिन्दू धर्म संरक्षक गर्नको लागि पनि सम्वन्धित सवै निकायहरुले पनि ध्यान पुऱ्याउन पर्ने कुरामा दुईमत रहँदैन । हाम्रो संस्कार सनातन वौद्धिक परम्पराले नै मानिसलाई पूर्ण वनाउँदछ । मानिसका इच्छा र आकांक्षा पुरा गराउन धार्मिक निप्ठामा रहनु पर्दछ । यदि कुनै व्यक्ति आफ्नो आचरणमा रहदैन र अरुको निन्दा गर्दछ भने त्यस्तो मानिसले कहिल्यै पनि विजय हासिल गर्न सक्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेद सागरमा छ्चल्किदा

गंगाधर तिमिल्सिना
वाराही उ.मा. वि मालेमाटन, पोखरा

"व्रह्म सत्यम् जगन्मिथ्या जीवो व्रह्मयैव नापर" खम्व्रह्म परव्रह्म प्रज्ञानम् व्रह्म । अहम् व्रह्मास्मि, तत्वमसि व्रह्म, अयमात्मा व्रह्म । यस प्रकार व्रह्माजीको व्रह्माण्ड अन्तर गत चराचर प्राणीको अन्तरात्ममा रहने व्यापक व्रह्म नै विश्व आच्छादित गर्ने निराकार व्रह्म हो । ऋक, यजु, साम र अथर्व वेदमा आ-आफ्नो शैली ले आख्यान् एवं उपाख्यान् भएको छ । सारतः चराचर संसार भ्रम हो ।

त्यो निराकार व्रह्म निरन्तर अविनासी अपरंपार सत्य यथार्थ र शुक्ष्म स्वरुपमा रहन्छ । त्यसलाई अनुभूतिद्वारा सिध्द गर्न गुणति गुण ग्राहच हुनु पर्दछ । संपूर्ण इन्द्रियहरुलाई सच्चिदानन्द स्वरुप मूलभूत एकीकृतको साधन गर्नु, साध्य गर्नु यसको प्रविधि हो ।

सच्चिदानन्द स्वरुप प्रत्यक्ष भै ज्ञान चक्षुद्वारा प्रकासमान, ओजको वर्चस्व अन्तर निहित हुन सक्छ । तव मात्र अन्तर निहित जीव व्रह्म स्वरुप हो वा हैन भन्ने अन्तरानुभुति को विवेकानन्द हुन सक्छ अनि मात्र सत्य झल्कन्छ । वा देखिन्छ ।

".. तन्मे मन : शिव सङ्कल्पमस्तु " "मित्रस्य चक्षुपा समीक्षामहे " जस्ता मनोभावनाहरु फैलिन्छन र परमानन्द स्वरुपले प्रत्यक्षी करण गर्दछ ।

खास रुपमा वेद प्रकृति हो, यसमा पृथ्वी, पानी, तेज, वायु र निराकारलाई वताउँदछ । त्यसैमानै ईश्वरीय शक्ति रहन्छ, भनिएको छ ।

वेदमा पक्षपात, हिंसा, संकीर्ण भावना लोभ आडम्वर क्रोध मोह जस्ता खरावी तत्वहरु छैनन । पञ्च प्रकृति नै मुख्य हो, पृथ्वी आदि पञ्च तत्वको जस्तो स्वभाव गर्नु पर्दछ भन्ने वेदको आशय हो । शुल्क यजुर्वेद ४० मा "हिरण्मयेन पात्रेण सत्यस्य पिहितमुखम् ।
योसावादित्ये पुरुप ॐ सोसावहम् "
तेजको आवरण स्वरुपवाट सत्यको मुख ढाकेको छ । आदित्वरुप, पुरुप -व्रह्म प्रत्यक्ष विद्यमान छन् । त्यो सत्‌चित् स्वरुपनै व्रह्म हो । ॐ कार आकाश समान व्यापक छ, यही परम व्रह्म हो ।

यस प्रकार सूर्यादि पञ्च प्रकृतिलाई मात्र ईश्वर मानिएको छ । यज्ञ गर्नु गराउनु वास्तविक "इज्यते हवि दीयते यत्र " जहाँ हवि दिइन्छ, उ, यज्ञ हो । यो त समान्य अर्थ हो । विशेप अर्थ त, व्यक्ति वा समाजको उपकारको लागि ज्ञानदान, दृष्टिदान, धनदान, अन्नदान उचित पथ निर्देशन अभाव ग्रस्त असहायको सहायता दुःखीको दुःख निवारण रोगिको सेवा, मान्यजन सेवा, समाज नीति, राजनीति, व्यवहार नीति, कर्तव्याकर्तव्य, दुःख शङ्कप्ट आपत विपतमा सहयोग, यस्ता नीतिहरुको समाजमलाई शिक्षा दिएको छ । यसैले हामी वेदको पङ्तिलाई ऋचा वा मन्त्र भन्दछौं । यो एउटा मन्त्रको मात्र व्यवहारमा प्रयोग गऱ्यौं भने हाम्रो समाजको सव्य तथा शिप्ट वन्दछ । वेदमा रहेका चारलाख ऋचालाई प्रयोगमा ल्याउने हो, भने त, राजनीति व्यवहारनीति, शिक्षा, सनातन, विज्ञान, शिल्प उद्योग वाणिज्य, औपधि र व्रह्मचर्य गृहस्थ, सन्यास, योगाश्रमको संरचना कर्तव्य कर्तव्यादि तथा देवता पितृ स्वरुप दर्शन, प्रभृति कार्यमा हामी सक्षम एवं निपुण हुने थियौं । यसरी वेदमा के छ भन्नु भन्दा वेदमा के छैन भन्नु पर्ने छ , एउटा व्यक्तित्व रजनिसले पनि वेदमा "विश्वज्ञान भण्डार विश्वकोप छ भनेका छन यि भित्र वेद सवै तत्वहरु छन् एउटा सेफ भित्र ज्ञान देखि विज्ञान, सुक्ष्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखि स्थुल सम्म परमाणु देखि व्यापक सम्म कण देखि हीरा सम्म संकीर्ण देखि विशाल सम्म संपूर्ण विश्व भण्डार छ, तर त्यसलाइं उघार्ने चार्पा छैन, अथवा कुन चार्पीले उघार्ने हो थाहा छैन । यसैले महर्षि जै मुनि भन्नु हुन्छ ।

"स्वाध्यायोऽ ध्यायव्य " यस्तो वेदलाइं स्वयं निरन्तररुपले पढ र पढाऊ, अन्तर्रानिहित, त खोज त्यहाँसपूर्ण ब्रह्मनन्द तत्व पाइन्छ । यो यस्तो अपार तत्व हो । जसरी ज्ञान जति पुरानो हुन्छ उति नै नया हुन्छ । वेद जति पुरानो हुन्छ, उतिनै नयां हुन्छ, सूर्य आज अस्ताउंदछन् । भोलि उदाउंदा आभास एव ओजपुञ्जले परिपूर्ण भएर आउछन् । पुरानो प्रतीत हुदैन, त्यस्तै वेद रहस्य मय छ ।

अथात् यस भित्र मानव, पशु, पक्षी, किटाणु, जल,आकाश, वायु पृथ्वी मण्डलमा रहने सवै प्राणीहरुलाइं चाहिने आवश्यक सवै तत्वहरु पाइन्छ ।

हामीले यस्तो मर्म वुझेर वेद निर्देशित मार्गतिर लाग्नु पर्नेमा कामिनी र कञ्चन तिर लागेर यो मनुष्यको अपार जीवन सपनासदृष्य भ्रममा परिरहेका छौं । जस्तो वल्छी खेल्ने मानिसले मासुलाइं अकुशोमा राखी पानीमा छाड्दछ । माछाले अकुशो र मासु दुवै देख्दछ तर मासुका लोभले गर्दा अकुशो पनि निल्दिन्छ । त्यही कारण आफ्नो जीवन त्याग्नु पर्दछ । यस्तै मानव पनि कामिनी र काञ्चन रुपि जालमा फसेर आफु, आफ्नो सन्तान, समाज र देश समेत अधोगति तिर धकेली रहेछन् ।

एउटा कमल कोटीले माकुरोलाइं समातेर आफ्नो माटाको गुण भित्र राखेको हुन्छ, त्यो माकुराले कमल कोटीको चिन्तन गर्दा गर्दै केही दिनमा कमल केटी नै वन्छ । त्यस्तै कामिनी र काञ्चनको चिन्तन गरिरहेको मानव पुन: भ्रमरुपी मानव जालमा फस्छ । पर्सेको वोकाले अन्तिम सम्म पनि घांस खान नछोडे जस्तै मानवहरुले पनि अन्तिम सम्ममा विपयको भोग गर्न छोडदैनन् ।

भनेको छ " दारा पुत्रा धान वा परिजन सहितो वन्धुवर्ग प्रियो वा ।
माता भ्राता पिता वा श्वशुर कुलजना भृत्य ऐश्वर्य वित्त ॥
विद्यारुप विमल भवनं यौवनं यौवनं वा ।
सर्व व्यर्थ मरण समये धर्म एक सहाय : ॥"

स्त्री, पुत्र धन सेवक वन्धवान्धव हितैषि आमा वावु शासु शसुरा मान्यजन नोकर धन संपत्ति विद्या सुन्दरघर, यौवन र रुप समेत सवै मर्ने वेलामा व्यर्थ हुन्छन् । एउटा धर्म मन्त्र सहयोगी हुन्छ ।

यस्तो शास्त्र संमत्ति हुदा हुदै पनि आफ्नो गतिलाइं मलक्क भुलेर प्रस्तुत विपयमा लाग्नु अज्ञान हो, अचेतन हो । अत: "कदाचि् जन्मे लभते मनुष्य पुण्य सञ्चयात् " धेरै जन्म जन्मान्तर सम्म मा पुण्य सञ्चय गरेर प्राप्त गरेको मनुष्य जन्म वेद संमति अनुरुप सेवा त्याग उदारता दयादि तत्वमा लागेर इह लिलालाइं सफल पार्नु मानवता हो धर्म हो । यसैलाइं अनुकरण गर्नु हाम्रो कर्तव्य हुन आउछ । अस्तु

पोखरा त्रिसाखोला वेद विद्याश्रमको उत्तोरोत्तर

प्रगतिको कामना गर्दछौ ।

१. श्रीमती लक्ष्मी थापा, पोखरा- ५
२. श्रीमती कन्या कुमारी गुरुङ्ग, पोखरा- १
३. वराल इलेक्ट्रिक स्टोर सृजना चोक पोखरा
४. फिप्टेल कलर ल्याव महेन्द्रुल पोखरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्म -
सदाचार सद्विचार वाह्य र आन्तरिक मर्म पहिलो कर्म र दोस्रो ज्ञान

शुकदेव वराल
नाग ढुङ्गा, पोखरा-९

यस परमात्माको सृष्टिमा एउटा चेतन र अन्य पदार्थ जडछन् । जड र चेतनाको सम्वन्धले नै यो सारा संसारको कार्यक्रम र गतिविधि चलेको छ । हामीले नियालेर हेर्दा या विचार गर्‍यौ भने जति जति वस्तु छन् पदार्थ हरुछन् । ती सवैको आफ्नै किसिमको धर्म हुन्छ । धर्म नभएको कुनै वस्तु नै छैन । धर्मविना कुनै वस्तुको सत्तानै हुन सक्दैन । हाम्रै शरीरमा हेर्‍यौ भने पनि पत्ता लाग्दछ जस्तो कि जिब्रो या रसना इन्द्रिय छ ,त्यसको काम रसको पहिचान गर्नु हो यदि त्यो काम भएन भने रसनाको सत्तानै रहदैन । आंखामा चक्षु इन्द्रिय छ, त्यसको धर्म हो रुप पत्तो लाउनु ,यदि त्यो काम भएन भने चक्षुको सत्ता रहन सक्दैन । त्यस्तै कानमा श्रोत इन्द्रिय छ, श्रोतको धर्म हो सुन्नु शव्दको परिचय लिनु , यो काम श्रोत्रवाट भएन भने श्रोतको पनि अस्तित्व रहदैन । यस्तै शरीरमा ५ ज्ञानेन्द्रीय र ५ कर्मान्द्रिय छन् यि सवैका आ-आफ्ना धर्म छन् । ति धर्म छैन भने ती कुनैको पनि सत्ता मानिदैंन , सवै वस्तु आफ्नो सत्ता वचाइ राख्नका निमित्त आफ्नो आफ्नो धर्म वचाइ राख्न सदा सतर्क र तत्पर छन, तर ती सवै जड हुनाले एउटा चेतन सत्तावाट संचालित छन् । त्यो सर्वसंचालकको सत्ता हो परमात्मा र तिनै परमात्माको सत्ता वुद्धिले पाउदा वुद्धिसत्ताशील हुन्छ, र त्यसको सत्ता मनलेपाएपछि मन चेतनशील हुन्छ त्यसै मनले प्राण र इन्द्रियहरुको संचालन गर्दछ । यसरी वुद्धि मन र तत्संचालित प्राण इन्द्रिय र शरीर आफ्नो आफ्नो धर्म पालनमा प्रवृत्त भएका हुन्छन् । मनले संचालन गरेका प्राण इन्द्रिय र शरीर आ- आफ्नो धर्ममा प्रवृत्त हुंदा स्वभावत :तिनीहरु सहि मार्गमा चलेकार आ-आफ्ना काम गरेका ता हुन्छन, तर तिनीहरुको संचालक प्रधान गुरु मन यदि विकृति पट्टि लाग्यो भने सहि वाटो छाड्यो भने त्यसले सम्पूर्ण प्राणेन्द्रिय शरीरलाई कुवाटोमा प्रवृत्त गराउछ, त्यसको नाम हो दुरुपयोग, यसलाई अधर्म भन्दछन । जस्तै वाकइन्द्रियको धर्म हो राम्रो वोल्नु जुन वोलिवाट आफूलाई र अरुलाई पनि हित हुन्छ , सत्य प्रिय वाणी यदि त्यसको दुरुपयोग भयो भने त्यस दुरुपयोगवाट कति हानि भयो दुनियां भरमा कति नोक्सानी भयो त्यसको जवाफ देहि वागिन्द्रियमा हुदैन, किन भने उता जड हो, जड आफ्ना तर्फवाट संचालित हुदैन किन्तु चेतनवाट हुन्छ । यो त भयो एउटा नमूना, यसैगरी हरेक इन्द्रिय, पूरै शरीर र प्राण यी सवै कुधर्ममा लागे भने त्यसको पुरा जिम्मा मनमा पुग्छ मनदेखि माथि वुद्धि त्यस माथि चेतन ।

उपर्युक्त विवरणको आशय-देहेन्द्रिय प्राणहरुद्वारा गरिने कुधर्म, कुकर्म दुराचार हो, यसको नाम अधर्म हो, देहन्द्रिय र प्राण मन वुद्धिद्वारा गरिने जति राम्रो काम हो सदाचार, सदाचार नै धर्म हो,"सदाचार लक्षणो धर्मः " "दुराचार लक्षणस्तु अधर्मः"
परन्तु यो सवै व्राह्म्म धर्म हो, आन्तरिक धर्म हो सदद्विचार । सदाचार कर्म हो भने सदद्विचार ज्ञान हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मांसाहार उचित कि अनुचित

दिवाकर वास्तोला
चापापानी, पोखरा -१२

हिन्दू धर्मले भन्छ अहिंसा परमो धर्म । वुद्ध धर्मले भन्छ अरुलाई दुःख दिनु पाप हो । यसै गरी विभिन्न धर्महरु प्राणी मात्रको हितको निम्ति कुर्लिरहेका पाइन्छन् । तर संसारमा जति धर्म संप्रदाय खडा भएता पनि हिंसाको विरोधमा नाना प्रवचन तथा उपदेश दिएता पनि वर्तमान समयमा हिंसा गर्नु तथा मासु आहार गर्नु जस्ता कुराहरु अरु लोक प्रिय हुँदैछन् । मासु सम्पूर्ण मानवको लागि एक विशेष आहाराको रुपमा देखा पर्नुले यसको महत्व अरु वढेको भान हुन्छ । घरमा, उत्सव, पर्व वा कुनै किसिमको खुशियाली मनाउन पर्‍यो भने त्यसमा महत्वपूर्ण आहारा नै मासु वनेको हुन्छ । भोजमा, पिकनिकमा पाउनाको स्वागतमा राष्ट्रिय चाड पर्वमा र देवता खुशी पार्ने देखि लिएर मान्छे खुशी पार्ने काममा समेत मासुकै प्रयोग हुने गरेको छ । मासु विना भोज, उत्सव, खुशियाली सवै खल्लो भएको अनुभव गर्न थालिएको पाइन्छ । मानिलिउँ कि राष्ट्रिय खाना र सर्वोत्कृष्ट खाना नै यही मात्र हो । जुन पर जीवनको हत्यावाट मात्र प्राप्त हुने गर्दछ ।

संसारका सवै प्राणी मध्ये विवेकशील प्राणी मानिस मात्र हो । यही वुद्धि र विवेकको भरमा मानिसले कैयौं अनौठा र असंभव चमत्कार गरेर देखाइसकेको छ । मानवीय धरातल वाट उठेर देवत्व समेत प्राप्त गर्न सकेको छ । देवताका क्रियाकलाप वा ईश्वरीय सत्ताको रहस्य समेत खोतली सकेको छ । ईश्वरीय क्रियाकलाप संग टक्कर लिदैं अघि वढि रहेको छ भने यस किसिमको वुद्धिमान् विवेकी मानिसले आफ्नो आहारमा प्राणी हत्या र मांसहारलाई वढी महत्व दिनु पक्कै पनि निन्दनीय कर्म हो ।

प्रकृति ले नै सवै प्राणीलाई स्वजिविकाको लागि वेग्लै वेग्लै किसिमको शक्ति प्रदान गरेको छ । सृष्टिको शुरु देखि नै हाल सम्म अरु प्राणीको आहारामा कुनै पृथकता भेटिदैन तर मानिसले भने भएकै आहारामा सिमित नरही विभिन्न आहाराको आविष्कार गरिसकेको छ । प्राकृतिक आहारा , कृतिम आहारा एउटै वस्तुलाई पनि विभिन्न परिकार र विभिन्न स्वादमा परिणत गरी खान सक्ने भै सकेको छ । हाल मानिसलाइं जलवाट थलवाट रुखवाट झारवाट जरावाट र पातवाट अनि पृथ्वीमा उत्पादित विभिन्न वस्तुहरुवाट र प्राणीवाट (गाई, भैंसी द्वारा दूध घिऊ) समेत आहारा उपलव्ध भैरहेकै छ । यति हुदां हुदै पनि केवल मासुमा नै चित्त गाढनु मासुलाई सर्वाधिक महत्व दिनु मासुमा मात्रै विशेष स्वादको अनुभव गर्नु हत्याको संकोच लेस मात्र पनि नहुनु , आफ्नो दुःख र अर्काको दुःखमा तुलना नगर्नु माइट इज राइटको सिद्धान्त अनुसार नवोल्ने निर्धो निमुखो व्यक्ति वा प्राणी माथि निर्दयी रुपले रजाइं वा शोषण गर्नु ईश्वरका दृष्टिमा सोझो भाई मार्नु वा ठग्नु सरह हो । यसवाट पक्कै पनि वावु आमा (ईश्वर) को मनमा शान्ति मिल्न सक्दैन भने सोझो भावले नसराप्ला भन्न सकिदैन । अर्को कुरा हाम्रो जस्तो एक मात्र हिन्दूराज्य नेपालमा पनि वार्षिक महान चाड दशैंमा मासुलाई नै देवीको प्रसाद मानि खाने चलनले हिन्दू धर्म प्रति नै ठूलो आघात पुर्‍याएको महशुस हुन्छ । हिन्दू धर्म शास्त्रमा कहीं पनि देव देवीहरुले मासुको आहारा खोजेको र खाएको पाईदैन । न त मासुको चाहना नै गरेका छन् ।

पौराणिक कथन अनुसार, पहिले पहिले राक्षसहरुले देवताहरु प्रति असहच अत्याचार गरेछन् । जसको प्रतिरोध गर्न देवताहरु असमर्थ भए पछि शक्ति स्वरुपिणी देवीले देवताको संरक्षण र राक्षसको संहारको निम्ति राक्षस संग युद्ध गर्न लागिन् । युद्धमा जति राक्षसलाई माथिंन् उति सवैको रगत पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिउँदै गर्थिन् भन्ने वयान छ । यसै वयान अनुसार देवीले मासु र रगत खाएको वताइन्छ । यसैको आधारमा मासु खाद्य वस्तुको रुपमा स्वीकारी रहेको पाइन्छ । वास्तवमा उक्त घटना र वयान अनुसार पनि देवीले मासु खाएको र रगत पिएको भन्न मिल्दैन । मासु त खाएकै होइन । रगत पिउनै पर्ने परिस्थिति पर्न गएको भएकोले मात्र पिउनु परेको हो । यसको कारण के रहेछ भने देवीले जति राक्षसलाई मार्दै जान्थिन् र तिनको जति रगतको छिटा निस्कन्थ्यो त्यति नै मात्रमा राक्षसको संख्यामा वृद्धि हुन थाल्यो । यसले झन समस्या खडा गर्ने भएकोले राक्षसको रगत भूईंमा खस्नै नदिन पिउने गर्थिन् ।

यसरी रगतको आधारमा वढ्दै जाने भएकोले त्यसमा राक्षसलाई रक्त वीज मानियो । वर्तमान समयमा पनि रक्त वीजका सन्तान भनेर उडुस जम्रालाई लिइन्छ । यिनलाई मार्दापनि रगत निस्कने गरीनमारी विप प्रयोग गरी मार्नु पर्छ, अनि मात्र यसको निमूर्ल हुन्छ अन्यथा यो कहिल्यै पनि नाश हुदैन । यो हामीले स्वयं भोगेकै कुरा हो ।

वर्तमान समयमा मासुको व्यापकता अरु वढदो छ त्यसैले पनि मनिसहरु विभिन्न कुराको निहुं पारी प्रयोग गर्ने गर्दछन् । यहाँ केही मांसाहारीहरुको विचार प्रस्तुत छन् ।

- देवी देवताले त खानु हुन्छ भने हामीले किन नहुने ?
- वाचुन्जेल मीठो खानु, राम्रो लगाउनु मरे पछि के छर ! जे मीठो लाग्छ त्यही खाने ।
- मासु खाएर नै शरीर वढि स्वस्थ्य र हृष्टपुष्ट हुन सक्छ ।
- मासु नखानु अहिलेको जमानामा असंभव र अव्यवहारिक हुनु हो ।
- मासु खानु हुन्न भने सागपात पनि खान हुन्न ।
- मासु सर्व सुलभ र सर्व व्यापक छ त्यसैले अरु टण्टा गर्नु भन्दा यही खानु सजिलो हुन्छ । (स्वाद सजिलो र जहाँ पनि पाईने हिसाव वाट)
- हामीले मासु नखाने हो भने ता खसि, वोका, कुखुरा .... हरुको के काम ?
- हिंसा पो आफूले गर्नु भएन । अर्काले गरिसकेकोलाई त खान भई हाल्छ नि ।

उपरोक्त तर्कहरु मध्ये कुनै पनि व्यक्तिले एक न एक तर्कलाई अवलम्वन गरी जवाफ दिने गर्दछन् । यो भन्दा अरु थुप्रै तर्क पनि होलान् खाने मुखलाई जुँगाले छेक्दैन खाने मान्छे अनेक ताल युक्ति र तर्क गरेर पनि नखाई छोडदैनन् ।

मासुको विकल्पमा अरु पनि थुप्रै चिज वीजहरु नभएका होइनन् तर त्यति तिर धेरै मानिस त्यति आर्कपित भएको पाईंदैन । समानता मानवीयता, दया, करुण, सहयोग सेवा आदि सवै भावना स्वार्थमा लिप्त भैसकेका छन् ।

यही समाजमा शाहाकारीहरु पनि पाइन्छन् मांसहार सम्वन्धमा उनीहरुको विचार यस प्रकार रहेको पाइएको छ :-

- हिन्दू धर्म शास्त्र अनुसार कसैलाई दुःख दिनु मात्र पनि पाप हो भने हत्या र मांसहार त जघन्य अपराध भइहाल्यो ।
- अहिंसा परमो धर्म (इति वेदनुसाशनम्)
- आहारा केवल जिऊको लागि हो जिउनको लागि जुन सुकै आहारा पनि प्राप्त हुन सक्छ भने मासु नखाइ नहुने के छ र ?
- मासु खाने भनेको सोझै प्राणी माथि सक्दो अत्याचार गर्नु हो । मासु खानेले अर्को माथि अन्याय (शाकाहारीको तुलनामा) वढी गरेको हुन्छ । त्यस कारण मासुलाई अन्यायको आहारा भने पनि हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

- देव देवीको निहुमा मासु खानु तलकोलाई ठग्नु माथिको । इश्वर । लाई वदनाम गराउनु र आफ्नो स्वार्थ पूरा गर्नु मात्र हो ।
- मासु खाने प्रवृत्ति हिंसा र हत्यालाई सहज रुपले वढाइरहेको हुन्छ ।
- मासु पनि नशा सरह हो, जसलाई खान थाले पछि छुटाउन गाह्रो पर्दछ ।
- मासु खाने प्रवृत्तिले दूध घिऊ प्रति अनास्था पैदा गरी दिन्छ । सुनिन्छ पश्चिमी मुलुकतिर दूध र दूधको तर सुगुरलाई ख्वाइन्छ र सुंगुरको मासु खाईन्छ रे ।
- मासुमा रोग पनि हुन सक्छ ।
- मासु शव्द नै मासिने कुराको सुचक जस्तो लाग्दछ । मांसहारी शाकाहारीको तुलनामा कम आयुवाला रहन्छन् ।
- मासु सवै प्राणीको एकै हो, मासुले सवैलाई फाइदै पुऱ्याउछ भन्ने केही छैन । वेफाइदा पुऱ्याउछ रोग वढाउछ । आदि ।

माथि उल्लेखित दुवै किसिमका विचारहरु के कति सम्म कस कसलाई चित्त वुझ्दो हुन सक्छ त्यो प्रत्येक मानिसले आफैंले अनुभव गर्ने कुरा हो ।

समय परिस्थिति र वहुमतको आधारमा हेर्दा मासु खान हुदैन भन्ने व्यक्तिहरु हास्यास्पद वा समाजको एक अनौठो व्यक्तिको रुपमा देखिन पुगेका छन् भने धेरै मानिसले मासु खानाले मासुको भाउ वढयो भन्ने भनाइले मासु प्रतिको लोक प्रियता अरु वढ्न गएको स्वत : स्पष्ट हुन्छ । धेरै प्रतिशत मानिसद्वारा खाइएका कुराहरु उचित नै मानिन्छन् । नेपालमा मांसहारीको प्रतिशत ९० भएको अनुमान हुन्छ । यसलाई आधार मानि हेर्दा मांसाहारलाई उचित मान्न पर्ने हुन्छ तर के यो उचित होला ? !

पोखरा चिसाखोला वेद विद्याश्रकको उत्तरोत्तर प्रगतिको कामना सहित ०५६ को विजया दशमी तथा दीपावलीको हार्दिक मंगलमय शुभकामन व्यक्त गर्दछु ।

देव दत्त कोइराल
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति
श्री वाराही उ. मा. वि.

पोखरा चिसाखोला वेद विद्याश्रको उत्तरोत्तर प्रगतिको कामना गर्दै बडा दशैं तथा दीपावली २०५६ को हार्दिक मंगलमय शुभकामन व्यक्त गर्दछौं ।

(रामेश्वर मल्ल)
अध्यक्ष तथा
वडा समितिको कार्यालय परिवार वडा नं. २ मिरुवा पोखरा
फोन नं. २०५२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Botanical Name: Ficus Religiosa
Shankrit Name: Asostha
Family: Maraceae.

Heramb Prasad Koirala
Pokhara-5

i. Peepal (Ficus Religiosa) is a sacred tree for the HINDU which has taken a special place religion. The VEDAS holy text of the HINDUS has given great importance of Peepal Tree. It is believed that Loard BRAHMA , VISHNU and SHIVA live to love at the different partsofthe Peepal Tree.

मूलतो ब्रह्मरूपाय मध्यतो विष्णु रूपिणो ।
अग्रत: शिवरूपाय अश्वत्थाय नमोनम : ॥

In the Holy Text 'Gita' Lord KRISHNA says. " Among the trees I am Peepal." अश्वत्थ: सर्व वृक्षाणं । On Saturdays. Hindus worship Peepal Tree early in the morning for happy life. The leaves of Peepal Tree are kept in KALASH (Peace Jar) in religious performances. The leaves are also put in sacred wreaths.

In every religious places there should be a Peepal Tree. The ash made from the wood of Peepal Tree is put on the forehead of Hindu People for peace. Prosperity and happy life.

Gautama Buddha was enlighted under Peepal Tree and became Lord Buddha 2543 years ago.

ii. Peepal Tree (Ficus Religiose) be longs to family of Moraceae. It is a deep. tap rooted and the roots cover large area.

The branches are spreading habit. hard. strong and the bark and leaves content latex the leaves are simple. wide dark green. The shape of leaf is cordate, inflorescence hypanthodium and fruits are small it is decidious, height varies from 15m to 50 meters. Generally the circumference of the old stump varies from 5 meter to 10 meters. The age can be calculated by the help of its pith it is believed that the tree can live more then 1000 years.

iii Climate

Peepal (Ficus religiosa) can be grown in wide range of climate. It can toierate hot as well as cold. So it grows from tropical to Aipine climate

iv Soil

It can be successfully grown in wide range of soil i.e. light as well as heavy and also in hard-pan.

v. Seed Collection. Sowing and Planting:

The Peepal Tree seeds are minute and sparated from the fruit in the month of June/July. Seed should be sown immediately after separating from the fruit. Seed can be manually separated from its fruit and should be sown in fertile and well prepared nursery beds or in polythene bags. The saplings are ready for

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

planting in one year. The distance between two plants should be 10 meters There is no necessary of Training and prunning.

vi. Uses:

Peepal and Banyan (Bare) – Ficus Bengathusis Trees are planted in the resting platfrom (Chautara) for aesthetic value. Peepal wood is used for making furnitures. card boards, fuelwollds, and the leaves and twigs are used as foodder for cattle. elephant,, sheep and goat, Leaves can be used for making compost Well ripen fruits making compost. well ripen fruits can be used in fish pond and to feed birds and cattle. The ash made from wood is used as medicine for swelling and gout of human body.

Barks of trunks are used in preparing dye. Peepal Trees are also grown for land scaping shelter belts to break the wind & to check soil erosion.

पोखरा चिसाखोला वेद विद्याश्रको उत्तरोत्तर प्रगतिको कामना सहित ०५६ को विजया दशमी तथा दीपावलीको उपलक्ष्यमा समस्त देशवासीहरुमा मंगलमय शुभकामना व्यक्त गर्दछु ।

(कृष्ण थापा)
प्रमुख
पोखरा उप–महानगरपालिका
कार्यालय न्यूरोड पोखरा

पोखरा चिसाखोला वेद विद्याश्रको उत्तरोत्तर प्रगतिका साथै हाम्रा समस्त ग्रहक वर्गमा विजया दशमी तथा दीपावली ०५६ को हार्दिक मंगलमय शुभकामन व्यक्त गर्दछु ।

प्रो. दामोदर चालिसे
चालिसे काष्ठ उद्योग
नयाँ वस पार्क पोखरा
फोन नं. २०३१३,२३३७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वातावरणीय सन्तुलन र हाम्रो धर्म संकृतिको मर्म :

शोभाकान्ता गौडेल
मालेपाटन, पोखरा -५

"ॐ द्यौ शान्ति : अन्तरिक्षं शान्ति पृथिवी शान्ति .... वनस्पतय: शान्ति " हजारौ वर्ष पहिलेका यि वेदवाणी भित्र केवल धार्मिक भावना मात्र प्रतिविम्वित नभई, वैज्ञानिक गुढ रहस्यको उद्घाटन भएको पाइन्छ । आज पृथ्वी फोहर मैला, प्रदुषण आनावृष्टि अति वृष्टि मरुभूमि कारण भूस्खलन स्वच्छ पानीको कमि आदि समस्यावाट आक्रन्त छ । वढ्दो जनसंख्या अनियन्त्रित वसाईं सराई अत्यधिक मात्रामा प्रयोगमा ल्याइएका पेट्रोल डिजेलका वाहनहरुले निष्कासित गरेको धुंवा सि. एफ. सि. रसायनको वढदो प्रयोगका कारण ओजन तहमा विकसित भइरहेको छिद्रताले गर्दा पृथ्वीको अस्तित्व नै खतरामा पर्न सक्ने भयावह स्थितिलाई वैज्ञानिकहरुले समेत वढो गम्भीरताका साथ लिइरहेका छन् । ध्रुव प्रदेशीय क्षेत्रमा माछा तथा समुन्द्रिक जीवहरु धमाधम मर्दैछन् । पृथ्वीको तापक्रम क्रमिक रुपमा वढ्दो छ । छालाको क्यान्सर आँखाको रोग तथा मानिसमा रोग प्रतिरोधात्मक शक्ति क्षीण हुदै गइरहेको छ । वनस्पति र वनजंगल समेत यस्तो दुष्प्रभाववाट वच्न सकेका छैनन् । पृथ्वीमा प्राप्य श्रोतहरुको अनियन्त्रित किसिमवाट दोहन गरि त्यसको अधिकतम उपभोग गर्नको प्रतिफल अहिलेको विषय परिस्थिति हो, भनेमा अत्यूक्ति नहोला ।

धेरै वर्ष अघिका हाम्रा पूर्वजहरुले वातारर्णय सन्तुलनको महत्वलाई वुझेर वेद वाणी अनुकुल आचरण गर्न समस्त मानव समुदायलाई आह्वान गरि " ॐ पृथ्वी शान्ति " को सुत्रपात गरे । आज पाश्चात्य मुलुकका कथित विकसित भनाउँदा देशहरुले सि . एफ. सि. रसायनको अत्याधिक प्रयोग रेफ्रिजेरेसन एयर कन्डीसनिङ जस्ता प्रविधिको विकास गरि तत्काल लाई आफ्नो सुविधा शुख शयल त गरे तर भावी सन्ततिको टाउकोमा खतराको घण्टी वाँधेर छोडिदिए । आज समस्त मानव सभ्यता तथा सृष्टि नै खतरामा छ । यदि वेद वाणीको अनुसार यही रुपमा भई दिएको भए विश्व भयावय स्थितिवाट गुज्रने थिएन ।

हिन्दू धर्ममा वातावरणीय सन्तुलन कायम राख्न अहम् भूमिका निर्वाह गर्ने वोट विरुवा वनस्पतिलाई पूज्ने परम्परा छ । पिपल र तुलसी को स्थान सर्वोपरि मानिन्छ । पञ्चपल्लवको रुपमा 'अश्वत्थोदंवर प्लक्षा न्यग्रोधश्चुत एवच पञ्चक पल्लवानां स्वात्सर्व कर्मसु शोभनम् ॥' वर, पिपल, आँप, डुम्रि, पाखुरी र समी प्रशिद्ध छन् । पारिजात, हरिचन्दन कल्पवृक्ष को पनि ठूलो महिमा छ । महाभारतको अनुशासन पर्वमा रुख विरुवा को महत्वलाई वडो मार्मिक पारामा वर्णन गरेको पाइन्छ । वृक्षरोपण गरि वोट विरुवा हुकांउनाले यस जन्म त सफल हुन्छ नै दिवंगत भएका पितृहरुको समेत उद्धार हुन्छ ।

वर पिपल शमी को विरुवा सार्ने, सारिसकेपछि चौतारी चिन्ने पोखरी खन्ने ढुङ्गेधारा कुवा, सत्तल, पाटी पौवा वनाउने जस्ता सार्वजनिक हितका कार्यहरु गर्न हरेक सात्विक हिन्दूजनहरुले ठूलो अभिलाषा राख्दछन् । शनि त्रयोदशीमा पिपल पूजन तथा १०८ पिपलको जल खाने प्रचलनले पनि वोट विरुवाको हिन्दू संस्कृतमा ठूलो महिमा छ भन्ने कुरा प्रष्टिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर अचेल वृक्षारोपण गर्ने परम्परामा कमि आउनुको साथै युगौं पहिले रोपिएका वर पिपलका बोटहरु सार्वजनिक आपका बगैंचाहरु कथित विकास निर्माणको नाममा सखाप पारिदै छन् । गाउ बेंसिका उकाली ओराली भन्याङ्ग अनि देउराली मा वर पिपलका चौतारी हरु दिनानु दिन घटदै छन् । यो वडो दुःखको कुरा हो । कमसेकम आफ्नो जीवन कालमा केही न केही बोट विरुवाहरु रोप्ने तथा तिनको संरक्षण गरी हुकाउने गरेमा यसले आफ्नो तथा समस्त पृथ्वीका जीव जन्तु र आउने पिढीलाई समेत फाइदा पुऱ्याउने थियो । त्यसैले वर पिपलका बोट हरु काटने होइन रोप्ने हो । चौतारी भत्काउने र पोखरी पुर्ने होइन, सके अरु वनाउने हो । नसके संरक्षण सम्म पनि गर्ने हो । शहरबजारमा स्थानाभावको र माप दण्डको कारण वर पिपल जस्ता वृहत् रुखवृक्षहरु लगाउन केही कठिनाइ अवश्य पर्न सक्छ तर गाउ घरमा समेत पुराना रुखहरु काटिनु तिनको साटो नयां रुखहरु नलगाइनु चौतारी भत्काउनु पोखरी पुर्न, ढुङ्गेधारा कुवा जस्ता जल श्रोतको संरक्षण नगरिनु वडो चिन्ताको विषय हो । हाम्रा पुरातन चौतारी पोखरी र देउरालीका संस्कृतिलाई लोप हुन नदिउ हाम्रो धर्म संस्कृति जीवन्त रहोस परिवर्तनको संघारमा उभिएको वर्तमान समाजले परिवर्तनको नाउंमा युगौं देखि चलि आएका सनातन चाल चलन र रिती रिवाज नविगारोस् नभत्काओस् । यही कामना गरौं । अस्तु ।

पोखरा चिसाखोला वेद विद्याश्रको उत्तरोत्तर प्रगतिको कामना गर्दै शिक्षा प्रेमी सम्पूर्ण अभिभावकहरुमा २०५६ को वडा दशैं तथा दीपावलीको मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

(राम वहादुर थापा)
प्रध्यानाध्यापक तथा
जनप्रिय मा.वि. परिवार
सिमलचौर फोन नं. २०४६४

पोखरा चिसाखोला वेद विद्याश्रको उत्तरोत्तर प्रगतिको कामना गर्दै देशवासीहरुमा शिक्षा प्रतिको चेतना बढाउन २०५६ को वडा दशैं तथा दीपावलीको दीपावलीले शक्ति प्रदान गरुन् ।

(विश्वेश्वर पराजुली)
प्रध्यानाध्यापक तथा
छोरेपाटन उ. मा.वि. परिवार
छोरपाटन पोखरा-१७
फोन नं. २०४७६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्तिपूजाको आवश्यकता किन ?

रविन्द्र माकाजु
सनातन धर्म सेवा समिति, कास्की

सनातन धर्म संस्कृतिमा शक्तिपूजा गर्ने लामो परम्परा रही आएको छ । हिन्दू समाजलाई शक्तिपूजक भन्ने गरिन्छ । शक्तिशाली वन्नाको खातिर नै शक्तिपूजा गर्ने गरिन्छ । शक्तिपूजाको रुपमा कुनै मूर्ति खड्ग प्रतीक वा शस्त्रलाई पूज्ने परम्परा छ । परन्तु यो कुनै हिंसाको द्योतक होइन । हिंसावाट भय पैदा हुन्छ शक्ति होइन । हामी पनि शक्तिको पूजा गर्ने गर्छौं तर कसैलाई दवाउन होइन स्वयं माथि उठन, आत्मजागरण गर्न । जुन-जुन कुराले शक्तिशाली भइन्छ त्यो शस्त्र हो अमरतत्वको प्राप्तिको सुख र आनन्दको प्राप्तिको वास्तवमा संसारमा जति पनि हातहतियार वनेका छन् त्यसको मुख्य उद्देश्य आत्मासुरक्षाको लागि हो । हतियारको प्रयोजन हिंसालाई वढावा दिन होइन । परन्तु दुरुपयोग हुन पुग्छ अज्ञानतावश भइ रहेका पनि छन् ।

शक्तिको आधार श्रोत शस्त्र मात्र होइन शास्त्र पनि हो । शास्त्रले मान्छे शक्तिशाली वनाउन सक्छ भनिन्छ जसरी जति-जति हातहतियारले मान्छे सुसज्जित हुन्छ, त्यो त्यति नै मात्राले सुरक्षित पनि हुन्छ । मात्र यो भौतिक पक्ष हो । आध्यात्मिक पक्षमा शक्तिको श्रोत आध्यात्मिकता हो । हामी जति-जति अन्तंमुखी वन्छौं, त्यति-त्यति शक्तिशाली वनिराखेका हुन्छौं । अहिले विश्वमा देखा परेका विविध धर्महरुले आन्तरिक पक्षमा होडवाजी देखाउनुको सट्टा वाहिरी-वाहिरी पक्षमा होडवाजी देखाइरहेका छन् । त्यसैले नै आज अशान्तमय वनेको छ कमजोर वनेको छ । धर्मको मर्म नवुभ्दा एकले अर्को विरुद्ध हिंसा गरिरहेका छन् । आरोप-प्रत्यारोप गरिरहेका छन् धर्मको वाहिरी आवरण ओढेर मात्र मान्छे धार्मिक वन्ने होइन, चरित्रवान वन्ने होइन । जति जति मान्छे आन्तरिक इच्छा र आकांक्षामाथि विजय प्राप्त गर्छ सरल र सहज वन्छ । त्यति नै मात्रामा मान्छे शक्तिशालि वन्छ । त्यसैले सनातन धर्म लगायत विश्वका संपूर्ण धर्मले मान्छेलाई आन्तरिक जीवन जिउन सिकाउँछ । तर यसका लागि मान्छेमा सामर्थ्य चाहिन्छ , शक्ति चाहिन्छ दृढता चाहिन्छ । धेरै मान्छेहरु यस्ता हुन्छन थाहा पाइ-पाइ पनि विकारहरुलाई पालेर राख्छन् आफ्ना कमी-कमजोरीलाई संरक्षण दिएर राख्छन्- नराम्रा कुरा भावनावाट निस्कन सक्दैनन् । यसको मूल कारण हो उ स्वयं भित्रको शक्ति निष्क्रिय भएर वसेको हुन्छ, मरेको हुन्छ ।

हामी सवैलाई शक्ति चाहिएको छ आफ्नै खुट्टामा उभिनका लागि आफ्नो गाँस आफैले जुटाउनका लागि । अरुको गाँस खोस्नु शक्तिको परिभाषा होइन । अरुको आसु पिउनु शक्तिको दुरुपयोग हो । भगवतीको अपमान हो शक्तिको अर्को नाम हो भगवती । देवी भगवती हुन् जगत जननी । भगवती विश्वकै आमा हुनुहुन्छ-माया, ममता र करुणाको खानी हुनुहुन्छ । भगवती माता स्वयं सवैको सहयोग सदभावना पाएर १८ हातकी शक्तिशाली हुनुहुन्छ । यसको भावार्थ हो सवैको सहयोग स्नेह आत्मियता र सहयोग प्रदान गर्न सकेका मान्छे शक्तिशाली वन्न पुग्छन् र कार्यसिद्धि प्राप्त हुन्छ ।

अहिले व्यक्ति-व्यक्तिलाई शक्ति चाहिएको छ विभिन्न प्रकारको विकृतिवाट माथि उठ्न, चरित्रवान् वन्न, सम्मानीत वन्न, आत्माजागरण गरि पूर्ण मानव वन्न शक्ति चाहिन्छ । त्यो शक्ति योग, ध्यान, प्रार्थना सदाचारवाट प्राप्त हुन्छ यसै गरि हाम्रो समाजलाई शक्ति चाहिएको छ । पूर्ण स्वावलम्वी वन्न,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पन्न वन्न र प्रगतिशील वन्न हामी हाम्रो समाजलाई अगाडि वढाउन चाहन्छौं । प्रगति पथमा लम्काउन चाहन्छौ तर यसका लागि शक्तिको भण्डार गर्नु आवश्यक छ । विकृति र विकारवाट मुक्त नभई शक्ति प्राप्त गर्न सकिन्न समाजमा अमरता पैदा नगरी एकता सम्भव हुँदैन । त्याग नगरी कुनै वस्तु प्राप्त पनि हुँदैन । कुनै वस्तु प्राप्ति गर्नु छ भने, केही त्याग्नु पनि आवश्यक हुन्छ । विद्या आर्जन गर्न आलस्य को त्याग गर्नुपर्छ वुद्धिमान् वन्न मूर्खता फाल्नुपर्छ । विना योजना विना लगनशीलता केही वस्तु पनि हात लाग्दैन । आज हाम्रो समाजमा यी कुराहरुको सर्वथा अभाव छ । वृहत्तर योजना र दीर्घकालीन सोचाइ भएमा मात्रै परिवर्तनको फल मिठो हुन्छ हामीमा अहिले यस्ता कुराको पनि अभाव छ । हामी मीठो खान चाहन्छौं, राम्रो लगाउन चाहन्छौं, तर दुःख नगरीकन यो संभव छैन । जापान, वेलायत जस्ता देशले गरेको प्रगतिको आधार अथक परिश्रम नै हो । त्यसैले व्यक्ति माथि उठ्न समाजलाई माथि उठाउन व्यक्ति र समाजमा दुवै लागिपर्नु पर्ने हुन्छ ।

सनातन धर्मले मानिसलाई कायर वन्न सिकाउँदैन क्रान्तिकारी वन्न सिकाउँछ । सवैको उन्नति होओस्, प्रगति होओस्, त्यस कार्यमा सहायक वन्न सकूँ भन्ने पवित्र भावना सिकाउँछ । मलाई राज्यको कुनै कामना छैन, स्वर्गको कुनै चाहना छैन म यहाँका सम्पूर्ण प्राणीहरुको दुःख नाश भएको हेर्न चाहन्छु, भन्ने उदार भावना प्रदान गर्दछ । आज हामी सवैले भगवती दुर्गासँग यस कार्यका लागि प्रार्थना गर्नुपर्छ । आफ्नो लागि वाँच्ने र खाने मान्छे संसारमा कति कति गए यसको कुनै लेखाजोखा छैन र भएन तर अरुको लागि वाँच्ने र कार्य गर्ने मान्छेहरुको भने लेखाजोखा हुन्छ र यस्ता मान्छे युग-युग वाँचिरहेका छन् ।

हामी मानव जातिका सन्तान भएकाले हामीमा पनि भगवतीका जस्तै दिव्य गुणहरु विद्यमान छन् । जसको अनुभूति हुनु आवश्यक छ । सात्विक भोजन, दैवी सम्पदा र नित्य सत्संग, ध्यान, मौन र लगनशीलता आदिको कारणवाट मानिस पनि अपार शक्तिशाली वन्न सक्छ, जसले आजको समाजमा देखा परेका गरिवी, अभाव, वेरोजगारी, नग्नता र अश्लीलता, घृणा र द्वेष, हिंसा र आतङ्क जस्ता विकृतिमाथि विजयी वनेर समाजमा शान्ति र सद्भावना कायम गरी आफ्नो देश र संस्कृतिलाई विश्व सामु गौरवान्वितगर्न सक्नु पर्छ ।

पोखरा चिसाखोला वेद विद्याश्रको उत्तरोत्तर प्रगतिको कामना गर्दै देशवासीहरुमा शिक्षा प्रतिको चेतना बढाउन वडा दशैं तथा दीपावली २०५६ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



(हेरम्ब प्रसाद कोइराला)
प्रध्यानाध्यापक एवं
श्री वाराही उच्च मा.वि. परिवार मालेपाटन पोखरा
फोन नं. २०३६०



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिखा रहस्य

वालाकृष्ण पराजुली
श्री संस्कृत मा.वि. भीमकाली
पाटन पोखरा -१

हिन्दूहरुका प्रमुख सोह्र संकारहरु मध्ये 'चूडाकरण' या 'चौल' कर्म एक विशेप किसिमको संस्कार हो । यिनै संस्कारहरुमा आर्यजातिको प्रतीक अथवा मुख्य जातीय चिन्हस्वरुप शिखाधारण गर्नु पर्ने विधान छ । शिखा धारण गर्नाले आयु, तेज, वल, ओज र पुरुपार्थ प्राप्त हुन्छन् " चूडा क्रियते अनेन, अथवा ' चूडाया : करणम्,-यस किसिमको व्युत्पत्तिवाट "शिखा चूडा, शिखण्ड स्तु पिच्छवर्हे नपुंसके " यो अमरकोपको 'चूडा ' शव्दवाट शिखा नै अर्थ गरिएको छ । पारस्कर, आश्वलायन, वैखानस वैाधायन, अग्निवेश्य, आपस्तम्व र जैमिनीयादि गृह्यसूत्र ग्रन्थ हरुमा चूडा कर्म अन्तगंत शिखा राख्नु पर्ने कुराको स्पप्ट उल्लेख गरेको विधान पाइन्छ । "अथैनमेक शिख स्त्रिशिख :पञ्चशिखो वा यथैवैपां कुलधर्म : स्यात् यर्थापि : शिखा निदधातीत्येको ।" इत्यादि सूत्रहरुमा शिखाको महत्व स्पप्ट उल्लेख छ । आपस्तम्वले 'प्रति दिशं वपति' भनेर शिखाको चारैतिर केश मुण्डन गर्ने निर्देशन गरेका छन् ।

वौधायनले -"चौलवत् तूष्णीं केशानोप्य स्नानं शुचिवाससं वद्ध शिखयज्ञोपवीतं प्रतिमुञ्चन् वाचयति । " उक्त सूत्रमा शिखा राख्नुपर्ने आदेश दिदै क्षौरको विधान व्यक्त गरेर कुमारका लागि 'वद्ध शिखम् ' विशेपण दिएर शिखा राख्नु पर्ने दृढता सिद्ध गरेका छन् । यद्यपि पारस्कारगृह्यसूत्रकारका मतानुयायीहरुका लागि "मुण्डाश्च भृगवो मता :" इत्यादि प्रमाणहरु छन् । तथापि "यथा मङ्गलकेश शेप करणम् " यस सूत्रका अनुसार उनीहरु पनि मङ्गल सूचक शिखा नै धारण गर्दथे । धेरै जसो मानिसहरु आफ्ना ऋपि, कुल र गोत्रहरुका अनुकूल अनेक शिखाहरु राख्तछन्, तर पनि यस मध्ये मध्यभागमा शिखा राख्नुमा नै महत्व दिइएको छ ।

जस्तै :- धर्मसिन्धुका रचनाकारले भनेका छन्- "मध्ये मुख्या एका शिखा अन्याञ्च पाश्वांदि भागेप्विति यथा कुलाचार प्रवर संख्यया शिखाञ्चूडा समये कार्या : ॥ " शिरको मध्येभागमा रहेको केश समूह नै 'चूडा' भनिन्छ । यही 'चूडा' प्रधान शिखा मानिन्छ । वशिप्ठ गोत्र भएकाहरुले मध्य शिखावाट र दक्षिण भागमा रहेको केशलाई 'चूडा' भन्दछन् । अत्रि र कश्यपगोत्र भएकाहरुले मध्य भागमा रहेको शिखाको दुवैतिरका केशलाई शिखा भनेका छन् । जस्तै :- " मध्ये शिरसि चूडास्यात् वाशिप्ठानां तु दक्षिणे । उभयो : पार्श्वयोरत्रि कश्यपानां शिखा मता ॥ " उपनयन कालमा मध्य शिखा वाहेक अन्य शिखाहरु मुण्डन गर्नु पर्ने विधान निर्णय सिन्धुमा स्पप्ट उल्लेख गरेको पाइन्छ -"तासां मध्याशिखवर्जमुपनयने वपनं कार्यम् ।" धर्मसिन्धुकारले पनि -"उपनयन काले मध्यशिखेतर शिखानां वपनं कृत्वा मध्यभाग एवोपनयनोत्तरं शिखा धार्या ॥ " यस उक्तिवाट पनि निर्णयसिन्धुकारका सिद्धान्तलाई नै समर्थन गरेको छ । सन्ध्या गर्ने समयमा अङ्गन्यास अन्तंगत आगमग्रन्थहरुमा "ॐ भुव :शिखायै वपट् " यस मन्त्र द्वारा शिखामा दाहिने हातको वूढीऔंलाले छुने विधान देखिएको छ । इत्यादि प्रमाणहरुवाट यही कुरा निर्विवाद सिद्धहुन्छ, कि चूडाकरण संस्कारमा शिखा राखेर नै अरु केशलाई मुण्डन गराउनु पर्छ । महर्पिहारीत भन्नुहुन्छ जो मानिस मोह, द्वेप या अज्ञानले शिखाकाट्छन् तिनीहरु 'तप्तकृच्छ, ' व्रत गरेर मात्र शुद्धहुन सक्दछन् । -"शिखां छिन्दान्ति ये मोहात् द्वेप दज्ञानतोऽ पिवा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तप्तकृच्छ्रेण शुध्दयन्ति त्रयो वर्णा द्विजातय ॥ " "काठक गृह्मासूत्र,, र कौथुनि शाखामा त यस्तो उल्लेख छ कि यदि कोही पुरुष प्रमाद वश शिखासहित कटाउछ भने त्यस व्यक्तिले ब्रह्मग्रन्थियुक्त कुशको शिखा वनाए दाहिने कानमा तवतक राखोस् जवतक फेरी शिखा वढेर शिखाग्रन्थी बाध्न योग्य हुदैन । "अथचेत् प्रमादान्नि शिखं वपनं स्यत् तत्र कौशीं शिखां ब्रह्मग्रन्थि समन्विता दक्षिण कर्णोपरि माशिखबन्धादवतिष्ठेत् ॥ उपर्युक्त दण्ड विधानवाट यो कुरा स्पष्ट हुन्छ कि ब्राह्मण, क्षत्रीय, वैश्यलाई शिखासूत्र र हिन्दूमात्रले शिखा अवश्य बाध्नु पर्दछ , अर्थात् धारण गर्नु पर्दछ । यज्ञोपवीत र शिखा विना हिन्दूहरुले गरेका सबैकार्य व्यर्थहुन्छन् र त्यस्ता कर्महरु राक्षसी कर्म हुन पुग्दछन । "सदोपवीतिना भाव्यं सदा वद्धशिखे न च । विशिखो व्युपवीतश्च यत्करोति न तत्कृतम् ॥ " (देवल स्मृति)

विना यच्छिखया कर्म विना यज्ञोपवीतकम् ।
राक्षसं तद्वि विज्ञेय समस्ता निष्फला क्रिया ॥ "
(व्यास स्मृति)

शिखासग वल, वीर्य आयुवृद्धि, तेज र पराक्रमको गहिरो सम्वन्ध छ । त्यसकारण हिन्दूहरुको यो सर्वोत्कृष्ठ जातीय चिन्ह मानिएको हो जस्तै- फौजि सिपाहीहरुको फौजी वेष वीरतासूचक, स्काउटहरुको वेष स्फूर्तिसूचक, मुसलमानहरुको दाढी मुस्लिम पनको सूचक, र इसाईहरुको, नेकटाइ इसाइपनको सूचक छ , त्यसरी नै हिन्दूहरुको शिखा हिन्दूत्वको सूचक हो । हिन्दूत्वको प्रतीक यो शिखा जसको शीरमा छैन, जुन हिन्दूले प्रभावोत्पादक यस्तो हिन्दूत्वको गौरव चिन्हलाई धारण गरेन त्यो हिन्दू शव तुल्य मानिन्छ । शीरको मध्यभागमा सुरक्षित, सुस्थिर शिखा चिरन्तन आर्य गौरव तथा हिन्दूत्वको द्योतक हो । यसकारण हिन्दूजातिका लागि शिखा राख्नु अत्यन्त आवश्यक छ । हिन्दूजाति ज्ञान-विज्ञानरुपी अमृत रसले परिपूर्ण भएको एक घडा हो । त्यस घडाको त्यो रसको एक-एक कणले विश्वका अनेक नदी-नदरुपी मत प्रादुर्भूत भएका छन । ब्रह्मरन्ध्रद्वारा अन्त : स्थित शक्ति निरन्तर विद्युत्प्रवाह वाट प्रवाहित भएर कहीं वाहिर नजाओस् भनेर त्यसलाई सुरक्षित राख्नको लागि शिखारुपी ढकन राख्नु अत्यावस्यक थियो ।

सनातन धर्मका सिद्धान्तानुसार पदार्थ मात्रमा देव या प्राण शक्ति छ , भनेर मानिएको छ । यी स्थावर–जङ्गमरुप संसारमा देव या प्राणशक्तिवाट व्याप्त भएको कुनै पनि व्यक्ति कुनै पनि प्राणिका कुनै जुनिमा गरिएको कर्मको प्रतिफल हो । आफ्ना कर्मानुसार, उर्दभिज्ज, संसारमा लता-वृक्षादिका रुपमा दृष्टिगोचर भएका हुन् । उर्दभिज्ज संसारका यी लता-वृक्षादि हाम्रा अतितका भुक्त योनीमा कुनै समयका हाम्रा पूर्वज अवस्य थिए । जो स्वकर्मानुसार लता-वृक्षादिका रुपमा अवस्थित छन् । हाम्रो शिखा उर्दभिज्ज संसारको चिन्ह हो । नियम पूर्वक वेदादिका स्वाध्यायवाट समुत्पन्न अमृत वायु वेगले प्रवल शीघ्रताले शिखाका अधस्तलमा रहेको ब्रह्मरन्ध्रमा कर्णिका द्वारा प्रवेश हुन्छन् । यो अमृत आफ्नो केन्द्र स्थान सूर्यमा मिल्नको लागि वाहिर निस्कन चाहन्छन्, तर शिखामा संघर्षण हुदा ठक्कर खाएर शरीर भित्र प्रवेश गर्दछन् अर्थात फर्कन्छन् । अमृतसंग संघर्षण भएको हुनाले शिखामा अमृतको लेश रहनु स्वाभाविक हो । निम्न कोटीका स्थावर चेतन योनीहरु यस्तो अमृततत्वलाई पाएर उत्तरोत्तर उच्च योनीहरुमा प्राप्त हुदै जाउन् भनेर हाम्रा पारदृश्वा महर्षिले देवर्षि -पितृतर्पणका साथै चित्ररुप शिखाका अमृत जलले उर्दभिज्ज संसारमा प्रकट भएका लता गुल्मादिरुपी पितृहरुलाई तर्पण गर्ने आदेश दिएका हुन् । "लतागुल्मेषु वृक्षेषु पितरो ये व्यवस्थिता : । ते सर्वे तृप्तिमायान्तु मयोन्सृष्टै : शिखोदकै ॥ " (संस्कार गणपति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्त र योग दर्शनका अनुसार शिखादेखि तल रहेको भाग व्रह्मरन्ध्र मानिएको छ व्राह्मरन्ध्र देखि माथि सहस्त्रदल कमलमा अमृतरुपी परंव्रह्मको निवासस्थानछ । विधिपूर्वक गरिएको वेदादि स्वाध्यायरस विधि श्रोत-स्मार्त–कर्मानुष्ठानवाट समुत्पन्न अमृततत्व अतिक्रन्ता वायुवेगले सहस्त्रदलको कर्णिमा प्रविष्ट हुन्छ । त्यो अमृत तत्व शीरदेखि वाहिर निस्किएर माथि तिर आफ्ना केन्द्र स्थान ऋग्यजु : सामास्वरुप सहस्त्ररश्मि सूर्यदेवमा मिल्न चाहन्छ, तर शिखा राख्नाले त्यो अमृत शिखामा अल्झिएर ठक्कर खाएर सहस्त्रदलको कर्णिकामा नै फर्किएर स्थिर रहन्छ । यदि वेदाध्यायन या सत्कर्मानुष्ठान गर्ने समयमा शिखा खुलै रहेछ भने त्यो पूर्वोक्त अमृत शिखा देखि वाहिर निस्किएर पृथ्वीमा झर्छ । त्याहां वाट उडेर माथितिर लाग्दछ साथै वायुसंग ठक्कर खाएर अन्तरिक्षमा विलाउंछ । फलस्वरुप अनियमित कालमा गरिएको संध्या जस्तै त्यो सत्कर्म पनि विलाएर जान्छ । यसकारण मन्वादि धर्मशास्त्रकार हरुले पनि भनेका छन्, कि स्नान, दान, जप,होम, सन्ध्या, स्वाध्याय र देवतार्चनगर्ने समयमा शिखाग्रन्थि हुनै पर्दछ । -"स्नाने ,दाने ,जपे ,होमे, सन्ध्यायां देवतार्चने । शिखाग्रत्थिं सदाकुर्या दित्ये तन्मनुरव्रवीत् ॥ ''

शिखाको महत्ववारे माथि भनिसकिएकोछ कि शिखा देखि निम्न तलमा व्रह्मरन्ध्र छ र त्यसदेखि माथिको सह्रस्त्रदल कमल परमात्माको केन्द्रस्थान हो । वर्तमान विज्ञानका अनुसार पनि शिखास्थानका पछाडि भित्रपट्टि व्रह्मरन्ध्र पछाडि मस्तिष्क भागमा कामको केन्द्रस्थान छ । यी उपर्युक्त दुवै स्थानमा गाईका खुर प्रमाणको शिखा राख्नाले आत्मिक शक्ति सुरक्षित रहन्छ र चिन्ताशक्ति -(कामोंद्रेक शक्ति) दवीएर रहि रहन्छ । फलस्वरुप मनुस्य आफ्नो कामशक्तिलाई विजय गरेर यथासाध्य दवाएर आध्यात्कि जगत्मा उत्तोत्तर वढ्दै शिखाद्वारा व्यापक व्रह्मको यथेष्ठ शक्तिलाई आकर्षण गर्दछ । वैदिक विज्ञानले यो कुराको रहस्यलाई सिद्ध गरेको छ, कि सर्वव्यापी परेश परमात्माको अप्रमेय शक्तिलाई आकृष्ट गर्ने सर्वोत्तम साधन शिखाधार नै हो । अस्तु ॥

कलियुगको प्रभाव

श्रीमती मंगला अधिकारी
सराङ्गकोट -६

केही रातछँदै उठेर घरको काम गर्नु पर्ने महां ।
उठ्दैनन् झलमल्ल घाम नभई स्त्री धर्म त्यो छ कहां ॥
नाक मुख नचाई लाज नमानी वोल्ने छन् अगाडी सरी ।
वस्ता खेरी पनि केहि प्रश्न वोल्ने ह्रास्लान् हां हां नै गरी ॥

अर्काको घरमा नजानु कहिल्यै विग्रन्छ त्यो वानीले ।
आफ्नो घरमा वसेर जो धन्दा गर्नु छ असल् नारीले ॥
लेख्नेले लेख्छ यो खरिढुङ्गा पढ्नेले पढ्छ वेद ।
केहि छैन घरमा म तिम्रो भरमा नदेख मलाई भेद ॥

संगत् सदैव हुनुपर्छ सज्जनको कुलिनमा ।
ठिक छैन वस्न पनि दुर्जनका नजिकमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपेक्षित ऐतिहासिक स्थल,चिसाखोला आश्रम मेरो दृष्टिमा

राजेन्द्रनिधि कोइराल
पोखरा-४

प्राकृतिक संपदाले सम्पन्न कास्की पोखरा स्वदेशी विदेशीहरुको लागि आर्कपण को केन्द्र वन्दै गएको छ । यहांका ताल तलैया, नदी नाला, हरियाली डाँडा कांडा र उत्तर तिर चाँदी झैं सेतै टल्कने हिम श्रृङ्खला सूर्योदय र सूर्यांअस्त समय देखिने मनमोहक दृश्य स्वच्छ हावा पानी, कला संस्कृति, मानवता पूर्ण व्यवहार आदि विदेशी मूलुक वाट आउने पर्यटकहरुका लागि आर्कपणका कारण हुन् । ठूला ठूला भवन अत्याधूनिक विकासका गतिविधि, यन्त्रवत् मानव व्यवहार र, कोलाहल पूर्ण वातावरण आदिवाट केही समय भए पनि विश्रान्ति लिन आउँछन् । यहाँ पर्यटन हरु प्राकृतिक सुन्दर वातावरण संगको सामीप्यतावाट प्राप्त हुने अलौकिक आनन्दको अनुभूति प्राप्त गर्ने उद्देश्य लिएर आउने पर्यटक हरुलाइं सोही अनुरुपको वातावरणदिन सक्नु पर्छ पर्यटन विकासका लागि यीनै प्राकृतिक संपदा, संस्कृति, मानवतापूर्ण सह हृदयता, सांस्कृतिक, सामाजिक, राजनैतिक दृप्टिले महत्वपूर्ण ऐतिहासिक स्थलहरुको संरक्षण, संवर्धन गर्न नसके पर्यटकीय क्षेत्रका रुपमा पोखरा लाई विकास गर्ने हाम्रो लक्ष, उद्देश्य अधुरा हुनेछन् । आज एकातिर पोखरा लाई पर्यटकीय क्षेत्रका रुपमा विकाश गरी कस्केली जनताको आय वृद्धि गर्दै विदेशी मुन्द्रा आर्जन गर्ने उद्देस्य राखिएको छ भने अर्को तिर पर्यटकीय दृप्टिले महत्वपुर्ण ऐतिहासिक, राजनीतिक, सामाजिक विकासको उद्गम स्थल संरक्षण र सम्वर्धनको अभावमा प्रार्कृतिकको गर्वमै विलिन हुने अवस्थामा पुगेका छन् । यस्ता धेरै महत्वपूर्ण ठाउँहरु मध्ये पोखरेलीहरुको मानपपटलमा घुमैलो स्मरणमा मात्र सिमीत हुन पुगेको ठाउँ चिसाखोला आश्रम पनि एक हो ।

पोखरा वजारको अत्यन्त नजिक रहेर पनि आफनो ऐतिहासिक गरिमामय महत्व वोकेको चिसाखोला आश्रम उपेक्षित भएको छ । पोखराको नयाँ वस पार्क देखि पशिचम करिव आधा घण्टाको दुरीमा अवस्थित चिसाखोला आश्रम धार्मिक ग्रन्थहरुमा वर्णन गरेको ऋपि मुनिहरुको वासस्थान जस्तै प्राकृतिक छटाले आभुपित, शान्त शुन्दर मनोरम, आधुनिक विकासको कोलाहलपूर्ण प्रदुशित वातावरणवाट उन्मुक्त स्थल आज पोखरा वासीहरु कै लागि समेत अपरिचित हुन थालेको छ ।

कुनै एक ताका धार्मिक प्रवचन, हिन्दू धर्मको सत्संग गर्ने, परापूर्व कालको गुरुकुल आश्रममानै शिक्षा दिक्षा दिइने चिसाखोला आश्रम आज दन्त्य कथामा परिभापित हुन थालेको छ । भारतको अलमुडा भन्ने ठाउँवाट आई नदीपुरको नारायण स्थानमा वसेका हिन्दू धर्मका व्याख्याता विद्वान प्रेम चैतन्य व्रह्मचारी र केदार नाथ उपाध्याय नारायण स्थान छाडि वि.स. १९९९ मा चिसाखोला मा स्थानान्तरण भए पछि स्थापना भएको भवन र अग्नीहोत्र यज्ञशाला र शिव मन्दिर आज जीर्ण अवस्थामा आफ्नो अस्थिपंजर लिएर उभिरहेको छ ।

हिन्दू धर्मको प्रवचन सुन्न यज्ञ यज्ञादि गर्न शिक्षा आर्जन गर्न र धार्मिक सत्संग गर्नका लागि भेला हुने कस्केली जनतालाइं वदलिदो विश्ववातावरण अनुरुप प्रजातान्त्रिक अधिकार प्राप्तिका लागि जहानिया राणा शासनका विरोधमा आन्दोलित गराउन प्रेरणा दिने थलो चिसाखोला आश्रम प्रजातन्त्र पुन:प्राप्ति पछि पनि उपेक्षित हुनु दुःखको विपय हो । हरि प्रसाद नाम गरेका कानोजोगी मार्फत् आउने नेपाल भित्र र वाहिरी मुलुकका खवर, घटनाहरुको प्रचार प्रशारको प्रमुख थलो चिसाखोला वह्मचारी आश्रमको धार्मिक सत्संग, पाठशालाको आवरणमा आश्रित हुँदै राजनैतिक, सामाजिक जागरणका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रियाकलापहरु जनस्तर संग पुग्ने गर्दथ्यो । प्रजातन्त्र प्राप्तिका धेरै समय सम्म आफ्नो गरिमालाई कायम गर्दै आएको यस आश्रम ०१७ सालको राजनैतिक दुर्घटना पश्चात अपहेलित हुँदै गयो । अझै पनि धेरै कस्केली वुढापाकाहरु त्यैसै आश्रमवाट आफ्नो अध्ययन प्रारम्भ भएको र त्यस ठाउँको वातावरण वाट धार्मिक राजनैतिक र सामाजिक क्षेत्रमा प्रवेश गर्ने प्रेरणा प्राप्त गरेको कुरा सगर्व व्यक्त गर्दछन् ।

आफ्ना थुप्रै जग्गा, जमिन र आयस्ता वाट संचालित चिसाखोला व्रह्मचारी आश्रम जस्ता स्थलहरुको धार्मिक, राजनैतिक दृष्टिले महत्व पूर्ण ऐतिहासिक स्थलहरुलाई धार्मिक पर्यटकीय स्थलमा रुपान्तरिन गर्न सके पर्यटन विकासमा थप आयाम हुन सक्छ ।

पर्यटन विकासका दृष्टिले अत्यन्त महत्व राख्ने यहांका प्राकृतिक संपदा, ऐतिहासिक स्थल, धर्म संस्कृति आदि संरक्षण र संवर्धनको अभावमा विकृत र कुरुप हुँदै गएका छन् । फेवाताल दिन प्रतिदिन साँगुरिँदै र झारपातले पुरिँदै जान थालेको छ । पोखराका सडकहरु सडककै उपहास वनेका छन् । हरियाली डाँडा काँडाहरु मानव अतिक्रमणवाट उजाड वन्दै गएका छन् । पोखरेलीहरुका मानवोचित सह हृदयता अव व्यवसायिक छलकपटवाट पिडित हुँदै जान थालेको छ । प्रस्थावित विमानस्थल निर्माण नै नभै विलिन हुने आसंका मा पिडित भएको छ । यही यस्तै अवस्था रहि रहने हो भने एक दिन पोखरा पर्यटन विनाको पर्यटन क्षेत्र हुन सक्दछ । भविष्यले यस वर्तमानलाई सत्तो सराप हाल्नेछ । यस्का जिम्मेवार धेरै थोरै रुपमा हामि सवै पनि हुने छौं । अझ वढी आजको समाज, संवन्धित निकायकां प्रतिनिधि, मेयर, जिल्ला विकासका सभापति, सांसदहरु हुने छन् । त्यसैले यस्ता सार्वजनिक ऐतिहासिक धार्मिक स्थलहरु र प्राकृतिक संपदाहरुको संरक्षण संव्र्धन र विकासका लागि समाजिक संघ संस्था राजनैतिक पार्टीहरु र सरकारको ध्यान जानु अत्यन्त आवश्यक भएको छ । अस्तु ।

पोखरा चिसाखोला वेद विद्याश्रमको उत्तोरोत्तर प्रगतिको कामना गर्दै वडा दशैं तथा दीपावली २०५६ उपलक्ष्यमा हाम्रा सम्पूर्ण गा. वि. स. का वासिन्दाहरुमा मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

(भक्त वहादुर गुरुङ्ग)
अध्यक्ष तथा भदौरे तामागी गा.वि.स
परिवार कास्की

पोखरा चिसाखोला वेद विद्याश्रमको उत्तोरोत्तर प्रगतिको कामना गर्दै वडा दशैं तथा दीपावली २०५६ को शुखद उपलक्ष्यमा सम्पूर्ण शुभ चिन्तक दाजु भाइ दिदी बहिनी तथा इष्टमित्रहरुमा सुख शान्ति, सु स्वास्थ्य र सम्वृद्धिको लागि मंगलमय शुभ कामना व्यक्त गर्दछु ।

श्रीमती मंगला अधिकारी
तथा
अधिकारी परिवार सराङ्कोट-६, कास्की

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानव र शक्ति: भक्त र भगवान

वाल कृष्ण सुवेदी

शक्ति शव्द संग हामी सवै परिचित छौं । मानव शरीरमा शक्तिको अभाव हुने वित्तिकै लाशमा परिणत हुन्छ । यो वा त्यो रुपमा हामीहरु क्षण क्षणमा शक्ति संग परिचित छौं तर हाम्रो यो शक्ति सगको परिचय विश्व व्रह्मण्डको तुलानमा तृण वरावर मात्र हो । महाशक्तिलाई वुझ्न यो आंशिक शक्तिलाइं चिन्तन गर्दै धेरै अगाडि वढ्न पर्ने हुन्छ ।

केवल शरीर धारण गर्ने शक्तिमा मात्र सिमित नरही जव मानिस असन्तुष्ट हुन्छ, या ठूला ठूला समस्या आइ पर्दछन् अथवा ठूला ठूला इच्छा वढ्न थाल्दछन् अनि मानिस महाशक्तिको खाजीमा स्वत: लाग्दछ । कहिले काहीं वैराग्य वाट प्राप्त हुने विवेक र ज्ञानले पनि आस्तिक भएर शक्तिवान र शक्तिको खोजीमा लाग्दछ । वैराग्य समस्या, इच्छा र आकांक्षा जस्तो र जत्रो छ त्यसै अनुकुलको शक्तिको चाहना हुदा मानिसहरुले विभिन्न नाम रुपका शक्तिलाई उपासना गरेको पाइन्छ । भक्तिका सात्विक, राजस, तामस तीन तह र भाव छन् । यसमा तामस भावलाइं निम्न, राजस भावलाइं मध्यम र सात्विक भावलाइ उत्तम भाव भनेर व्याख्या गरिएको छ ।

मानिसहरु आवश्यकता रुची, कर्म या भाग्य अथवा गुरु कृपा अनुसार स्थानीय देव देवी देखि लिएर मूल प्रकृति राधा सम्म पुग्दछन् । यिनै मूल प्रकृति राधाका शक्ति रुप काली, लक्ष्मी, सरस्वती अनि महाकाली, महालक्ष्मी, महासरस्वती र फेरी श्री भुवनेश्वरी, श्री श्री दशभूजा गायत्री देवी सताक्षी या साकम्भरी भगवती हुन्, जस्को वर्णन श्री दुर्गा सप्तसती चण्डीको नेपाली पद्य अनुवादमा डिट्टा अंशुमाती उपाध्याय खनाल ले निम्न अनुसार गर्नु भएको छ ।

सय वर्ष खडेरीले पानी सक्दा सवै तिर ।
मुनीका स्तुतिले फेरी आउने छु म भूमिमा ॥
हेर्ने छु सय आखाले मुनी लाइं जसै अनी ।
सताक्षी नामले मेरो पुजा गर्लान सवै जना ॥
अनि आफ्नै देह वाटै प्राण धान्ने साग उत्तम ।
उब्जाई लोक पाल्नेछु नहुदा तक वर्षण ।

राधाको अर्को अवतार श्री भ्रामरी देवीको वर्णन उल्लेखीत पद्य अनुवादमा यस्तो छ ।

लिइ रुप भ्रमरको गणनातित पट्पद ।
त्रिलोक कै भलो गर्ने मार्ने छु त्यो महासुर ॥

माथि वर्णन भएको सताक्षी भगवती र भ्रमरी भगवतीको अवतार वर्तमान २८ औं कलियुगको भविष्यमा हुने घटनाको वर्णन हो ।

वेद, उपनिषद, भागवत आदि ग्रन्थहरुको आधारमा सवै महाशक्ति की शक्ति दाता श्री राधा हुनुहुन्छ । अथर्ववेदीय राधिका तापनियोनिपद मा यो कुरा प्रष्ट उल्लेख छ । ऋग्वेदमा पनि राधा शव्द शव्दको प्रयोग सात विभक्तिहरुमा भएको छ । यसरी मूल प्रकृति राधा शक्तिमाता हुनुहुन्छ । वहां कै देव्रे अगवाट राधा र दाहिने अङ्गवाट लक्ष्मी प्रकट हुनु भएको हो । पांचौं नगदगुरु श्री १००८ स्वामी श्री कृपालु जी महाराज द्वारा रचना भएको भक्ति शतकको प्रथम श्लोकमा यस्तो वर्णन छ ।

अद्वितीय इक तत्व है, राधा तत्व प्रधान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

याको दुजो रुप है, स्वयं कृष्ण भगवान ॥

यसरी जुनसुकै नाम रुपमा देवता, भगवान या ईश्वरलाई भक्ति गर्दा शक्ति र शक्तिमान को अर्थले पुरुप र स्त्री रुपमा व्याख्या गरिएको छ भने भक्तको भावना र रुची अनुसार अनी देश, काल, परिस्थिति अनुसार अन्य अनन्त नाम रुपमा व्याख्या गरिएको पाईन्छ । कुनै संघ संस्थाको अथवा राजनैतिक पार्टिको सदस्यता लिए जस्तो नभएर मनले धारण अर्थात् आचरण व्यवहारले स्वीकार गर्ने हो भने संसारको जुन सुकै धर्म मानव सभ्यता र प्रकृतिको संरक्षण अनि नैतिकता भन्दा फरक हुदैन यसरी मानव शक्ति, भक्त र भगवानको महिमालाई अनुसरण गरी सनातन वैदिक धार्मिक परम्परा अनुसार शक्तिलाई एकाकारको रुपमा लिन उचित हुन्छ ।

वेद एवं हिन्दू संस्कृतको संरक्षण

विश्वनाथ पौडेल
सराङ्गकोट -६

विश्वको मानचित्रमा नेपाललाई फेला पार्न एशिया महादेशको त्यस भागमा हेर्नु पर्दछ, जहाँ विश्वको सर्वोच्च शिखर हिमालय पर्वतमाला लम्पसारिएको छ । भनिन्छ यही कैलाश पर्वतमा शिव पार्वतीको वास थियो । प्राचीन समयदेखि नै मानिसहरु आध्यात्मिक जीवन विताउँदै आएका थिए । धार्मिक तत्वदेखि देवताकै ज्ञान प्रार्थना गरि विभिन्न धर्मग्रन्थहरुको संरचना गर्दै आएका थिए । मानिसहरु देवताका विभिन्न रुपहरु मध्य तीन आधार शक्तिहरु व्रह्म, विष्णु, महेश्वको रुपका प्रतिमा मूर्तिहरु निर्माणका अतिरिक्त पूजा पाठ गर्न थाले । पूजा पाठका शुरुमा वेदलाई सर्वोपरी भनिन्छ । वेदका पनि चार भाग ऋग्वेद, सामवेद, यर्जुवेद, अर्थवेद मा विभाजित छन् । वेद प्रति विशेष गरी हिन्दूहरुको अपार श्रद्धा एवं भक्ति छ । वेद हाम्रो श्रद्धाका मागदर्शन हुन् । यिनले हाम्रो जीवनका भूत, वर्तमान, भविष्यको दिशावोध गराउँछन् । विज्ञानले हाल आफ्ना विभिन्न खोज, अनुसन्धान गर्दा वेदलाई नै आधार मान्न थालेको छन । हिन्दू धर्मको प्रमुख श्रोत वेद जसको महिमा अति भएपनि यसको पठन पाठनमा चासोको विपयमा लिईदैन । वेदाध्यानका लागि विदेश धाउनु पर्ने वाध्यता थियो , जसले गर्दा वेद ज्ञानको कमी हुन गएको हो, खास गरी वेदले मानव जीवनमा हिडनु पर्ने असल मार्ग देखाउँदछ । सत्पुरुपद्वारा प्रतिपादन गरिएका सद्गुण बढने खालका कर्म गरी सदाचारी वनी सारा धर्मको श्रोत वेद वन्न पुगेको छ । वेदको सार तत्व खोज्न पश्चिमी विद्वान् डा. मैक्स मूलरले ३० वर्ष अध्यायन र अनुसन्धान गरी विताएका थिए । जसको अध्यापनबाट वेदलाई नै जेठो सर्वप्रथम धार्मिक ग्रन्थ भनि प्रमाणित गरेका थिए । वेदको सर्वोत्तम मान्यता, आत्मासात् गर्नु भनिएको छ ।

त्यस्तै जर्मनी विद्वान् डा. याकोदीले समेत ज्योतिप विज्ञानको अध्यायनका क्रममा वेदको उल्लेख गरेका थिए । वेदको संरक्षण गर्न सके यसको ज्ञान निरन्तर लिन सक्ने अवसर भावि पुस्तालाई पनि मिल्नेछ । धर्मले मानिसमा समन्वय सह अस्तित्व जगाई सद्भावनाको भावना सृजना गराउदछ । त्यसले गर्दा धार्मिक सहिस्णुता मा वृद्धि हुन अन्त्यमा हिन्दू धर्मको संरक्षण गर्न सर्वप्रथम वेद विद्याश्रमको स्थापना गरी निरन्तरता गर्न सके यसको संरक्षण हुने कुरा विदितै छ ।

५. " देव, पितृ, पुत्र, पुत्री ऋण तिर्नु मानव सफल हुनु हो "- गरुड पुराण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिसाखोला वेद विद्याश्रमको एक नयाँ झलक २०५६

ग. अ. कास्की जिल्ला सराङ्गकोट वडा नं ६ मा अवस्थित चिसाखोलाको प्राकृतिक तथा ऐतिहासिक पृष्टभूमिले गौरवमय भाव पूर्णरुप रही रहेको छ । त्यसमा पनि अझ आधुनिक अवस्थामा चहकिलो रुपमा आओस् भन्ने हेतुले यो पोखरा चिसाखोला वेद विद्याश्रमको एक आयम थपिएको हो । यो वेद विद्याश्रम मिति २०५५।७।१० मा दर्ता नं. ५५३ वाट विधिपूर्वक जि. प्र. कार्यलय कास्कीमा दर्ता भै समाज कल्याण परिपदमा समेत आवद्ध भै सकेको छ । सर्व प्रथम मानवको लागि विद्या प्रमुख धन हो । त्यसमा पनि वेदाध्ययन गर्नु मानवहरुको उत्कृष्ठ: ज्ञान विद्या, मानव शिरोमणी ज्ञान रत्न, भएवाट वेद, रुद्री, प्रार्थानादिको पठन पाठन गराइ क्रमश: व्याकरण, कोप साहित्य पढाउने उद्देश्य अनुरुप हाल वेद रुद्री प्रार्थनाको पढाई भै रहेको जानकारी दिन पाउँदा हामी लाइ खुसी लागेको छ ।

अर्को तर्फ पोखरा नगरीको नगिचै गौरव मय वातावरणमा रहेर पनि विजुली रुपी प्रकाशले पिछडिएको चिसाखोला आश्रमलाई समितिको सक्रियतामा र श्रीमती सुभद्रा कोइराला र शिव प्रसाद कोइराला समेतको विशेप सहयोगमा विद्युत लाइन विस्तार गरी वत्ति वाल्ने कार्य सफल भएको छ । साथै विद्याश्रामको नाउँमा पोप्ट वक्स नं. २५१ स्थापना गरिसकिएको छ ।

हिन्दूधर्म परंपरावाट चल्दै आएका चाड पर्व यज्ञ तथा कुमारहरुको व्रतवन्ध कार्यक्रम समेत यथा समयमा भै रहेका छन् समितिको सदस्यता वितरण, समयानुकुलको धार्मिक चाड पर्व को कार्यहरु यथोचित शैलीमा रहेका छन् ।

तीन कोठाको कक्षाकोठा निर्माण गर्न प्राविधिक ओभरशियर राजु रेग्मीले नि:शुल्क तथा ल.इ.र नक्शा तयार गरिदिनु भएको छ । संवन्धित गा. वि. स समक्ष भवन निर्माण तथा गा. वि. स. वाट दिइने शिक्षक दरवन्दिको माग भै रहेको छ ।

अव निकट भविप्यमा हुने भवन निर्माणको लगत इप्टमेट गुरु योजनाको विस्तृत रुप रेखा भविप्यमा हुने दुरगामी कार्यहरुको योजना निकट भविप्यमा नै तयार गरिने व्यहोरा तमाम सज्जन, श्रद्धालु, भक्त, विद्वान, महाशिक्षक, शिक्षक, उद्योगपति, व्यापारी नेता कार्यकर्ता , सन्त, महन्त श्रमिक लगायतका महानुभाव संग अवगतर्थ अनुरोध गर्दछौं । यहाँ हरुको सुझाव र पूर्णसहयोगको आशा राख्दै दिनानुदिन अघिवढने सद्लक्ष्य राख्दछौं ।

गंगाधर तिमिल्सिना
सदस्य सचिव

पोखरा चिसाखोला वेद विद्याश्रमको उत्तोरोत्तर प्रगतिको कामना गर्दै वडा दशैं तथा दीपावली २०५६ उपलक्ष्यमा हाम्रा सम्पूर्ण गा. वि. स. का वासिन्दाहरुमा मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

केदारनाथ अधिकारी	भेष राज पराजुली
अध्यक्ष तथा	अध्यक्ष तथा
ढिकुर पोखरी गा. वि. स	चापाकोट गा.वि.स
परिवार कास्की	परिवार कास्की

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थिक प्रतिवेदन

मणिरत्न अधिकारी
कोपाध्यक्ष

पोखरा चिसाखोला वेद विद्याश्रमले आफ्नो स्थापना कालको प्रथम वर्पमा गरेको आर्थिक गतिविधि यथार्थ जानकारी गराउने प्रयास गर्दछु । यस वेद विद्याश्रम सम्पूर्ण हिन्दू मात्रको आस्थाको केन्द्र रहेको हुनाले हाम्रो सनातन वैधिक परम्परा कायम राख्नका निर्मित्त छोटै समयमा भएको आर्थिक सहयोग सह्रानीय रहेको छ । विद्याश्रमका संस्थापक अध्यक्षवाट सवै भन्दा वढी रकम रु. १०,२९९।- प्रदान गर्नुभयो । भौतिक सहयोगमा पोखरा उप-महानगर पालिका वडा नं. २ का वडा अध्यक्ष श्री रामेश्वर मल्लवाट विद्याश्रमको साईनवोर्ड उपलव्ध गराउनु भयो । गण्डकी नुडल्स् पोखरावाट ४० के.जी.रारा धुलो चाउ चाउ, पोखरा वर्क्सक्लव नयाँ वजार वाट २० के. जी सुजी सहयोग प्राप्त भयो वडा समितिको रकम मध्ये वाट वडा नं. ६ सराङ्गकोटका वडा अध्यक्ष ज्यूवाट आश्रममा पानी लैजानको लागि रु. २,५००।- वरावरको पाइप उपलव्ध गराउनु भएको छ ।

पोखरा चिसाखोला वेद विद्याश्रमको सम्पूर्ण आम्दानीलाई कृपि विकास वैक वैकिंङ्ग कार्यालय पोखरामा वचत १२४६० नं. को खाता खोलि वेद विद्याश्रमको त्यही कोपवाट आम्दानी खर्चको शुरु भएको छ । प्रथम वर्पमा नै विद्याश्रममा विद्युत लाईन लैजाने कार्यमा सम्वन्धीत निकाय र व्यक्तिको सहयोग द्वारा पुरा भएको छ । आगामी दिनमा पनि यस विद्याश्रमको संस्थागत विकास गराउन समस्त श्रदालु हिन्दू धर्मावलम्वीहरुमा अनुरोध गर्दछु । गत २०५५।९।२५ देखि २०५६ आपाढ मसान्त सम्मको आय व्याय र विद्याश्रमको खाता श्रेता लेखा परीक्षण निःशुल्क गरिदिनु हुने लेखा परीक्षक श्री विष्णु प्रसाद वराललाई विद्याश्रमको तर्फवाट धन्यवाद दिन्छु । आ.व. २०५५/०५६ को आय व्याय विवरण देहाय वमोजिम भएको हुँदा प्रस्तुत गर्दछु ।

आय (विवरण) तर्फ | व्याय (विवरण) तर्फ

शीपक	रकम	शिर्पक	रकम
१.आजीव सदस्यता वाट	१२,५००।-	१. सार्वजानिक निर्माण	११,०००।-
२. आर्थिक सहयोग वाट	१२,८८६।२५	२. विद्यार्थी भोजन	३,९७७।-
३. विविध (सहयोग) वाट	२,२२५।-	३. सेवा/अन्य	७८१।-
४. वैक व्याज	८७।३१	४. विविध	३,१०७।-
		५. कार्यालय सामान	२,३६५।-
		६. पुस्तक खरिद	२५०।-
		७. ०५६ आपाढ मसान्त-सम्मको वैक मौज्दात	६,२१८।५६
कूल जम्मा	२७,६९८।५६	कूल जम्मा	२७,६९८।५६

६. " श्रद्धा र भक्ति दानका दुई हेतु हुन् "- नीतिशतक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पोखरा चिसाखोला वेद विद्याश्रम सराङ्गकोट -६ कास्कीको कार्यसमितिका सदस्यहरुको नामावली

संरक्षक: अग्नीहोतृ पं श्री केदार नाथ उपाध्याय

१.
अध्यक्ष श्री
मोक्षनाथ तिमिल्सिना
साराङ्गकोट गा.वि.स ६
कास्की

२.
उपाध्यक्ष
विष्णु चन्द्र कोइराला
पो.उ.मा.न.पा -५
कास्की

३.
सचिव
गंगाधर तिमिल्सिना
भदौरे तामागी
गा. वि.स वडा नं ५
कास्की

४.
कोपध्यक्ष
श्री मणीरत्न अधिकारी
साराङ्गकोट गा.वि.स ६
कास्की

५.
सदस्य
श्री शिव प्रसाद कोइराला
साराङ्गकोट गा.वि.स ६
कास्की

६.
सदस्य
श्रीमती सुभद्र कोइराला
पा.उ.म.न.पा. ५ कास्की

७.
सदस्य
श्री खिमलाल अधिकारी
साराङ्गकोट गा.वि.स ६
कास्की

८.
सदस्य
श्री नरनाथ पराजुली
पा.उ.म.न.पा. २ कास्की

९.
सदस्य
श्री ठाकुर प्रसाद गौतम
साराङ्गकोट गा.वि.स ६
कास्की

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सल्लाहाकार सदस्यहरु

१.
श्री शुक देव वराल
पो.उ.म.न.पा.
९ कास्की

३.
तिलक पराजुली
पो.उ.म.न.पा.
५ कास्की

२
श्री शिव चन्द्र कोइराला
पो.उ.म.न.पा.
५ कास्की

४.
श्री झपट वहादुर
थापा सराङ्गकोट
गा.वि.स का अध्यक्ष
(प्रतिनिधि)

धन्यवाद ज्ञापन

आदरणीय गुरु प्रेम चैतन्य
व्रह्मचारी

पोखरा चिसाखोला व्रह्मचर्याश्रम हाम्रो धार्मिक र वैदिक परम्परा अनुसारको शिष्य प्रशिष्य हुदै जाने प्रचलन अनुसार म अग्निहोत्री पं केदारनाथ उपाध्यायले चलाउँदै आएकोमा सो कार्यमा मोक्षनाथले सुख दु:खमा साथ दिँदै आएको र हाम्रो प्रस्तुत नियम वमोजिम पनि अख्तियार प्राप्त उत्तराधिकारी भएको कारणले मेरो जिवान्तर पछि मोक्षनाथ तिमिल्सिनालाई प्रमुख उत्तराधिकारी शिष्य (अग्नीहोत्री) भएर आश्रम संचालन गर्न उत्तराधिकारी कायम गरिदिएको छु ।

मेरो संरक्षकत्वमा स्थापित वेद विद्याश्रमले आफ्नो उद्देश्य वमोजिमको कार्य संचालन गरि एक मात्र हिन्दू राज्य नेपालकै धार्मिक ऐतिहासिक सनातन स्थलको रुपमा विकास गरि विश्व समक्ष परिचय दिन सकोस् भन्ने शुभकामना दिन्छु । साथै यस वेद विद्याश्रमलाई संस्थागत रुप दिई विकास गराउन सहयोग गर्ने अध्यक्ष लगाएत समस्त शुभ चिन्तकहरुमा हार्दिक शुभकामनाका साथ धन्यवाद ज्ञापन गर्दछु ।

केदारनाथ
अग्नीहोत्री पं केदारनाथ उपाध्याय
पोखरा चिसाखोला व्रह्मचर्याश्रम
सराङ्गकोट - ६ 'चिसाखोला कास्की

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आजीवन सदस्य नामावली

क. सं. नाम	ठेगना
१. श्री मोक्षनाथ तिमिल्सिना	सराङ्गकोट गा. वि. स. वडा नं. ६
२. श्री शिवप्रसाद कोइराला	" "
३. श्री शिव चन्द्र कोइराला	पो.उ.म.न.पा.वडा नं. ५
४. श्री नरनाथ पराजुली	पो.उ.म.न.पा. वडा नं. २
५. श्री गंगाधर तिमिल्सिना	भदौरेतामागी गा.वि.स. वडा नं ५
६. श्री खिमलाल अधिकारी	सराङ्गकोट गा.वि.स.वडा नं ६
७. अग्नीहोत्री पं. श्री केदारनाथ उपाध्याय	सराङ्गकोट गा.वि.स.वडा नं ६
८. श्री मणिरत्न अधिकारी	सराङ्गकोट गा.वि.स.वडा नं ६
९. श्रीमती सुभद्रा कोइराला	पो.उ.म.न.पा. वडा नं. ५
१०. श्री शुदर्शन भार्गी	पो.उ.म.न.पा. वडा नं. २
११. श्री रविचन्द्र पराजुली	पो.उ.म.न.पा. वडा नं. ५
१२. श्री फणिन्द्र वास्तोला	पो.उ.म.न.पा. वडा नं. १
१३ श्री कृष्ण वहादुर थापा	पो.उ.म.न.पा. वडा नं. ८
१४. श्री सरद सिग्देल	पो.उ.म.न.पा. वडा नं. १३
१५. श्री वसन्त कुमार वाटाजु	पो.उ.म.न.पा. वडा नं. २
१६. श्री लक्ष्मी प्रसाद अधिकारी	कालिका गा.वि.स. वडा नं. ४
१७. श्री दुर्गा प्रसाद अधिकारी	पो.उ.म.न.पा. वडा नं. १
१८. श्री तिलक पराजुली	पो.उ.म.न.पा. वडा नं. ५
१९. श्री नवराज लम्साल	पो.उ.म.न.पा. वडा नं. ५
२०. श्री देवीरमण पराजुली	पो.उ.म.न.पा. वडा नं. ५
२१. श्री राम वहादुर ध्वजु	पो.उ.म.न.पा. वडा नं. १
२२. श्री विष्णु प्रसाद वराल	पो.उ.म.न.पा. वडा नं. ७
२३. श्री विश्वनाथ पौडेल	पो.उ.म.न.पा. वडा नं. ७
२४. श्री कृष्णराज वराल	पो.उ.म.न.पा. वडा नं. ५
२५. श्री पिताम्वर आचार्य	लामाचौर गा.वि.स.वडा नं. १
२६. श्री वलराम अधिकारी	कालिका गा.वि.स.वडा.नं. ४
२७. श्री भोजराज उपाध्याय	सल्यान गा.वि.स.वडा नं. २
२८. श्री गोविन्द प्रसाद अधिकारी	सराङ्गकोट गा.वि.स. वडा नं. ६
२९. श्री नन्दलाल सुवेदी 'सा'	ढिकुर पोखरी गा.वि.स. वाड नं.२
३०. श्री नेत्र प्रसाद अधिकारी	सराङ्गकोट गा.वि.स. वडा नं. ६
३१. श्री ऋषिश्वर आचार्य	पो.उ.म.न.पा. वाड नं. ५
३२. श्री सूर्यप्रसाद तिमिल्सिना "पालुवा"	सराङ्गकोट गा.वि.स. वडा नं. ५
३३. श्री हेरम्वप्रसाद कोइराला	पो.उ.म.न.पा. वाड नं.५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३४. श्री वावुराम अधिकारी	सराङ्गकोट गा.वि.स. वडा नं. ६
३५. श्री यादव प्रसाद अधिकारी	सराङ्गकोट गा.वि.स. वडा नं. ६
३६. श्री भोलानाभ पराजुली	पो.उ.म.न.पा. वडा नं. ५
३७. श्री इन्द्र प्रसाद पराजुली	पो.उ.म.न.पा. वडा नं. ५
३८. श्री टुमलाल अधिकारी	पो. पो.उ.म.न.पा. वडा नं. ५
३९. श्री पुण्य प्रसाद पराजुली	उ.म.न.पा. वडा नं. ५
४०. श्री श्रीराम पराजुली	पो.उ.म.न.पा. वडा नं. ५
४१. श्री वालकृष्ण अधिकारी "सानो"	सराङ्गाकोट गा.वि.स.वाड नं.४
४२. श्री गणेश प्रसाद तिमिल्सिना	सराङ्गकोट गा.वि.स. वडा नं. ६
४३. श्री प्रेम वहादुर जि.सी.	सराङ्गाकोट गा.वि.स.वडा नं. ६
४४. श्री विश्वन्धु भूत्यांल	पो.उ.म.न.पा. वडा नं.५
४५. श्री सम्मर वहादुर श्रेष्ठ	पो.उ.म.न.पा. वडा नं.१० रामवजार
४६. श्री कृष्णप्रसाद कोइराला (तारणी)	पो.उ.म.न.पा. वडा नं. ५
४७. श्री कृष्णप्रसाद कोइराला	पो.उ.म.न.पा. वडा नं. ९
४८. श्री द्रोणराज अधिकारी	पो.उ.म.न.पा. वडा नं. ५
४९. श्री छवि सुवेदी "विजयी"	पो.उ.म.न.पा. वडा नं. ५
५०. श्री गोविन्द प्रसाद दवाडी	सराङ्गकोट गा.वि.स. वडा नं. ६
५१. श्रीमती लक्ष्मी थापा	पो.उ.म.न.पा. वडा नं. ५
५२. श्री पद्मराज कोइराला	पो.उ.म.न.पा. वडा नं. ५
५३. श्री नेत्रपाणी गौतम	पो.उ.म.न.पा. वडा नं. ५
५४. श्री लक्ष्मी प्रसाद कोइराला	पो.उ.म.न.पा. वडा नं. ५
५५. श्रीमती हीम कुमारी कोइराला	पो.उ.म.न.पा. वडा नं. ५
५६. श्री भैरव प्रसाद कोइराला	पो.उ.म.न.पा. वडा नं. ५
५७. श्री रामजी प्रसाद कोइराला	पो.उ.म.न.पा. वडा नं. ४ गैह्रापाटन
५८. श्री राजेन्द्र निधि कोइराला	पो.उ.म.न.पा. वडा नं. ४ गैह्रापाटन
५९. श्री कृष्ण प्रसाद गौतम "ठूलो"	सराङ्गकोट गा.वि.स. वडा नं. ६
६०. श्री कृष्ण प्रसाद अधिकारी	सराङ्गकोट गा.वि.स. वडा नं. ६
६१. श्री कृष्ण वहादुर खत्री	लामाचौर गा.वि.स. वडा नं.
६२. श्री वालकृष्ण अधिकारी	सराङ्गकोट गा.वि.स. वडा नं. ६
६३. श्री सूर्य प्रसाद अधिकारी "क"	सराङ्गकोट गा.वि.स. वडा नं. ६
६४. श्री विश्वनाथ पौडेल	सराङ्गकोट गा.वि.स. वडा नं. ६
६५. श्री दुर्गा दत्त पराजुली	पो.उ.म.न.पा. वडा नं. ५
६६. श्रीमती मंगला अधिकारी	सराङ्गकोट गा.वि.स. वडा नं. ६
६७. श्री खेमराज पौडेल	पो.उ.म.न.पा. वडा नं. ७
६८. श्री विष्णु चन्द्र कोइराला	पो.उ.म.न.पा. वडा नं. ५
६९. श्री केदारनाथ शर्मा वराल	पो.उ.म.न.पा. वडा नं. ५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधारण सदस्य नामावली

७०. श्री रुद्र प्रसाद वस्ताकोटी	चापाकोट गा.वि.स. वडा नं. ७
७१. श्री राजु रेग्मी	सराङ्गकोट गा.वि.स.वडा नं. ९
७२. श्री कमल थापा	सराङ्गकोट गा.वि.स. वडा नं. ८
७३. श्री राम वहादुर थापा	सराङ्गकोट गा.वि.स. वडा नं. ८
७४. श्री शिव प्रसाद भण्डारी	पो.उ.म.न.पा. वडा नं. ५
७५. श्री शिव प्रसाद अधिकारी	पो.उ.म.न.पा. वडा नं. ५
७६. श्री नरहरि तिमिल्सिना	सराङ्गकोट गा.वि.स. वडा नं.५



वेद विद्याश्रमले आगामी दिनहरुमा अझबढी प्रगति
गर्न सक्ने शक्ति नव दुर्गा भवानीले प्रदान गरुन

जया कन्फेक्सनरी प्रा.लि. पोखरा, फोन :- २१६८६

हाम्रा उत्पादनहरु :
मेङ्गो चार्ट, योयो स्वीट्स, सण्टेर क्रेश, रसिलो कैण्डीको स्वादले सधैं
सबै संग नपाई पनि रमाउनहोस् है । किन्न विर्सेर पछुताउन् होलानि !

यस पोखरा चिसाखोला वेदविद्याश्रम सामाजीकरण मा अगाडि बढोस् भन्ने शुभकामना एवं विजया दशमी तथा दीपावली २०५६ को उपलक्ष्यमा मंगलमय हार्दिक शुभ कामना

पश्चिमाञ्चल, वोडिङ्ग स्कूल
पोखरा - ४

विजया दशमी तथा दीपावली २०५६ हार्दिक मगंलमय शुभ कामना प्रकट गर्दछौं

Luxury for a beautiful lifestyle
Half Turn
Bathroom Fittng

SEIKO SUPER ®

अधिकृत विक्रेता :
नेपाल व्रदर्शहार्डवयेर
सृजनाचोक, पोखरा
फोन नं. :-२८६१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना

पोखरा चिसा खोला वेद विद्याश्रमक उत्तरोत्तर प्रगतिको कामना एवं समस्त शिक्षा प्रेमी प्राध्यापक अभिभावाक विद्यार्थीहरुमा २०५६ कोविजया दशमी तथा दीपावलीको पावन अवसरमा हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

पोखरा उच्च मा. वि
भीमकालीपाटन, पोखरा
फोन नं. २०४३४

शुभकामना २०५६

पोखरा चिसा खोला वेद विधाश्रमको उत्तरोत्तर प्रगतिको कामना एवं समस्त महिला वर्गमा २०५६ को विजया दशमी तथा दीपावलीको पावन अवसरमा हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

श्रीमती सुभद्रा कोइराला
अध्यक्ष
महिला जागृति समूह
पो.उ.म.न.पा. वडा नं. ५

शुभकामना

पोखरा चिसा खोला वेद विद्याश्रमक उत्तरोत्तर प्रगतिको कामनाका साथै समस्त ग्रहाक वर्गमा २०५६ को विजया दशमी तथ दीपावलीको पावन अवसरमा हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

घरयासी तथा अफिसियल समानहरु (कुर्सि, टेवल, ढोका) आदि चाहिएमा हामीला सम्पर्क राख्नुहोला ।

प्रो. खेमकाजी गौतम
त्रिवेणी फर्निचर उद्योग
नदिपुर चोक पोखरा
फोन नं. २६६२२

शुभकामना

पोखरा चिसा खोला वेद विद्याश्रमक उत्तरोत्तर प्रगतिको कामना सहित २०५६ क विजया दशमी तथा दीपावलीको पाव अवसरमा हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

सफा, शुद्ध एवं आकर्षणक अफसेट प्रविधिद्वारा छापइको लागि सधै सम्झनुहोस्

पोखरा अफसेट प्रेस
पृथ्वीचोक पोखरा
फोन नं. २७९८७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना

पोखरा चिसा खोला वेद विद्याश्रमको
उत्तरोत्तर प्रगतिको कामना गर्दै समस्त
ग्राहक प्रति २०५६ को विजया दशमी
तथा दीपावलीको पावन
अवसरमा हार्दिक
मंगलमय शुभ
कामना व्यक्त गर्दछौं ।

ओम शिव हार्डवयर
धगर पोखरा
फोन नं. २६१४३

शुभकामना

पोखरा चिसा खोला वेद विद्याश्रमक उत्तरोत्तर प्रगतिको कामना सहित २०५६ क विजया दशमी तथा दीपावलीको पाव अवसरमा हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

स्टेशनरी समानहरुको लागि हामीला सम्झनुहोस्

SR Stationary Centre

Chipledunga, Pokhara-4
☎ 28570 Office
23570 Resi

शुभकामना

हाम्रा ग्राहक वर्ग एवं शुभचिन्तकहरुमा विजया दशमी तथा दिपावलीको पावन अवसरम हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं साथै पोखरा चिसा खोला वेद विद्याश्रमको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

लिल इलेक्ट्रोनिक्स परिवार
महेन्द्रपुल, पोखरा
फोन नं. ३०९२०

शुभकामना

पोखरा चिसा खोला वेद विद्याश्रमको उत्तरोत्तर प्रगतिको कामना गर्दै समस्त देशवासीहरुमा २०५६ को विजया दशमी तथा दीपावलीको पावन अवसरमा हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

अध्यक्ष तथा
सराङ्गकोट गा.वि.स
परिवार
सराङ्गकोट कास्की
फोन नं. २९३६४

७. " हिन्दू धर्म संपूर्ण धर्मको मूल जड हो "- शंकराचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेद विद्याश्रमको उत्तरोत्तर प्रगतिको साथै संपूर्ण देशवासीहरुमा शिक्षा प्रतिको चेतना वढदै जाओस् भन्ने कामना सहित २०५६ को विजया दशमी तथा दीपावलीको पावन अवसरमा समस्त अभिभावकज्यूहरु, विद्यार्थी भाइ वहिनीहरु तथा महानुभावहरुमा हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

मदरल्याण्ड इङ्गलिस स्कूल
परिवार
मासवार पोखरा
फोन नं. २१२५६

शुभकामना

पोखरा चिसा खोला वेद विद्याश्रमक उत्तरोत्तर प्रगतिको शुभ कामना व्यक्त गर्दै समस्त ग्राहक वर्गमा २०५६ को विजया दशमी तथा दीपावलीको मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

दीपक खत्री
खत्री हार्डवयेर
जिरो कि. मी वडा नं. ५
पोखरा
फोन नं २७११५

पोखरा चिसा खोला वेद विद्याश्रमले स्मारिका प्रकाशन गर्न लागेकोमा यस्को उत्तरोत्तर प्रगतिको कामना गर्दै हाम्रा समस्त शुभ चिन्तक एवं ग्राहकहरुमा २०५६ को विजया दशमी तथा दीपावलीको हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

भानु इण्टर प्राइजेज
पोखरा
☎ २११८०, २८७३१

वेद विद्याश्रमको उत्तरोत्तर प्रगतिको शुभ कामना व्यक्त गर्दै समस्त ग्राहक वर्गमा २०५६ को विजया दशमी तथा दीपावलीको मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

Badges, Belts, Ties Uniforms, Name Plates, Identity Cards, shoool Flages, shield etc.

प्रो. लक्ष्मण न्यौपाने
गण्डकी ट्रेडिङ्ग सेण्टर
वागवजार, वगर
पोखरा १
फोन नं. २५३७०,२१९०४

८. अध्यात्मक वादले सवैको हित चाहन्छ, भौतिकवादले आफ्नो मात्र,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पोखरा चिसा खोला वेद विद्याश्रमले स्मारिका प्रकाशन गर्न लागेकोमा यसको उत्तरोत्तर प्रगतिको कामनाका साथै २०५६ क **विजया दशमी तथा दीपावलीको** हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

गार्डेन फ्लावर प्लान्ट
नर्सरी
मासवार, पोखरा
☎ २०९१५

वेद विद्याश्रमको उत्तरोत्तर प्रगतिको कामना गर्दै २०५६ को विजया दशमी तथा दीपावलीको हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।
विभिन्न खाले काठहरु साल, सिसौ, सल्ला, आँप तथा काठहरुवाट वनेका सामानहरुको लागि हामीला सम्फनुहोस्

प्रो. कृष्ण प्रसाद कोइराला
मनकामना काष्ठ उद्योग
पुरानो टुँडिखेल पोखरा -१
फोन नं. ०९७७-०६१- २१७७८,३०१६१
E-mail:manakam@natarani,mos.com.np

पोखरा चिसा खोला वे विद्याश्रको उत्तरोत्तर प्रगतिको कामना गर्दै हाम्रा समस्त शुभ चिन्तक एवं ग्रहाकहरुमा २०५६ को **विजया दशमी तथा दीपावलीको** हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

वि. ग्लास एण्ड प्लाइउड
तेर्सापट्टी, पोखरा
फोन नं. २४६६७

शुभकामना

वेद विद्याश्रमको उत्तरोत्तर प्रगतिको शुभ कामना व्यक्त गर्दै समस्त ग्राहक
वर्गमा २०५६ को विजया
दशमी तथा दिपावलीको
मंगलमय कामना
शुभ व्यक्त
गर्दछु ।

के. एस इलेक्ट्रोनिक्स
बुद्धविशाल बजार
महेन्द्रपुल पोखरा
फोन नं २५१०६

Nepal Sanskrit University- Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना

वेद विद्याश्रमको उत्तरोत्तर प्रगतिको शुभ कामना व्यक्त गर्दै समस्त ग्राहक वर्गमा २०५६ को विजया दशमी तथा दीपावलीको मंगलमय शुभ कामना व्यक्त गर्दछु ।

समीक्षा काप्ठ उद्योग
सृजनाचोक
पोखरा -८
फोन नं २५९०४

पोखरा चिसा खोला वेद विद्याश्रमको उत्तरोत्तर प्रगतिक शुभ कामना व्यक्त गर्दै समस्त ग्राहक वर्गमा २०५६ क विजया दशमी तथा दीपावलीको मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

जि. सि. इलेक्ट्रिकल्स
पृथ्वीचोक, पोखरा
फोन नं २०५६५

पोखरा चिसा खोला वेद विद्याश्रमको उत्तरोत्तर प्रगतिको शुभ कामना व्यक्त गर्दै समस्त अभिभावक विद्यार्थीहरुमा २०५६ को विजया दशमी तथा दीपावलीको मंगलमय कामना व्यक्त गर्दछौं ।

प्रिन्सिपल तथा
स्टेपवाई स्टेप वोडिङ्ग
स्कूल, मासवार
पोखरा

वेद विद्याश्रमको उत्तरोत्तर प्रगतिको शुभ कामना व्यक्त गर्दै समस्त ग्राहक वर्गमा २०५६ को विजया दशमी तथा दीपावलीको मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

प्रो.
भिम वहादुर भट्टराई
कमल हार्डवयर स्टोर्स
पार्दि विरौटा -१७
फोन नं. २०५९९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पोखरा चिसा खोला वे विद्याश्रमले अगामी दिनहरुमा अझ प्रभावकारी उत्तरोत्तर प्रगति गरोस् भन्ने कामना व्यक्त गर्दै समस्त ग्राहक वर्गमा २०५६ सालको विजया दशमी तथा दीपावलीक मंगलमय कामना व्यक्त गर्दछु ।

प्रो कृष्ण प्रसाद तभ्न्या
कृष्ण हार्डवयर सेप्टर
पृथ्वी चोक पोखरा
पोखरा
फोनं. २०६७७

पोखरा चिसा खोला वेद विद्याश्रमको उत्तरोत्तर प्रगतिको कामना गर्दै समस्त ग्राहक वर्गमा २०५६ को बडा दशैं तथा दीपावलीको उपलक्ष्यमा हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछु ।

प्रो वसन्त कुमार वाटाजू
पोखरा चूना विक्री केन्द्र
भिमसेन टोल पोखरा
फोन नं. २०६६२, २३९४१

[रङ्ग रोगन तथा सिमेन्टको लागि हामीलाई सम्झनुहोस]

पोखरा चिसा खोला वेद विद्याश्रमको उत्तरोत्तर प्रगतिको साथै २०५६ को विजया दशमी तथा दीपावलीले हाम्रा समस्त ग्राहक वर्गमा मगंलमय शुभ कामना व्यक्त गर्दछु ।

सेवाहरु :

स्तरीय पशु पंक्षीहरुको औषधी , दाना, चल्ला, भ्याक्सीन हरुको सेवा समेत उपलब्ध गराइन्छ ।

प्रो तेज वहादुर भण्डारी
भण्डारी भेटनरी सेण्टर
भीमकाली पाटन बगर १
पोखरा
फोन नं. २२८२१

यसै बर्ष देखि सम्पूर्ण नेपालीहरुमा आत्मियत्व उज गरी आफ्नो देश विकास तिर ध्यान जाने प्रेरणा मिलोस् भन " २०५६ को विजया दशमी तथा दीपावलीको उपलक्ष्यमा हार्दिक मगंलमय शुभकामना व्यक्त गर्दछौं ।

माछापुच्छे विकास संघ
परिवार
भदौरे तामागि -३
कास्की

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समय र स्वादका पारखीहरुका लागि...
RARA INSTANT NOODLES

नौलो स्वाद नौलो अनुभूति...
Aaha SEASONED NOODLES

ए-वनको प्रस्तुति उच्चतम सन्तुष्टि...
A-One INSTANT NOODLES



उत्कृष्ट स्वादको तैयारी चाउचाउ उत्पादक

गण्डकी नूडल्स (प्रा.) लि.

एभरेष्ट नूडल्स (प्रा.) लि.

प्रधान कार्यालय तथा कारखाना

पो.ब.नं. १०३
पोखरा औद्योगिक क्षेत्र, कुँडहर, नेपाल ।
फोन : २०३६५, २५८०५, फ्याक्स : ९७७-६१-२०५९२

शाखा कार्यालय

कुपण्डोल, ललितपुर, पो.व.नं. २८२४
काठमाण्डौ, नेपाल ।
फोन : ५२३३७८, फ्याक्स : ९७७-१-५३५०७९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुनाल अफसेट प्रिन्टर्स

पालिखेचोक, महेन्द्रपुल, पोखरा

फोन : ३१७००, २३९९९, २३५५५, २१९०९ फ्याक्स नं. : ९७७-६१-३१२००

(कलर छपाई, स्क्रिन प्रिन्ट र विभिन्न आकर्षक तथा स्तरीय छपाईको लागि हामीलाई सम्झनुहोस् ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu